# मसीह आफनै वचनमा प्रकट भएका हुन्

## CHRIST REVEALED IN HIS OWN WORD

१. आउनुस हामी आफ्नो शिरहरूलाई निहुरयाउँ। प्रभु येशू, तपाईं जुन यो ठूलो हुलको अगुवा हुनुहुन्छ; प्रभु हामी तपाईंको त्यस प्रेमको लागि, जुन तपाईंले हाम्रो हृदयहरूमा खन्याई दिनु भएको छ, यति धेरै ऋणी छौं, कि हामी त्यसलाई कदापि चुकाउन सक्दैनौं। जब हामी आफ्नो शिरहरूलाई निहुऱ्याउँछौं र तपाईंको उपस्थितिमा उभिन्छौं, तब हामी आफूले आफैलाई सारै नै तुच्छ अनुभव गर्दछौं। हामी तपाईंसँग माग्दछौं कि तपाईं हामीलाई समस्त द्वेषहरू र समस्त पापहरूबाट शुद्ध गर्नुस् हामी तपाईंसँग प्रार्थना गर्दछौं कि तपाईं हाम्रो शरीरलाई सामर्थित गर्नु हुनेछ। जस्तो कि यहाँनिर देखिरहेका छौं। धेरै विरामी र दुःखी छन्। सबै ठाउँबाट रूमाल आइरहेका छन् र फोनमा निवेदन आइरहेका छन्।

२. र, हामी विश्वास गर्दछौं कि हामी यसबेला संसारको इतिहासलाई समापन गरिरहेका छौं, र छिट्टैनै समय अनन्ततामा विलिन हुनेछ र हामी त्यस घडी हेतु तयार हुन चाहन्छौं। र, यसै कारण विहानः हामी यहाँनिर एकत्र भएका छौं- ताकि आफूले आफूलाई त्यस घडीको निम्ति तयार गरौं र मलाई भनिएको छ कि यस विहान यस सन्देशलाई एक छेउबाट अर्को छेउसम्म तथा एउटा प्रान्तबाट अर्को प्रान्तसम्म प्रसारण गर्नको लागि कयौ टेलिफोनहरूलाई लगाइएको छ। जहाँ सुकै पनि हाम्रो स्वरहरू गइरहेको छ; हुन पावस कि त्यो सानो हुल आशिषित हवस। प्रभु, तपाईं ती विरामीहरूलाई निको पार्नुस जो उनीहरू मध्यमा छन्। र, प्रार्थना गर्दछु कि तपाईं उनीहरूको प्राणलाई सबै खरावीहरूबाट शुद्ध गर्नु हुनेछ। र हामी जो यस विहान; यहाँ यस आराधनालयमा छौं, हाम्रो सहायता गर्नुस् ताकि हामी पनि यस महान सुअवसरको आनन्द लिनसकौं।

३. र, हामी तपाईंसँग माग्दछौं कि तपाईं आज हामीसँग आफ्नो लिखित वचनद्वारा कुराकानी गर्नुस्; र जस्तो कि यस बेला हामी समस्त राष्ट्रबाट यहाँ एकत्र भएका छौं; हुन पावस कि तपाईं हामीमाथि ती कुराहरूलाई प्रकट गर्नुस् जसको हामीलाई आवश्यकता छ। हामी मान्दछौं कि हामी साना मानिस हौ, तर हाम्रो स्थान छुटकरा पाएका मानिसहरूमा छ किन कि हामीले येशू मसीहमाथि विश्वास गरिसकेका छौं।

४. प्रभु हामीलाई यी चिजहरू प्रदान गर्नुस्, र जब हामी सभालाई समाप्त गर्दछौं र हामी यस प्रान्तलाई छिचोलेर (पार गरेर) आफ्नो आफ्नो भिन्दाभिन्दै घरहरूमा जान्छौं, तब हुन पावस कि हामी उनीहरूकै जस्तै भन्न पाउँ जसरी इम्माउसबाट आएका ती मानिसहरूले भनेका थिए- "जब ऊ बाटोमा हामीसँग कुरा गर्दथियो भने के हाम्रो मनमा उत्तेजना उत्पन्न भयो ?"

५. अब, पिता मलाई थाहा छ कि म जे जति पनि भन्ने छु, त्यो निश्चय नै अपर्याप्त हुनेछ। यस टेलिफोन व्यवस्थाद्वारा जुन यो सन्देश देशभरीमा फैलिएका असल (भला) मसिहहरू भएको ठाउँमा (सँग) पुगिरहेको छ- अपर्याप्त हुनेछ। म जेसुकै (जेजति) भनुला त्योकेही हुने छैन- त्यसले कुनै भलाई गर्न सक्ने छैन किन कि हामी सबै समान श्रेणी (तह) मा छौं, हामी मानिस हौं,

परन्तु पवित्र आत्मा नै कुरा गरून; हुन पावस कि उनले नै वचनलाई आफ्नो हातमा लिएर स्वयमलाई प्रकट गरून। हामी, यसबेला येशू मसीहको नाममा उनको प्रतीक्षा गरिरहेका छौं। आमीन (तपाईं बस्न सक्नुहुन्छ।)

६. मलाई आफूमाथि नै आश्चर्य भइरहेको छ; यदि मेरी पत्नी यस सन्देशलाई सुनिरहेकी छन् भने उनलाई म देखि आश्चर्य भइरहेको होला। मैले उनलाई भनेको थिएँ- कि मैले विचार गरिन् कि जब म फर्किएर आउनेछु तब मेरो कुनै सभा हुनेछ। र मैले आफ्नो लुगा पनि ल्याएको छुइन। र मैले आफ्नी पुत्र-बधु (बुहारी)सँग भनेको थिएँ- उसले मेरो कोटमा इस्त्री लगाएकी थिइन् र मैले भनेको थिएँ- "म मञ्चको पछाडि उभिएको छु ............. उनीहरूलाई थाहा छैन कि पतलून एक किसिमको हुन्छ, र कोट अर्को किसिमको हुन्छ।" र अतः जुन एक जोडी लुगाहरू मैले घरमा लगाएको थिएँ ...... परन्तु, महिलाले मेरो कमेजमा स्त्री गरेकी थिइ र सबथोक गरेकी थिइ, अतः त्यसैले चिन्ताको कुनै कुरो छैन। सबैथोक उत्तम छ।

७. अब यहाँ हामीसँग एउटा निवेदन छः त्यहानिर एउटा सारै प्यारो भाइ छ ....... र म सोच्दछु कि ऊ प्रेसकोटमा छ। म विश्वास गर्दछु कि ऊ यस संचार व्यवस्थासँग प्रेसकोट, ऐरीजोनासँग जोडिएको छ। मैले बुझेको छु कि, बहिनी मसियर पिता, भाइ जुनियर जैकसन पनि रेडियो प्रसारण यो टेलिफोन प्रसारणद्वारा कार्ल बिले या न्यू एलवनीमा यसलाई सुनिरहेका थिए अकस्मात हृदय घबडाएको छ बेहोसी भएको थियो र उनलाई अस्पताल लैजानु परेको थियो र, म सम्झन्छु कि, भाइ जुनियर जैकसन पनि रेडियो प्रसारण या टेलिफोन प्रसारण पद्धतिद्वारा कार्लविले या न्यू एलबनीमा यसलाई सुनिरहेका छन्, र उनका बाबु कलेजोको कैन्सरको गम्भीर अपरेसनको निम्ति अस्पतालमा छन्। अतः हामी

उनलाई निश्चित नै आफ्नो प्रार्थनाहरूमा स्मरण गर्न चाहान्छौं। र, अब यहाँनिर अरू पनि छन्; तर हामी सारै धेरै समय लिन पनि चाहदैनौं। परमेश्वर ती सबैको विषयमा थाहा पाउनु हुन्छ, अत: आउनुस अब हामी उनको लागि प्रार्थना गरौं।

८. प्यारा प्रभु जस्तो कि त्यो प्यारो भाइ, बुजुर्ग, भाइ कोगिन्स- झूर्रीदार हात भएको व्यक्ति, यस क्षेत्रको अनुभवि योद्धा- यो विहान कहिनिर चिकित्सालयमा सुतिरहेर हृदयघातबाट पीडित भइरहेको छ, प्रभु त्यस विचरो बुजुर्ग हृदयले अनेक कठिनाइहरूको सामना गरेको छ- प्रभु, म प्रार्थना गर्दछु कि तपाई भाइ कोनिन्सलाई सहायता गर्नुस्। ऊ हामी सबै जस्तो जीवनसँग प्रेम गर्दछ र ऊ बाँच्न चाहान्छ। प्रभु परमेश्वर, यो प्रदान गर्नु हुनेछ। हामी सारा देशभरी येशू मसिहको नाममा उसको लागि प्रार्थना गर्दछौ कि तपाईं उसलाई निको पार्नु हुनेछ यसलाई बाहिर निकालेर ल्याउनु हुनेछ। हामी विश्वास गर्दछौं कि तपाईं यसै नै गर्नु हुनेछ, र ऊ सभामा आउने छ।

९. हामी भाइ जैकसनको अनमोल पिताको लागि प्रार्थना गर्दछौं जो यसबेला त्यहाँनिर मृत्युको नजीक रहीरहेका छन्। उनले जुनियर जैक्सन जस्तो भलो केटालाई जगत्मा ल्याएका छन् र म प्रार्थना गर्दछु, कि प्यारा प्रभु तपाईंले उसलाई निको पार्नु हुनेछ। म जान्दछु कि- यो असम्भव प्रतित हुन्छ। औषधि ज्ञाता चिकित्सक उनीहरू जान्दैनन् कि यस्तो प्रकारको विरामीमा के गर्नुछ ....... परन्तु हामी भाइ हाललाई पनि स्मरण गर्दछौं; जब यहाँ (लुसवीलेमा) सबै भन्दा राम्रो (जान्ने) चिकित्सकले भनी दिएको थियो- "जीवित रहनको लागि योसँग मात्र केही घण्टा बाँकी छ।" र उसको कलेजोमा क्यान्सर थियो, परन्तु, आज ऊ तपाईंको अनुग्रहको कारण नै जीवित छ, (यो घटना घटेकै पच्चिस वर्ष भइसकेको छ) त्यसैले, प्रभु म प्रार्थना गर्दछु कि आज तपाईं भाइ जुनियर जैक्सनको पितालाई निको पार्नुस्। तपाईंको अनुग्रह करूणा उसको साथ रहोस्।

१०. र, रूमालहरू र लुगाहरू र वस्तुहरूको यो ठूलो पोको जुन यहाँनिर निवेदनको रूपमा राखिएको छ: पिता तपाईं उनीहरू सबैलाई चिन्नुहुन्छ। म प्रार्थना गर्छु कि तपाईं उनीहरू सबैलाई चिन्नुहुन्छ। म प्रर्थाना गर्छु कि तपाईं उनीहरू सबैलाई चगाई प्रदान गर्नुस्। हामी यसलाई (येशू मसिहको नाममा माग्दछौं। आमीन !)

११. मैले सोचेको थिइन् कि अब यो विहानको सुरूआत गर्नको लागि म त्यही पहिले वाला ठाउँमा आउनेछु जहाँ म गत आइतबार थिएँ र त्यसपछि जब हामीले यसको पुन: उद्घोषण गर्‍यौं, तब म यहाँ आएँ। भाइ नेविल चाहन्थे कि म बोलुँ र त्यसपछि मैले यसलाई आज नै उद्घोषित गरें, र यसको विषयमा देशभरीमा चारैतिरका मान्छेहरूलाई सूचित गराइएको छैन। र अब मसँग यो टेलिफोन व्यवस्था छ जुन धेरै नै उत्तम छ।

मानिस आफ्नो घरहरूमा बस्न सक्छन् अथवा आफ्नो ठाउँमा, आफ्ना मण्डलीहरू आदिमा एकत्र हुनसक्छन् र सभालाई सुन्न सक्छन्। म यसको प्रसँशा गर्छु।

१२. अब: म यहाँनिर ती अनेकौं निवेदनहरूलाई राखिएको देखिरहेको छु, जुन यो गत सप्ताहा त्यस संदेशमा आएका छन् जुन सन्देश मैले गत आइतबार भनेको थिएँ .......... म यकिन गर्छु कि यो समय मैले बिर्सिएको छु कि मैले त्यसलाई के शीर्षक दिएको थिएँ। तर मैले तपाईंको ऋणहरूको भुक्तान गर्ने विषयमा केही भनेको थिएँ। र तपाईंलाई थाहा छ, कि यसबाट कुनै मतलब हुँदैन कि तपाईं के भन्नुहुन्छ; यसलाई त अनेकौं द्वारा गलत नै मानिने गरिन्छ, यो यस कारण होइन- कि उनीहरू यसलाई गलत मान्न चाहँदैनन्, तर तपाईं नै यसलाई गलत मानिरहनु भएको छ। अब कोही भन्छन्- "के हामीले कार किन्नुपर्छ ? अथवा मलाई के ........." अब, यो त्यो होइन जसको विषयमा येशूले भन्नुभएको थियो अथवा पवित्र शास्त्र यसको विषयमा भन्दछ- "कुनै व्यक्तिसँग केही उद्यारो नलिनु" जुन ऋणलाई तपाईं तिर्न सक्नु हुन्छ तिरी दिनुस्। यसको अर्थ यो होइन ........... कि कुनै पनि व्यक्तिको हामी कुनै प्रकारको हकदार नहऔं। यसको अर्थ यो होइन ......... हामीले आफ्नो भाडाको भुक्तान गर्नुपर्दछ, हामीले आफ्नो टेलिफोनको विल तिर्नु पर्दछ, र धेरै कुरा दिनुपर्छ। हामी ती वस्तुहरूलाई उधारो लिन्छौ र त्यसलाई भुक्तान गर्छौ। तर त्यो पुरानो लामो ऋणलाई जुन तपाईं तिर्न सक्नुहुन्छ, तिरी दिनुस्। बुझ्नु भयो ? तपाईं कुनै पनि चिजलाई आफूमाथि यस प्रकारको बोझ लिएर नजानुस्।

१३. मलाई त्यो समय स्मरण छ जब म केटाकेटी थिएँ त्यसबेला म एकपटक विरामी भएको थिएँ। जब म तलबाट बाहिर आएँ तब मलाई लगभग २ हजार डलरको ऋण थियो। र, यहाँ श्रीमान्, स्वानीनगरको दवाई पसल थियो- मैले उनीसँग औषधिहरूको विलमा लगभग तिन या चार सय डलर जति ऋण लिएको थिएँ। ऊ मलाई चिन्दासम्म पनि चिन्दैन थिए, र ऊ जस्तो भएपनि मलाई औषधी पठाइरहेको थियो। उसले औषधी पठाउनको लागि कहिले नाईं भनेन् र मैले भने......... मलाई एकीन छ कि ऊ थिएन, ऊ श्रीमान मेसन, कोर्ट एवन्यू र स्प्रिंगको थियो। र मैले भनेको थिएँ- "म तपाईंको ऋणी छु । र, म अहिले पनि निक्कै दुर्वल छु, तर म काममा जाने प्रयास गर्दैछु। अब, यदि मैले तपाईंको ऋण चुकाउन सक्तिन ......." म भर्खर-भर्खर मसिही बनेको छु। मैले भनेको थिए- "श्रीमान मेसन, पहिलो कुरा त यो हो कि, परमेश्वरको प्रति मेरो यो कर्तव्य हो कि म आफ्नो शरीरको दशौं अंश दिउँ। सर्वप्रथम म परमेश्वरलाई आफ्नो दश अंश दिन चाहान्छु।" र मैले भने, "यसपछि मेरो दोस्रो कर्तव्य यो हो कि म आफ्नो ऋणहरूको भुक्तान गरूँ।" र मैले भने- "मेरो वुवा विरामी हुनुहुन्छ र उसको र मेरो ........ परिवारमा

दश वच्चाहरू छन् । म ......... यदि म प्रत्येक पगार दिवसका ......... त्यो बिलमा पच्चिस सेट भन्दा धेरै दिन सक्तिन ....... यदि म तपाईंलाई पच्चिस सैंट पनि दिन सक्तिन, त म तपाईं कहाँ आउनेछु र तपाईंलाई यसको विषयमा भन्ने छु । म तपाईंलाई भन्ने छु- "म यस पटक यो भन्न सक्तिन" अब परमेश्वरको सहायताबाट मैले एक-एक पैसा चुकाइदिइसकें । देख्यौं ? तर यो हो त्यो जुन मेरो तात्पर्य हो । बुझ्यौं ?

१४. केही भन्छु ............ ओहो, यस गिरजाको कुनै मसिह एकपटक बाहिर गएको थियो, र, उसले आफ्नो कारमा केही काम गराएको थियो, र एउटा मानिस ऊ भएको ठाउँमा आयो ...... त्यस मानिसले उससँग भन्यो- "म तलाई पैसा दि दिउँला । शनिवार तलब पाउँछु ।" या उसको केही यस्तै नै या शुरू केही भनेको थियो र उसले त्यसलाई कहिले पनि पैसा दिएन र एकपछि एक बित्दै गयो तर उसले त्यसलाई कहिले पनि भुक्तान गरेन, र न उसको त्यसलाई एक शब्द नै भन्यो । र त्यो मानिस जसले उसको उधारो लिएको थियो मसँग आयो, र उसले भन्यो ...... देख्यौ, यो कुरा कलिसियाको विरूद्ध हो । यो मसिहको छविको विरूद्ध छ । यदि तपाईं उसको ऋण चुकाउन सक्नुहुन्न भने जानुस् उसलाई भन्नुस्, "मैले तिम्रो ऋण लिएको छु, र म तिमीलाई त्यो तिर्न गइरहेको छु । म एउटा मसिह हुँ; तर म तपाईको ऋण ठीक अहिले चुकाउन (तिर्न) सक्तिन, मसँग छ ..... मैले तिम्रो उधारो लिएको छु ।" र तपाईं सम्झनुस् कि यो परमेश्वरको पुस्तकमा पनि छ- तपाईंलाई थाहा छ कि जुन तपाईं भन्नु हुनछ त्यो परमेश्वरको पुस्तकमा पनि छ । यसैले ........ म आफ्नो लागि र हामी सबैको लागि जो यहाँ एकत्र भएका छौं, यो प्रयत्न गरिरहेका छौं, कि हामी तयार रहौं, किन कि हामीलाई थाहा छ कि हामी कुनै घटनाको सारै नजिक पुगिरहेका छौ- जुन घट्ने वाला छ । त्यसैकारण हामी तयार रहन चाहान्छौ । अब जब कि प्रभुको आउने बेला अत्याधिक नजदिक छ, हामी त्यस महान घडीको निम्ति तयार रहन चाहान्छौं ।

१५. अब, हामी तयार हुन चाहान्छौं, र अब म त्यो सानो विषयमा (छोटो) बोल्ने छु जसलाई मैले परमेश्वरको सहायताबाट आज विहानको लागि छानेको छु । र हामी यसलाई जति संक्षेपमा बोल्न सक्छौं, बोल्ने छौं किनकि मानिस यसलाई टेलिफोन मार्फत् सुनिरहेका छन् । म आशा गर्दछु कि यस प्रान्तको बाहिर तपाईंहरू सबै कहाँ यस्तै नै रमाईलो विहान छ जस्तो यहाँ इण्डियानामा छ । जहिले देखि यहाँ वर्षा भएको छ, यहाँ मनोरम, चिसो, रमाइलो मौसम छ, र यो सारै नै राम्रो छ ।

१६. अब, म हिब्रुहरूको पुस्तकको पहिलो अध्ययन भित्रबाट, र सन्त यूहन्नाको पुस्तकको पहिलो अध्ययन भित्रबाट पढ्न चाहान्छु । आफ्नो विषय हेतु म हिब्रु १:१-३ र सन्त यूहन्ना १:१ पढ्न चाहान्छु । यो विहान

मेरो विषय वचनहरूको लेखहरूमा अध्ययन गर्नु हो । आउनुस् अब हामी हिब्रु १:१ पढौं ।

पूर्व युगमा परमेश्वरले बाबु-बाजेबाट अलि अलि गरेर र किसिम-किसिमले भविष्यवक्ताहरूद्वारा कुरा गरेर यी दिनहरूको अन्तमा हामीसँग पुत्रकोद्वारा कुराहरू गरे, जसलाई उसले सारा वस्तुहरूको वारिस ठहरायो र उसैको द्वारा उसैले सृष्टि रचेको छ ।

त्यो उसको महिमाको प्रकाश र उसको तत्वको छाप हो र सबै वस्तुहरूलाई आफ्नो सामर्थको वचनबाट संभालेको छ: ऊ पापहरूलाई धोएर माथिल्लो स्थानहरूमा महामहिमको दाहिने गएर वस्यो ।

ओहो के हो, शानदार अध्ययन हो । अब यूहान्न १:१

सुरूमा वचन थियो, र वचन परमेश्वरसँग थियो, र वचन परमेश्वर थियो ।

१७. र, अब यो विहान, मेरो विषय हो: मसिह आफ्नै वचनमा प्रकट भएको छन् । अब, त्यो जसबाट म यस निष्कर्षमा पुगें, कि म यससँग भनु, यो थियो...... किन कि त्यो जान्दा-जान्दै पनि हामी जे भन्दछौं, हामीले उसलाई यतिकै नै भनिदिनु हुँदैन, किन कि हामी यहाँनिर केही उटपट्याङ किसिमका कुराहरू गर्नको लागि एकत्र हुँदैनौं । परन्तु जो हामी बोल्दछौं त्यो यस्तो हुनुपर्छ कि त्यसले मानिसहरूलाई स्थीर हुनमा सहयोग गरोस्, किन कि हामी सारै नै डरलाग्दो, विश्वासघाती हुँदै गइरहेका छौं हामी पहिलेदेखि नै त्यसैबाट गइरहेका छौं । र मेरोअड्कल छ तपाईंसँग पनि केही त्यस्तै छ जो मसँग छ र यो धेरै जस्तोयस्तो प्रति हुन्छ जस्तो कि यो सारै नै डरलाग्दो छ ।

१८. केही समय पहिले म कोठामा एउटा युवा सेवक तथा उसकी पत्नीसँग कुरा गरिरहेको थिएँ । र उनीहरू दुवै शेष जगत्को भाँती अधिर वा हैरान थिए-जसरी संसारमा शेष मानव जाति अधिर तथा हैरान छन् । मैले भनेको थिएँ, "स्मरण रहोस् शैतान तपाईं भएको ठाउँ (तपाईसँग) परेसानी (झन्झट) लिएर आइरहेको छ ।" म यसको प्रवाह गर्दिन कि तपाईको हुनुहुन्छ, ........ शैतानले यो अधिकार पाएको छ कि उसले तपाईंलाई दु:ख देओस् । तर तपाईंमाथि उसले प्रहार गरेको छ कि तपाईं अन्धो भइजानुस या तपाईं जोड्नीको दुखाई लिएर कुर्सीमा बसिरहनुस या तपाईं दिक्दार हुनस् ? देख्नुभयो ? ऊ तपाईं माथि जहाँसुकै पनि प्रहार गर्न सक्छ । उसँग यसको पूरा अधिकार छ । अब तपाईंको लागि एउटा ठाउँ छ जहाँ तपाईं आफूलाई हर समय आडमा (सुरक्षित) राख्नु छ ।

१९. र, यस व्याकूलताको बेलालाई हेर्नको लागि जबसम्म कि हामी बसिरहेका छौं ......: र म सोच्दछु कि गत हप्ताको टेप तपाईंमाथि महान रहस्यमय कुराहरूलाई प्रकट गर्ने छन् । जब हामीलाई प्राप्त ठाउँ

मिल्नेछ तब हामी यी दिनहरूमा कुनै एक दिन ती अन्तिम विपत्तिहरूलाई यस पृथ्वीमा खन्याइने कुरालाई खोल्ने छौं नकि सात विपत्तिहरूको कचौराहरूलाई घोप्ट्याउने कुराको, र सात गर्जनहरूको खुलासा (सार्वजनिक) गर्ने छौ ....... र ती भयंकर दृश्यहरूलाई खुलासा गर्ने छौ जुन यो पृथ्वीमा आउनेवाला छन् .............

२०. यसबेला मानिस- सारा संसार व्यग्रताको यस्तो स्थितिमा छ कि ....... तपाईं गत महिनाको Reader's digest लाई पढ्नुस् तपाईं त्यसमा एउटा विषयमाथि ध्यान दिनुस्- यो विली ग्राह्ममाथि छ जो कि एउटा प्रचारक हो ऊ यति धेरै थाकिसकेको थियो कि आफ्नो सभाहरूलाई पनि भेट्न सकेको थिएन र ऊ आफ्नो शारीरिक जाँच गर्नको लागि मायो क्लिनिक गएको थियो। र त्यहाँ पाइयो कि उसलाई कुनै विमारी थिएन केवल यो कि उसले धेरै काम गरेको छ। र उनीहरूको उसलाई दौडमा शरीरिक व्यायाममा लगाई दिएका थिए। उप्रति दिन एक माइल दौडन्छ। र जसमा भनियो कि विज्ञानले आज यो सावित गरिदिएको छ कि आज युवा बालक, यी साना-साना केटाकेटीहरू, आफ्नै आधा उमेरलाई विष वर्षकै उमेरमा नै पाइसकेका हुन्छन्। अनेकौ पटक धेरैजसो केटीहरूको ऋतुस्राव उनीहरूको पच्चिस वर्षको उमेरमै बन्द हुन्छ।

मलाई थाहा छैन कि तपाईं यो थाहा पाउनु हुन्छ या हुन्न, तर केही राती पहिले यहाँ पवित्र आत्माले कुराहरू गरिरहेको थियो, तब यहाँ एउटी सानी केटी बसिरहेकी थिइ, जब त्यस केटीलाई बोलाइयो त एकदमै यही गडबडी त्यस केटीमा थियो। मैले ऊ तिर दोस्रो पटक हेरें, मैले उसलाई फेरि पनि हेरें, र मैले देखिसकेको थिए कि उसँग के गडबडी छ। मैले सोचेको थिएँ- "त्यो केटी विस तेइस या केहीयस्तै उमेरकी थिइ। देख्यौं ?

२१. मेरी आमा र तपाईंकी आमा त्यस अवस्थालाई लगभग पैतालिस देखि पचास वर्षको उमेरमा पाउँदा थिए। (त्यस्तो हुन्थ्यो) मेरी पत्नीले यस अवस्थालाई पैतिस वर्षको उमेरमा प्राप्त गरेकी थिई। तर यो झरेर विस वर्षमा आएको छ। सारा मानव जाति विकृति भैसकेको छ। ठीक छ, यदि सडेगलेको खाना खानाले तनावहरूबाट जस्ले हाम्रो शरीरहरूलाई विषाक्त गरी दिएको छ- यदि यसले हाम्रो शरीरको भौतिक तत्वहरूलाई नास गरिदिएको छ भने के यसले हाम्रो दिमागी कोशिकाहरू विकृत नभएका होलान ? तब हामी स्त्रीहरूलाई नग्न हालतमा सडकहरूमा देख्न सक्छौं। हामी देख्न सक्दछौ कि उनीहरू कस्तो प्रकारले उनीहरू सडकहरूमा एक सय विष मिल प्रति घण्टाको रफ्तारले दौडन्छन् र अन्य सबै थोक गर्दछन्। अब यस्तो स्थिति आइसकेको छ, जहाँ सम्पूर्ण देश, न केवल यो देश, बरू सम्पूर्ण विश्व वरन सबै ठाउँ वुद्धि भ्रष्ट भएको छ।

२२. र तब जब हामी तिनलाई उघार्ने छौं- यदि परमेश्वरको इच्छा भयो भने जब हामी ती सात विपत्तिहरूको कचौराहरूलाई खुलासा गर्नेछौं त्यसपछि हामी ती गुप्त कुराहरूलाई देखाउने छौं ....... केही छिनपछि मानिस यति धेरै हैरान हुने छन कि उनीहरू कल्पना गर्न थाल्ने छन् कि उनीहरू पहाडको आकारको कमिलाहरू देखिरहेका छन्। यस पृथ्वीमा यस्ता कमिलाहरू आउने छन् जसमा कपाल आइमाइहरूको जस्तो लामा हुने छन् र दाँत सिंहको जस्तो र उनीहरूको पुच्छरमा विच्छिको जस्तो डङ्क हुनेछ, उनीहरू यस पृथ्वीमा मानिसहरूलाई दुःख दिनको लागि आउने छन्। तर त्यतिबेला केही गर्नको लागि सारै (धेरै) ढिलो भैसक्नेछ। तपाईं ठीक अहिले सुधिनुस्। बुझ्नु भयो ? दुःख दिइनु (सताइनु) .........

२३. र गत आइतबार जब हामी ती चक्रहरूलाई हेरिरहेका थियौं तब हामीले देखेका थियौं कि कसरी पाँच संवेदनहरूमा चेतनाहरू बाहिरी भागमा हुन्छ ....... यी शरीरको लागि पाँच चेतनावाला ढोका हुन। केवल एउटै तरिका या बाटो छ जसको बाटो छ जसकोद्वारा तपाईं शरीरसँग सम्पर्क बनाउनु हुनछ जस्तो कि यी पाँच चेतनाहरूद्वारा छ, दृष्टि स्वाद, स्पर्श र श्रावण, यसको अतिरिक्त शरीरसँग सम्पर्क गर्नको लागि अरू कुनै तरिका नै छैन।

२४. परन्तु मानिस भित्र जुन एउटा मनुष्य हुन्छ त्यो आत्मा कहलाउँछ (भनिन्छ)। र, उसको पनि पाँच चेतनाहरू छन्, सोच-विचार, र प्रेम र विवेक, र इत्यादि। ठीक छ।

२५. अब तपाईं शरीरले सोच्न सक्नुहुन्न, तपाईं आफ्नो मस्तिष्कले सोच्नु हुन्छ। यही निर आएर धेरैजसो मसिही अडिन्छन्। उनीहरू खेतमा रहेका दानाको जस्तै हुन्छन्- उनीहरू खेतमा उभिएका बुझाहरू जस्तो हुन्छन् जुन ठीक त्यही पवित्र आत्मासँग अभिषिक्त हुन्छ। परन्तु यसको भित्र एउटा अर्को भाग हुन्छ जुन कि तेस्रो भाग हो- जो कि जीव या प्राण हो, र यो परमेश्वरद्वारा पहिलेदेखि नै चुनिएको हुनछ। यही त्यो स्थान हो जहाँ साच्चो वा विशुद्ध वीजांकुर ररिरहेको हुन्छ।

२६. अब स्मरण रहोस् यदि म एउटा विच्छुविज लिएर त्यसलाई बीचबाट काटेर उसको माँझमा एउटा गहुँको दानो राखेर थिचि दिउ भने त्यस विच्छु विजबाट गहुको दाना नै बाहिर निस्किएर आउने छ। यसबाट कुनै मतलब छैन कि बाहिर के छ, के हो।

२७. आज मानिस पवित्र आत्माको प्रमाण र आदि आदिको सम्बन्धमा अत्याधिक असामन्जस्यमा छन्। शैतान कुनै पनि प्रकारको वरदानलाई जुन परमेश्वरको तर्फबाट हुन्छन् नक्कल गर्न सक्दछ, तर त्यो वचनलाई शब्दद्वारा ल्याउन सक्दैन। अदनको वगैंचामा ऊ त्यहींनिर असफल भएको थियो, यही निर ऊ सर्वदा असफल हुन्छ। यही निर ती .........

जुन टेप अभिषितको माथि, झुठा अभिषितको माथि छ। उनीहरू पनि आत्माबाट अभिषित हुन सक्दछन् र पराय बोलीमा बोल्न सक्दछन्। चिच्याउन सक्दछन्, सुसमाचारलाई प्रचार गर्न सक्दछन्, तर यसको अलावा उनीहरू अहिले पनि शैतान हुन। परन्तु यो प्रमाणित एकदमै भित्र हुन्छ। अब याद गर्नुस् येशूले भन्नुभएको थियो- "जतिलाई पिताले मलाई दिएका छन्, तिनीहरू म भए ठाउँमा आउनेछन्। कोहीपनि म भए ठाउँ आउन सक्दैन, जबसम्म पिताले नै उसलाई तानेर ल्याउनु हुने छैन।"

अब तपाईंलाई देखाउनको लागि हामी एउटा पाठ लिन्छौं- यदि म शरीरिक तौरमा कुरा गरूँ भने तपाईं केही पछाडि आफ्नो पूर्वजहरूको मित्र हुनुहुन्थ्यो। त्यसैले तपाईं आज भौतिक रूपमा हुनुहुन्छ। कहिले काहिँ परिवारमा कुनै बच्चो रातो टाउकोको जन्मन्छ। यसले पितालाई विस्मित गरिदिन्छ, किन कि उसलाई थाहा छ कि उसको बच्चाको आमाका मानिसहरूमा कोही पनि रातो टाउँको भएका छैनन्। परन्तु यदि तपाईं फर्किएर कयौं पिँढी पछाडी जानु भयो भने भेट्टाउनु हुनेछ कि कोहिन कोही राटो टाउकोको थियो। त्यो वीज त दर सन्तान हुँदै आएरहेको थियो, र तपाईं कुनै व्यक्तिलाई उसको पूर्वजहरूको विषयमा अध्याय गरेर थाहा पाउन सक्नु हुन्छ। जस्तो कि हिब्रुको सातवाँ अध्ययनमा भनिएको छ कि मलिकिसिदक ........ जब अब्रहीम राजाहरूलाई परास्त गरेर फर्कदै थियो त उसले मलिकिसिदकलाई दश अंस दिएको थियो। र लेवी जुन दश अंस ग्रहन गर्दछ, उसले दश अंश दिएको थियो, किन कि ऊ मलिकिसिदकको मित्र थियो नकि ऊ त्यसबेला अब्राहिमको मित्र थियो। जब इब्राहिमले मलिकिसिदक सँग भेट गरेको थियो।

२८. अब यो कुरो पनि एकदमै ठीक यस्तै प्रकार छ। यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ, र यदि म परमेश्वरको पुत्र हुँ या तपाईं परमेश्वरको पुत्री हुनुहुन्छ भने हामी सुरूमा परमेश्वरमा थियौं। र जब येशू वचनको परिपूर्णता वन्नु भयो, तब (त्यसबेला) हामी त्यसमा अंकुरको रूपमा थियौं। जब उनी क्रुसमा मारिनु भयो तब हामी पनि जुन उनको शरीरमा थियौं र क्रुसमै मरेका थियौं। जब उनी मुर्दाबाट बाँचेर उठे भने हामी पनि उनीसँगै बाँचेर उठेका थियौं र अब, जहिलेदेखि हामीले उनलाई चिनेका छौं, हामी सबै मिलेर मसित येशूसँगै स्वर्गीय स्थानहरूमा बसेका छौं। देख्यौं ? किन कि उनी ...... यदि हामी परमेश्वरका छोरा छोरी हौ, भने हामी परमेश्वका सन्तान हौ त हामी परेमश्वरका फल हौं। त्यसैले हामीमा अनन्त जीवन छ। र केवल परमेश्वर नै हुनुहुन्छ जोसँग अनन्त जीवन छ। हामी उनमा सुरूदेखि नै थियौं। र जब येशू सम्पूर्ण जीवन बन्नु भयो, भने तब हामी उनीको भाग थियौं। आमिन ! देख्यौं, तपाईं यहाँनिर हुनुहुन्छ। जब उनी उहाँ

छन् भने शैतान, न शक्तिहरू न कुनै अरू चीजहरूले उसलाई कहिले पनि हल्लाउन सक्दैन। उनी हाम्रो प्राणको लंगर हुन्।

२९. तपाईं यहाँ बाहिर आत्मामा अभिषिक्त हुन सक्नु हुन्छ, र तपाईं अभिलाषा गर्नु हुन्छ भने अन्य सबै यी कामहरूलाई गर्नुहुन्छ, परन्तु जब यो वचनको त्यस सवोच्च आसनमाथि आउँछ भने तपाईं त्यहाँबाट कदापि विचलित हुनुहुन्न। यो जति दृढतापूर्वक र सत्यताले वचनलाई थामी रहनु सक्छ, थामी रहन्छ। यसको बाहिर यदि तपाईंको अभिषेक हुन्छ भने तपाईं के गर्नुहुन्छ, त्यो सबै अर्थहीन हो, तपाईं अहिले पनि वर्वाद हुनुहुन्छ।

३०. यो लाओडेसिया कलीसिया समय (काल) नागा, अन्धा र कंगाल हुन र यो जान्दैन पनि। देख्यौं, यसलाई अभिषिक्त हुनुपर्छ, यसले त विशुद्ध आत्माबाट अभिषिक्त हुनुपर्दछ। हेर्नुस् त्यो अँकुर वचन हो। बुझ्नुभयो ? र कसरी म यस कुराको प्रवाह गर्दछु कि तपाईं कति प्रचार गर्नुहुन्छ; तपाईं यसलाई कति राम्रो गर्नुहुन्छ र तपाईं कति प्रेम गर्नुहुन्छ ......... यो त आत्माको प्रवेशद्वार मध्य एउटा हो। तपाईं आफ्नो शरीरसँग प्रेम गर्नुहुन्न; तपाईं आफ्नो आत्मसँग प्रेम गर्नुहुन्छ। यो प्रवेशद्वार मध्ये एउटा हो। र, तपाईं प्रेम गर्न सक्नु हुन्छ र तपाईं परमेश्वरसँग पनि प्रेम गर्न सक्नु हुन्छ, र अहिले पनि तपाईं ठीक हुनुहुन्न। वचनले नै यसको निर्णय गर्दछ। येशूले यसो नै भन्नुभएको थियो। उनले भनेका थिए कि त्यसदिन धेरै त्यसरी नै हुन आउने छ।

आदि (सुरू) मा वचन थियो, र वचन परमेश्वरको साथमा थियो, र वचन परमेश्वर थियो र वचन देहधारी भयो र उसले हाम्रा माझमा डेरा गर्‍यो........

३१. ध्यान दिनुस्; म पवित्रशास्त्रको विषयमा यी बोल्न गइरहेको छु। मसिह आफ्नै वचनबाट पकट भएका हुन्। ैले यसको निष्कर्ष निकालेको थिए त्यो मेरो कोठो थियो कुनै प्यारो व्यक्ति (हुन सक्दछ ऊ यस विहान यहाँनिर बसेको होस्) ........ मैले एउटा तस्वीर भेट्टाएको थिएँ जुन मेरो अध्ययन कक्षमा टागिएको छ, यो तस्वीर हाफमैनवाला येशूको तस्वीर हो जुन पहाडमा येशूको उपदेशकोलेखमा बनेको छ। जब तपाईं त्यस ठाउँमा आउनु हुन्छ जुन ठाउँमा कपाल हुन्छन् भने त्यहाँनिर उसले धेरै जोड दिएको छ। शब्दलाई यसप्रकारले सुव्यवस्थित गरेका छन् कि पहाडमा उपदेशका लेखमा येशू देखिइन्छन्। तपाईंहरूमध्ये जो सुकै थियो (होस) जसले मलाई यो तस्वीर दिएको छ। उसको लागि तपाईंलाई धन्यवाद दिन्छु। कुनै अर्को व्यक्तिले एउटा तस्वीर ल्याएको थियो, र उसले त्यसलाई मेरो अध्ययन कक्षमा राखी दिएको थियो, त्यस तस्वीरमा एलियाह अग्निकोरथमा माथि गइरहेको छ। म यी वस्तुहरूको लागि तपाईंको सरहना गर्दछु। अनेकौं पटक धेरै विशाल

भिड हुन्छ; र मलाई कुरा गर्ने र यी कुराहरूलाई बताउने (भन्न) पनि अवसरमिल्दैन, तर म भाइहरू र बहिनीहरू देख्दछु। मलाई यो थाहा छ। परमेश्वर जो जान्नु हुनछ। (परमेश्वर जान्दछन्।

३२. अब म यस विषयमाथि, 'मसिह आफ्नो वचनमा प्रकट भएका छन्,' बोल्न गइरहेको छु। कस्तो प्रकारले पहाडि उपदेशमा मसिहको चित्र देखिइन्छ। यही छ त्यो जहाँबाट मैले यो विषय सोचेको थिएँ।

३३. अब, मसिह र वचन एउटै हो बुझ्नु भयो ? उनीहरू भन्छन्; कस्तो पवित्र शास्त्र थियो.. मानिसहरू भन्छन्... धेरै समय भएको छैन, जब म एउटा व्यक्तिसँग घोड सवारी गर्दै थिएँ। उसले भनेको थियो, "यसको विषयमा सोच-हामी यस पृथ्वीमा जस्तो पनि छौं; र केवल यो जान्दछौं या भन्न सक्दछौं कि हाम्रो उद्धार यहुदिहरूको काल्पनिक कथाको पुस्तक बाइबलद्वारा भएको हो।"

३४. मैले भने "श्रीमान्, मलाई थाहा छैन कि तपाईले यो कसरी भनिदिनु भएको छ; परन्तु म यसको विश्वास गर्दिन कि यो यहुदिहरूको काल्पनिक कथाहरूको पुस्तक हो।" मैले भनें... ।

उसले भन्यो, "ठीक छ, तपाई प्रार्थना गर्नु हुन्छ... तपाई के को लागि प्रार्थना गर्नु हुन्छ ? मैले अमुक-अमुक चीजहरू र केही निश्चित चीजहरूलाई मागेको थिए; तर मैले पाएको (भेट्टाएको) थिइन।"

३५. मैले भने, "तपाईले गलत प्रार्थना गर्नु भएको छ। हामीले कहिले पनि परमेश्वरको विचार बदल्नको लागि प्रार्थना गर्नु नपर्ने। हामीले आफ्नो विचारलाई बदल्नको लागि प्रार्थना गर्नुपर्छ। परमेश्वरको विचारलाई कुनै प्रकारको परिवर्तनको कुनै आवश्यकता हुँदैन। बुझ्नु भयो ? यो सही कुरो हो।" मैले भने, "न कि जसको लागि तपाईले प्रार्थना गर्नुहुन्छ"।

म एउटा कैथलिक केटालाई चिन्दछु-एक पटक ऊ भएको ठाउँ (उसँग) प्रार्थनाको पुस्तक थियो र ऊ त्यसबाट आमाको लागि प्रार्थना गरिरहेको थियो ताकि र ऊ जीवित रहोस्। र ऊ मरेकी थिई (मरी सकेकी थिई) र उसले त्यस प्रार्थनाको पुस्तकलाई फ्याँकी दिएको थियो। ठीक छ, तपाईले देख्नुभयो... तर म कुनै पनि हालतमा प्रार्थना पुस्तकको लागि जाँदिन- म प्रार्थना पुस्तकको लागि जाँदिन- म प्रार्थना पुस्तकबाट प्रार्थना पढ्दिन... तपाई गलत अपनाउने गर्नुहुन्छ। देख्नुभयो, तपाई परमेश्वरलाई यो भन्ने (बताउने प्रयास गरिरहनु भएको छ, कि के गर्नु पर्छ। प्रार्थना त यस्तो नै हुनुपर्छ, "प्रभु मलाई बदली दिनुस्, कि म तपाईको वचनको अनुसार हउँ।" न बदल्नुस् न यो न भन्नुस् कि म तपाईको विचारलाई बदलूँ बरू भन्नुस्, मेरो विचारलाई बदली दिनुस् (बुझ्नुभयो ?) तपाई मेरो विचारलाई आफ्नो इच्छाको अनुसार बदली दिनुस् र तपाईको इच्छा यहाँ यस पुस्तक पवित्र शास्त्रमा लेखिएको छ।

र प्रभु तपाई मलाई तबसम्म जान नदिनुस् जबसम्म तपाई मेरो विचारलाई आफ्नो विचारको अनुसार बनाई दिनु हुन्न। र तब (त्यसपछि) मेरो विचार तपाईको विचारको अनुरूप हुने छन् तब म तपाईको प्रत्येक लिखित वचनलाई विश्वास गर्ने छु। र तपाईले आफ्नो वचनमा भन्नु भएको छ कि तपाईसँग जसले प्रेम गर्दछन्, उनीहरूको लागि हर एक काम सबै मिलाएर भलाई नै उत्पन्न गर्दछन्।

३६. म यस हप्ता आफ्ना केही साथीहरूसँग यस प्रान्तमा रहेको थिएँ। जब हिजो हामी खाना खाइरहेका थियौं तब मैले आफ्ना मित्रहरू मध्येबाट केहीलाई खाना खाने मेचमा नै सोधें... हामी सँधै मिलेर बस्दछौं र पवित्र शास्त्रमाथि अलिकता अध्ययन गर्दछौं। म उनीहरूसँग प्रेमको विषयमा वातचित (कुराकानी) गरिरहेको थिएँ। र त्यहाँतिर कुनै व्यक्ति, उसले मसँग भन्यो- उसले भन्यो, "मलाई एक्किन छ कि तिमी मसिह विरोधी हौं।"

३७. मैले भनें, "यदि यो मेरो प्रभुलाई प्रसन्न गर्दछ, भने, यही हो त्यो जुन म हुन चाहन्छु।" म त्यही नै चाहन्छु जुन ऊ चाहन्छ कि म हुँ। म उससँग प्रेम गर्दछु। यदि म उससँग त्यसै आत्मासँग जान्छु जुन यस समय
(बेला) म मा छ; र यदि उसले मलाई नरकमा पनि फ्याँकी देओस् ता पनि म उससँग प्रेम गर्दै रहने छु। उसले मतिर सारै नै विचित्र तरिकाले हेऱ्यो। मैले त्यहाँनिर तिनीहरू मध्येबाट चार या पाँच युवा केटाहरूलाई, युवा पत्नीहरूलाई, असल स्त्रीहरूलाई देखेको थिएँ। मलाई थाहा थियो कि ती केटाहरू आफ्ना पत्नीहरूसँग कति प्रेम (माया) गर्दछन्; अतः मैले उनीहरूसँग गर्ने, "यसलाई यो एउटा तरिका हो; यदि तपाईको विवाहको पूर्व (पहिले) तपाई कि पत्नी... अब, तपाई पूर्वकालमा जानुस्- तपाई आफ्नो यो वैवाहिक जीवनको सपना देख्ने गर्नुहुन्थ्यो, जब कि तपाई वास्तवमा वैवाहिक हुनुहुन्न थियो, परन्तु तपाई सपना देख्ने गर्नु हुन्थ्यो कि तपाई वैवाहिक हुनुहुन्छ। र तपाई उठ्नुहुन्थ्यो र आफ्नी गलफ्रेण्ड (Girl-Friend) केटी मित्रसँग जानुहुन्थ्यो र उससँग भन्नुहुन्थ्यो, "तिमीलाई थाहा छ कि मैले सपना देखें कि हाम्रो विवाह भइसकेको छ र हाम्रा केटाकेटी छन्, र हामी प्रसन्नतापूर्वक जीवन व्यतित गरिरहेका छौं र परमेश्वरको आगमन र सबैको प्रतिक्षा गरिरहेका छौं।" र यस पछि तिम्रो केटी मित्र तपाईसँग भन्दै हुने छ, "तिमीलाई थाहा छ कि म कुनै अर्को व्यक्तिसँग प्रेम गर्दछु- म उससँग तिमी भन्दा धेरै प्रेम गर्दछु। म अर्को व्यक्तिसँग आनन्दित रहन सक्छु।" के तपाई आफ्नो हृदयको गहिराईबाट प्रेममा यो भन्न सक्नुहुन्छ, "परमेश्वरको आशिर्वाद तलाई मिलोस्; मेरी प्रिय, तिमी यही अर्को व्यक्तिसँग गई हाल ?" अब तपाई मध्ये हरेक पुरूष र स्त्री यस कुरालाई। बुझ्यौ (बुझ्नु

भयो) ? हेर्नुस् यदि तपाईको प्रेम साँचो हो भने यही गर्नु हुने छ किन कि तपाईको रूचि उसको भलाइमा छ। के... तपाईलाई थाहा छ कि तपाई उसलाई पाउन सक्नु हुन्छ, तपाई उससँग बस्न सक्नुहुन्छ, ऊ तपाई कि पत्नी हो- ऊ तपाई कि पनी हुनेछ (होली), ऊ तिमीसँग विवाह गर्ने छ, तर ऊ खुसी हुने छैन। ऊ धेरै खुसी होली यदि... र अब, यदि तपाई उससँग प्रेम गर्नुहुन्छ भने तपाई उसको खुशी चाहनु हुनेछ। यसैले परमेश्वरको जुन इच्छा छ त्यो पूरा हओस्, चाहे मलाई उससँग प्रसन्नता होस् वा नहोस्। यसप्रकार जीवित रहन चाहन्छु कि म जे सुकै पनि गर्दछु। त्यसबाट ऊ खुसी हओस्। त्यसैले तपाई आफ्नो उद्देश्यहरूलाई आफ्नो ध्येयलाई जँचाउनुहोस् र यसको द्वारा तपाईलाई थाहा हुनेछ कि तपाई पमेश्वरसँग प्रेम गर्नुहुन्छ या गर्नु हुन्न।

के हुन सक्दछ कि यदि उसले भनोस्, तैले मेरो सेवा गरेको छस्; परन्तु म तँलाई बाहिर निकाल्न गइरहेको छु ?"

"जे पनि होस् म प्रभु तपाईसँग प्रेम गर्दछु।" देख्यौ, बुझ्यौ ?

३८. यसैले, यदि मण्डली यसलाई देख्न सकोस् र यसलाई यसै रितीले विश्वास गर्न सके, भने कसैले पनि कसैसँग एक अर्कासँग जबरजस्ती भकुण्डो (गेंदा) खोस्ने छैन, जब कि उनीहरू सँगसँगै किन न दौडिएका हुन उसले त उसलाई बस (खाली) बचाउने (जोगाउने) छ। बुझ्नु भयो ? जब साँचो उद्देश्य र ध्यय हुने छ, भने एउटा यो भन्ने चेष्टा गर्ने छैन, "अरे मसँग पनि यो छ, म-म... यो मेरो हो, यो .... देख्यौ; परमेश्वर यस्तो मानिसलाई उपयोग गर्न सक्नुहुन्न। यसलाई (परमेश्वरद्वारा उसलाई दिइएको सेवकाईको) धेरै नै नक्कलहरू आउने गर्छ; र यो शैतान नै हो जो यसो गर्दछ; र मानिसको अनुभव (एहसास) नै गर्न सक्दैन। उनीहरू कुनै अर्को व्यक्तिसँग जसलाई त्यो भकुण्डो दिई सकिएको छ, खोस्ने यत्न (प्रयास) गरिरहेका छन्। परमेश्वरलाई कुनै सेवकाई सुरू गर्न दिनुस् र फेरि हेर्नुस् कि कतिले त्यसको नक्कल गर्न थाल्दछ। देख्यौ, बुझ्यौ ?

३९. अब हेर्नुस्, परमेश्वरको लागि साँचो प्रेम गर्दछ, "मलाई यसबाट कुनै मतलव छैन कि म परमेश्वरको कुन चाहिं भाग हुँ; यदि मेरो एक शब्द भन्नाले मात्रले पनि यसको हिफाजतमा सहायता हुन्छ, भने त्यो पनि मलाई गर्न दिनुस्।" बुझ्नु भयो ? ठीक यही कुरो तपाई कि पत्नीको लागि पनि हो। यदि तपाई वास्तवमा उससँग प्रेम गर्नु हुन्छ (बुझ्नुभयो?)- यदि यो कुनै भौतिक प्रेम (Phileo-love) होइन बरू साँच्चो, आत्मिक प्रेम (Agappo-love) हो। यदि ऊ कुनै अर्कोसँग धेरै आनन्दिन रहन (बस्न) सक्छिन्। .... अहिले तपाईको विवाह भएको छैन.... र यस्तोमा वास्तवमा तपाई उससँग विवाह गर्न सक्नु हुन्न।

४०. र खैर मानिस यसलाई टेपहरूमा सुनिरहेका छन् । केही धेरैले यसमाथि पत्र पठाए र भने, त्यसो भए किन विवाह र तलाकमा तपाईले यो भन्नुभयो, र तपाईले त्यसो भन्नुभयो । मैले यसलाई अनेकौं पटक भनेको छु : यी टेप केवल जान्छन्... भाई, म यो आफ्नो मण्डलीसँग भनिरहेको छु, म यसको जिम्मेवार छुइन कि परमेश्वर आफ्ना गोठलाई के दिन्छन्, म त केवल यस कुराको जिम्मेवार छु कि म यी मानिसलाई कस्तो प्रकारको भोजनबाट पोष्टिक गरिरहेको छु। यो कुरो त केवल यसै आराधनालयको लागि हो । बुझ्नु भयो ? अब, यदि मानिस टेपहरूलाई सुन्न चाहन्छन्, भने यो उनीहरूमाथि नै निर्भर गर्दछ। परन्तु म त केवल त्यही बोली रहेको छु जुन परमेश्वरले मलाई दिनुभएको छ। यो त उनको पाप थियो, जुन क्षमा गरिएका थिए। कसैले लेखेको थियो र भनेको थियो, "हो, मैले यो गरेको थिएँ, मैले त्यो गरेको थिएँ। तपाई भन्नुहुन्छ तपाईको पाप..." मैले यस्तो भनेको थिइन ।

मैले भनेको थिएँ, "यसलाई हेर्नुस्; यो त केवल तिनै मानिसहरूको लागि हो जो यहाँ छन्, जो यहाँ यस आराधनालयमा छन्, जुन मेरो आफ्नो हुल हो।" अब हेर्नुस कि, मानिस भोजनलाई विकृत गर्न चाहन्छन् र नष्ट गर्न चाहन्छन्... तपाईलाई परमेश्वरको तर्फबाट प्रकाशन भेट्नु भएको छ र त्यही गर्नुस् जुन परमेश्वरले तपाईलाई गर्नको लागि बताउनु (भन्नु) भएको छ। म पनि ठीक त्यही गरूँ (गर्ने छु) परन्तु यो सन्देश यस कलीसियाको लागि हो ।

४१. ध्यान दिनुस् । अब, हामी फर्किएर आउँछौं; हामीसँग केही अरू हुनु छ, जसमा हामीले स्थिर हुनु छ ।

केही न केही त सर्वोच्च हुनुपर्छ, अर्को शब्दमा केही त अन्तिम हुनु पर्ने हो। र हर एकलाई एउटा अन्तिम (Ultimate) या सर्वोच्च (absolute) हुनुपर्ने। केही वर्ष पहिले एक पटक मैले यसमाथि यानि सर्वोच्च अर्थात्, अन्तिम प्रचार गरेको थिएँ, यो त्यो ठाउँ हो, जहाँनिर कोही न कोही त अन्तिम हुन्छ। जसरी भकुण्डोको खेलमा एम्पाएरनै अन्तिम हुन्छ। यदि उसले भन्छ, हिर्काउ या भकुण्डोमा प्रहार गर, भने यसको अर्थ त्यही हुन्छ जुन उसले भन्छ। यसको कुनै मतलब छैन कि तपाईले यसलाई कसरी देख्नुभएको छ, एम्पाएरले भनेको छ यो एउटा प्रहार थियो। र मामला बस यही खत्तम हुन्छ ।

४२. तपाईले भन्नुभयो, "म-म.... यो ठोकिएको (जुझेको) थिएन। यो बाहिर गएको थियो.... मैले देखेको थिएँ...." यसको कुनै मतलव छैन कि यो के हो, जब उसले भन्छ, "हिर्का"- भने यस्तै हुन्छ र यसैले नै यसको निर्णय गर्दछ। केवल... केबल त्यो नै सर्वोच्च या अन्तिम हो ।

४३. र यातायातमा भएको उज्यालो नै अन्तिम या सर्वोच्च हो। यदि, ऊ भन्छ, "जाउ", भने म...... तपाई भन्नुहुन्छ, ठीक छ, म हतारमा छु, मलाई.... " यदि ऊ भन्दिन भने तव तपाई स्थिर उभिरहनुहुन्छ जब कि अरू मानिस जान्छन्। देख्यौ ? त्यो सर्वोच्च हो या अन्तिम हो।

४४. अब तपाई जेसुकै पनि गर्नुहुन्छ त्यसको कुनै न कुनै अन्तिम लक्ष्य हुनुपर्छ। जब तपाई आफ्नी पत्नीको चुनाव (छान्नुहुन्छ) भने त्यसको पनि एउटा अन्तिम लक्ष्य भएको हुनुपर्छ। कुनै न कुनै स्त्रीलाई त तपाईले रोज्नै पर्छ।

४५. अब हेर्नोस्, एउटा यस्तो बेला पनि हुन्छ जब तपाई एउटा कार किन्न जानुहुन्छ; तब तपाई आफ्नो अन्तिम फैसला कस्तो प्रकारले गर्नुहुन्छ। के त्यो कार फोर्ड, शेवी प्लेमाउथ, या कुनै विदेशी कार हुनुपर्छ या जुनसुकै पनि होस्: तपाईलाई आफ्नो अन्तिम निर्णय लिनु नै पर्दछ र ठीक यसरी नै मसिही मसिह जीवनसँग पनि छ; त्यसको पनि कुनै न कुनै अन्तिम लक्ष्य हुनुपर्छ।

४६. अब हेर्नुस, यदि एउटा मानिस कुनै अर्को व्यक्तिसँग गएर भनोस्, यदि कोही कसैलाई यो भन्दै गरेको सुन्दछ, "ठीक छ, तपाईले लिनु पर्ने।" र यस व्यक्तिले कहिले पनि होइन.... हुन सक्दछ ती........ केही गिरजा यस्ता छन जसले डुब्ने खालका वपतिस्मा दिएका छैनन्। उनीहरू केवल छरकने (छेप्ने) खालका वतिस्मा दिन्छन्। म विचार गर्दछु कि मौकाहरूमा मैथोडिस्टहरूले- यदि उनीहरूसँग विन्ति गरियो भने उनीहरूले डुब्ने वपितस्मा दिएका छन्। अत: तब यदि कुनै व्यक्ति पानीमा डुवाउने खालेका विषयमा केही सुन्द थियो, भने त्यसलाई बुझ्दैन थियो; किन कि ऊ कैथोलिक समाजमा बढेको थियो, अत: ऊ पुरेतसँग जान्छ; र भन्दछ, फादर; म सम्झन्छु कि हामीले पानीमा डुवाएर बतिस्मा दिनुपर्छ। हाम्रो गिरजा यसको विषयमा के भन्छ ?"

४७. "किन, यो यसो भन्दछ कि- कि हामीले छर्कने खालको बतिस्मा नै दिनुपर्छ।" अब यदि गिरजा नै उसको अन्तिम निर्णायक हो भने मामला यही समाप्त हुन्छ। गिरजा यसै भन्छन्; र मामला बस यही खतम भई जान्छ। गिरजा यसै भन्दछ; र मामला यही खतम भई जान्छ; सारा विवाद हटेर जान्छ।

४८. अब यदि कुनै वैपटिष्ट भाई हामीले यो भन्दै गरेको सुन्यौ कि हामी येशूमसिहको नाममा डुबनेखाले वतिस्मा दिनुमा विश्वास गर्दछौं; र ऊ पनि भन्दछ, म पनि यसलाई विश्वास गर्दछु।" अब यो व्यक्ति- यस गिरजाको सदस्य फर्किएर पाष्टर भएको ठाउँमा जान्छ र भन्दछ, "याजक, मैले एउटा व्यक्तिलाई यो भन्दै गरेको सुनेको छु कि हामीले पानीमा डुबेर वप्तिस्मा लिनुपर्छ, र यो सत्य हो, परन्तु हामीले येशू मसिहको नाममा नै डुबकीको वप्तिस्मा लिनुपर्ने।"

४९. परन्तु याजक (पाष्टर) उससँग भन्दछ, "ठीक छ, आउनुस् अब हामी हेर्नें छौं। यहाँनिर हाम्रो यो पुस्तक भन्दछ कि हामी पिता, पुत्र र पवित्र आत्मालाई उपयोग गर्दै वप्तिस्मा दिंदै आइरहेका छौं" अब यदि गिरजा नै त्यसको अन्तिम निर्णायक हो, भने मामला बस यही खतम (सकिन्छ), तब ऊ यसको परवाह गर्दैन कि अन्य कोही के भन्दछ, तर गिरजा नै त्यसको अन्तिम निर्णायक हो।

५०. हर एक तथाकथित विश्वासीको लागि उनीहरुको नामधारी गिरजा नै अन्तिम निर्णायक हुन्छ। तर मेरो लागि र उनको लागि जसको लागि म आशा गर्दछु कि म उनको मार्गदर्शन मसिहीको तर्फ गरिरहेको छु र मसिहीकैद्वारा हाम्रो अन्तिम निर्णायक पवित्र शास्त्र हो। यसबाट कुनै मतलव छैन.... किन कि परमेश्वरले भनेका थिए, "हर एक मनुष्यको वचन झुठो ठहरियोस् र मेरो वचन साँचो ठहरियोस्।" र म विश्वास गर्दछु कि पवित्रशास्त्र परमेश्वरको अन्तिम निर्णायक हो (छ)। यसबाट कुनै मतलव छैन कि अन्य कोही पनि भन्दछ, पवित्रशास्त्र नै अन्तिम निर्णायक हो।

पवित्रशास्त्र तन्त्रहरू या प्रबन्धहरूको पुस्तक होइन। हजुर होइन श्रीमान ! प्रबन्धहरूको पुस्तक होइन, न त यो आचरणको धर्म संहिता हो। पवित्रशास्त्र विधिहरू या प्रबन्धहरूको पुस्तक होइन; त्यो कुनै यस्तो पुस्तक होइन जसमा अनेकौं विधिहरू र धेरै अन्य कुराहरू होस्।" हजुर होइन, श्रीमान्, यस्तो होइन (छैन)। न त यो सबै मिलाएर इतिहासको पुस्तक हो, न त यो धर्म ज्ञानको पुस्तक हो; कि कि यो त येशूमसिहको प्रकाशन हो। अब यदि तपाई यसलाई पढ्न चाहनुहुन्छ भने तपाई जोसँग पेपर छ र जसले यसलाई रेखांकित गरिररहेका छन्, यो प्रकाशित वाक्य १:१-३ छ (हो)... पवित्रशास्त्र येशूमसिहको प्रकाशन हो।

५१. अब जब कि हामीसँग समय छ, आउनुहोस् हामी यसलाई पढ्दछौ। म विश्वास गर्दछु कि म... सँग यहाँनिर थुप्रै लेख छैनन् जसलाई म भन्छु यदि प्रभु बसिरहन्छन् भने किन हामी यस चित्रबाट केही प्राप्त गर्ने प्रयास गरौं।

येशूमसिहको प्रकाशित वाक्य जुन उसलाई परमेश्वरले यसैको लागि दिए, कि आफ्ना दाशहरूलाई ती कुराहरू, जसलाई छिट्टै हुनु आवश्यक छ, देखाओस् र उसले आफ्नो स्वर्गदूतलाई पठाएर उसद्वारा युहन्नालाई भन्यो।

जसले परमेश्वरको वचन र येशूमसिहको साक्षी अर्थात् जेसुकै उसले देखेको थियो त्यसको गवाही दियो।

धन्य छ त्यो जो भविष्यवाणीको वचनलाई पढ्दछ, र ती जसले सुन्दछन् र यसमा लेखिएको कुराहरूलाई मान्दछन्; किन कि समय नजिक छ।

५२. अत: बाइबल येशूमसिहको पूर्ण प्रकाशन हो र यसलाई भविष्यवक्ताहरूको द्वारा लेखिएको हो। हिब्रू १:१ को अनुसार, "पूर्व युगमा परमेश्वरले बाबु बाजेहरूबाट भविष्य वक्ताहरूको द्वारा कुराहरू गरे, परन्तु यस अन्तको दिन उसले हामीसँग आफ्नो पुत्र येशूमसिहको द्वारा कुराहरू गरेका छन्।" जति पनि भविष्यवक्ताहरूले जे भने त्यो यस पवित्रशास्त्र या सँगै क्रमवद्ध गरी दिइएको छ। येशूमसिहको थिए, येशू मलाकी थिए, यर्मिया थिए, यशैया थिए, एलिया थिए। ती सबै जो भविष्यवक्ताहरू थिए, ती सबै त्यसमा थिए। तर सबै जो हुनुहुन्छ र म जो छु- त्यसमा छ। वचन वचन साक्षी हुन्छन्। अत: यो पुस्तक विधिहरू या आचारसंहिताको होइन, न त यो इतिहासको पुस्तक हो, होइन यो धर्म ज्ञानको पुस्तक होइन। यस्तो होइन। यो येशूमसिहको प्रकाशन हो- परमेश्वर स्वयं वचनबाट शरीरमा प्रकट भएका थिए। यही हो त्यो। पवित्रशास्त्र वचन हो; र पमेश्वर देहधारी हुन् परमेश्वरमा .... परमेश्वर वचन हुन; र बल्की येशू देहधारी हुन्। यो उनको प्रकाशन हो कि कस्तो प्रकार परमेश्वर अर्थात्, वचन मानवीय देहमा प्रकट भएका थिए र हामी माथि प्रकट भएका थिए। र यही कारण हो कि ऊ परमेश्वरको पुत्र बन्दछ। ऊ परमेश्वरको भाग हो। के तपाईले बुझ्नु भयो ?

५३. अब त्यो छैन.. शरीर परमेश्वरको हिंस्सा हो; ऊ त पुत्र हो। जसरी कि कैथलिक यसलाई सम्झन्छन्, एक पुत्र... "अनन्त पुत्र" हो र अर्को गिरजा पनि यस्तो नै सम्झन्छन्। परन्तु यो शब्द तर्कसंगत हुँदैन। बुझ्यौ ? यस्तो हुन सक्दैन कि ऊ अनन्त होस् र पुत्र पनि होस् किन कि पुत्र अलिकता यस्तो चीज हो जुन कहींबाट उत्पन्न हुन्छ। र शब्द "अनन्त" ... त्यो यस्तो हुन सक्दैन.... ऊ पुत्र हुन सक्दैन। हजुर होइन श्रीमान्, ऊ अनन्त पुत्र हुन सक्दैन।

५४. अब हेर्नुस्, परन्तु ऊ पुत्र हो- ऊ सम्पूर्ण वचन जुन यर्मियामा थियो; मोसामा थियो र ती सारा वचन- जस्तो कि उसले भनेको थियो, "उनीहरूले मेरो नै बारेमा भने।" वचनको त्यो समस्त दिव्य प्रकाशन एउटै नै मानव देहमा मिलेको थियो र परमेश्वरले उसलाई चारैतिरबाट एउटा शरीरले ढाकिदिएका थिए। यही कारण थियो कि ऊ "पिता" को खबर दिने गर्दथ्यो। यदि तपाई परमेश्वरलाई नै यलसाई आफ्नो मष्तिस्कमा हाल्न (राख्न) दिए भने यो कुरो तपाईको लागि सारै नै हुने छ। बुझ्नु भयो ? परमेश्वर एउटा शरीरमा-शारीरिक देहमा प्रकट भयो (ध्यान दिनुस्)- परमेश्वर वचनबाट शरीरमा प्रकट भए। यही कारण हो कि सन्त यहुन्ना १:१४ भन्दछ, "र वचन देहधारी भयो र उसले हामी माझमा डेरा गरे।"

५५. अब यस बाइबलमाथि गौर गर्नुस् । तीमध्ये केही भन्दछन्, "ओहो; उसले यो गऱ्यो, उसले त्यो गऱ्यो ।" परन्तु आउनुस्, म तपाईलाई के भन्दछु (बताउँछु) । आउनुहोस्, हामी केही मिनेटको लागि बाइबलको इतिहास हेरौं र देख्नुहुने छ कि यो कहाँबाट आएको हो । यसलाई चालीस बेग्लाबेग्लै लेखकहरूद्वारा लेखिएको थियो । यस बाइबललाई चालीस व्यक्तिहरुले १६०० वर्षभन्दा पनि धेरै समयान्तरालमा भिन्नभिन्न समयमा लेखेका हुन् र भिन्नभिन्न समयहरूमाथि ती महत्वपूर्ण घटनाहरूको भविष्यवाणी गरे जुन विश्व-इतिहासमा घटेको छ र अनेकौं पटक यी घटनाहरूको भविष्यवाणी उनीहरूको घटित हुनुभन्दा सयकडौं वर्ष पूर्व नै गरिदिने गरिन्थ्यो । समस्त ६६ पुस्तकहरूमा एउटा पनि त्रुटी छैन (गल्ती छैन) । याद रहोस् १६०० वर्षको समयअन्तरालमा बाइबल लेखियो । मुसादेखि लिएर पतमुस टापुमाथि युहन्नाका मृत्युसम्म १६०० वर्ष हुन्छ । र यसलाई चालिस भिन्न भिन्न लेखकहरूको द्वारा लेखियो । यिनीहरूमा कुनै एउटा लेखक अर्को लेखकलाई चिन्दासम्म पनि चिन्दैन थियो, र उनीहरूसँग यो वचनको रूपमा कहिले पनि थिएन । ती मध्येबाट केहीले त कहिले पनि वचन देखेका थिएनन् । परन्तु उनीहरूले यसलाई लेखे र यसलाई केवल भविष्यदूतहरू द्वारा नै बुझ्ने गरिन्थ्यो । जब उनीहरूको भविष्यवाणीहरू एकै साथ मिलाइयो तब एक अर्कोसँग एउटै सूत्रमा बाँधिदै गयो ।

५६. पतरसलाई हेर्नुस्; जसले पिन्ते कुस्तको दिन यो उद्घोषण गरेको थियो । "तिमीहरू मध्ये हर एकले मन फर्काओ र आफ्नो-आफ्नो पापहरूको क्षमाको लागि येशू मसिहको नामबाट वपतिस्मा लेओ ।" पावलले यस विषयमा कहिले पनि केही सुनेको थिएन । ऊ त साढे तिन वर्षको लागि पुरानो नियमको अध्ययन गर्नको लागि र यो हेर्नको लागि जुन आगोले उसँग कुरा गरेको थियो र ऊ भनिरहेको, "शाउल, त मलाई किन सताउँछस् ?" अरब गएको थियो । ऊ गलत कसरी हुनसक्द थियो । उसले कहिले पनि गिरजाहरूसँग एकदमै परामर्स लिएको थिएन् । र चौध वर्ष उपरान्त जब ऊ पतरस भेटदछ, तब उनीहरू एउटै नै कुरालाई शब्द दर शब्द प्रचार गरिरहेका थिए । ठीक यस्तै हाम्रो पवित्रशास्त्र छ । कुनै पनि मानिसको वचन असफल हुनसक्छ । यसमा ..... कुनै पनि इन्सान केही पनि जोड्न सक्दैन । हजुर होइन, श्रीमान ! तपाईं बाइबलमा अरू केही न बढाउनुस् (थपनुस) यो त पूर्ण प्रकाशन हो ।

६०. के हुन्छ यदि हामी विज्ञानको चालिस विभिन्न पुस्तकहरू लिउँ जुन १६०० वर्षका समय अन्तरालका छन् र हेरौं कि हामीलाई यसबाट के निष्कर्ष प्राप्त हुन्छ । एउटा फ्रान्सिसी वैज्ञानिकले तीनसय वर्ष पहिले विज्ञानको द्वारा यो सावित गरी दिएको थियो, कि एउटा लड्दै गरेको भकुण्डो, यदि धेरै छिटो (तिस मिल प्रति घण्टा) प्राप्त गर्न सक्छ, भने

उसले पृथ्वीलाई छोडी दिने छ र पृथ्वीबाट बाहिर जाने छ। के तपाईं विचार गर्नु हुन्छ कि विज्ञानले यस कुराको उल्लेख फेरी कहिले गरेको छ ? के यसबेलासँग यो कुरो मेल खान्छ जब कि उनीहरू यहाँ सडकहरूमा ढेड सय मिल प्रतिघण्टाको रफ्तारले वहान हाँकी रहेका छन् ? देख्यौं ? परन्तु उसले वैज्ञानिक तौरमा यसलाई मैदानमाथि लड्दै गरेको भकुण्डोमाथि लाग्ने वालाको द्वारा सिद्ध गरेको थियो कि तिस मिल प्रतिघण्टाको रफ्तारमा कुनै पनि वस्तु पृथ्वीबाट माथि उठ्ने छ र माथि जाने छ र आन्तरिक्षमा खस्ने छ।

६१. होइन, यस बेला यससँग मेल खाँदै गरेको कुनै कुरो छैन, परन्तु पवित्रशास्त्रमा एउटा पनि शब्द एक अर्काको विरोधाभास छैनन्। न कि कुनै एउटा भविष्यवक्ता कुनै अर्को भविष्यवक्ताको विरोधात्मक छ। ती सबै सिद्ध थिए। जब एउटाले आएर भविष्यवाणी गऱ्यो र जब अर्को भविष्यवक्ता उभियो र उसले वचनहरूलाई दोहोरायो, तब त्यो पूरा भयो। बुझ्यौं ? यसैले पवित्रशास्त्र सबै साच्चा विश्वासीहरूको लागि परमेश्वरको वचन हो।

६२. अब हेर्नुस्, तपाईंलाई ती कुराहरूमा पनि यथार्थता पाउन सक्नु हुन्न, जसमाथि डाक्टर सहमत होउन्। अब, तपाईंलाई त्यसमा पनि यथार्थता पाउन सक्नु हुन्न। अब तपाईं विज्ञानमा पनि यथार्थता पाउनु हुन्न।

अब, तपाईंलाई थाहा छ कि केही समयपछि पहिले उनीहरूले हामीलाई भनेका थिए कि जब कि वाइबल भन्छ पृथ्वीको चार कुनामा चार स्वर्गदूत उभिएको देखेको थियो, यस्तो हुन सक्दैन किन कि पृथ्वी गोलो छ। परन्तु बाइबल, "चार कुनाहरूको" बारेमा भन्दछ। ठीक छ, अब तपाईंले तीन या चार हप्ता पहिले देख्नु भएको होला, कि अब यस्तो छ अखवार यस लेखलाई लेखिरहेका छन कि उनीहरूले यसको खोजी गरी सकेका छन् कि पृथ्वी चार कुने अर्थात वर्गकार छ। कतिले त्यस लेखलाई हेरेका थिए ? निश्चय नै तपाईंले त्यसलाई देख्नु भएको छ। मैले त्यसको सबै कापीहरू काटीसकेको छु, र केवल यसको प्रतिक्षा गरी रहेको छु कि कसैले केही भन्नु।

६३. र कुनै दिन उनीहरू यो ज्ञात गर्ने वाला छन् कि उनीहरू १५०० लाख प्रकाश वर्षको अवधि देखिरहेका छैनन्; उनीहरू एउटै चक्कर मा घुमी रहेका छन्। यो ठीक कुरा हो। यिनै दिनहरूमा तपाईंलाई थाहा हुने वाला छ कि जब तपाईं स्वर्गमा जानु हुन्छ, भने तपाईं कही बाहिर उड्नु हुन्न, तपाईं यही हुनुहुन्छ, परन्तु वस केवल अर्को प्रकारको क्षेत्रमा हुनुहुन्छ जुन यो भन्दा अत्याधिक गतिशील छ। ठीक यसै कोठाको भित्र रंग आइरहेको छ। रहेको रंगीन कमेज, वस्त्र तपाईंसँग जे जति (जे जस्तो छ) अनन्त ती सबैको लेखा (हिसाब) छ। तपाईं आफ्नो आँखा

झिम्कयाउनु हुन्छ। यसको पनि लेखा छ। हेर्नुस्, टेलिभिजन यसलाई सिद्ध गर्दछ।

६४. जब तपाईं जन्मुनु हुन्छ तब परमेश्वरको रिकार्ड सुरु हुन्छ। त्यो कुरा होइन ऊ लेखा राख्दछ। तपाईंलाई थाहा छ ऊ केही छिनको लागि हल्का गर्दैन जबसम्म कि त्यो सानो बालक संसारमा आउँदैन, परन्तु यसपछि ऊ हल्का (आवाज) गर्न सुरू गर्छ। ऊ जे जस्तो पनि गर्दछ र जे सुकै पनि भन्न सुरू गर्दछ, उसलाई त्यसको लागि उत्तर दिनुछ। र यसपछि जब जीवन लीला समाप्त हुन्छ, तब त्यो रिकार्ड या टेप फिर्ता लिइन्छ र त्यसलाई परमेश्वरको एउटा सारै ठूलो लाइब्रेरीमा राखी दिइन्छ। अब तपाईं त्यो ठीक तपाईंको अगाडि चलाइने छ, हरेक बदमासी तपाईंले गर्नु भयो, हरेक विचार जुन तपाईंको मस्तिष्कमा आयो, त्यो तपाईंलाई देखाइने या सुनाइने छ। के तपाईं त्यसलाई देख्न सक्नुहुन्छ ? अब के तपाईं देख्नसक्नु हुन्छ कि परमेश्वर कहाँ...........

६५. कुनै अर्को राति यहाँ यस मञ्चमाथि एउटा व्यक्ति थियो जो कि लामो, खुइले बलियो र वास्तवमा राम्रो देखिने वाला इन्सान थियो। र ऊ बाहिर गयो ........... परमेश्वरले उसको परिवारको विषयमा सबथोक भनिदिएको थियो र उसलाई भनी दिएको थियो कि उसले के गर्नुपर्छ। ऊ बाहिर गएको थियो र तल बसेको थियो। र केही मिनटहरूमै ऊ जस्तै एउटा अर्को व्यक्ति यहाँ म भए ठाउँमा आयो, तर उसको टाउको तल निहुरीएको थियो। परन्तु मैले उसलाई चिन्न सकेको थिइन। मैले चारैतिर हेरें, मेरो पछाडि कोही पनि थिएन। मैले भने- "त्यो मान्छे जुन त्यहाँनिर त्यो पर्दाहरूमा बसीराखेको छ। र ऊ हाम्रो एउटा भाइ थियो जुन यहाँ गिरजामा आउँछ, ऊ अग्लो, खुइले (मुडुलो) राम्रो जस्तो देखिने वाला व्यक्ति छ। ऊ त्यहाँ यस्तो प्रकार उभिएको थियो। र उसको टाउको तलतिर निहुरिएको थियो, ऊ प्रार्थना गरिरहेको थियो, किनकि ऊ पेटको विमारीले मर्न आँटेको थियो। ऊ एक जोडा जुत्ता लिन जानेवाला थियो। उसकि पत्नी चाहन्थिकी ऊ एउटा नयाँ जोडी जुत्ता लेओस्। तर उसले भन्यो, "होइन, म तिनीहरूलाई लिने छैन किन कि म तिनलाई लगाउनको लागि जीवित रहने वाला छुइन।" ऊ मरिरहेको थियो (मर्नेवाला) थियो। र ऊ त्यहाँ बसिराखेको थियो, तपाईंले देख्नु *भयो* त्यस आयाममा हाल्लिलूय्याह ! परमेश्वर अलिकता त्यहाँ सम्म गए, र भने- "उ त्यहाँनिर बसेको छ" र ऊ त्यसै अवस्थामा त्यहाँ बसेको थियो। के तपाईंले बुझ्नु भयो मेरो भन्नुको ताप्पर्य के हो ?

६६. अब गौर गर्नुस् ! वचनहरूमा कुनै पनि गल्ती छैन। येशू अर्थात् परमेश्वरको वचन ती विचारहरूलाई जाँच्दछ, जुन हृदयमा हुन्छन्। परमेश्वरको वचन प्रवल र चोखो छ। हिब्रु ४:१२ को अनुसार "यो परमेश्वरको वचन प्रवल र दुईधारे तरवारभन्दा पनि चोखो छन् र मनको

भावनाहरू र विचारहरूलाई जाँच्दछन् ।" देख्यौं ? परमेश्वरको वचन गहिरोसम्म हृदयमा जान्छ, र मनको भावनाहरू र विचारहरूलाई जाँच्दछ र प्रकट गर्दछ । जाँचनु के हो ? "विदित गर्नु, प्रकट गर्नु ।" र यही नै हो त्यो जुन परमेश्वरको वचन गर्दछ । आज हामी भन्दछौं, "कैथोलिक गिरजा; बैपटिष्ट, मैथोडिस्ट, पेन्टीकास्टल, गिरजा, परमेश्वरका वचन हुन् ।" यो कुरो गलत हो । वचन प्रकाशन हो र परमेश्वर वचनकोद्वारा नै प्रकट हुन्छन् ।

६७. होइन, हामी पाउन सक्छौं- हामी चिकित्सा विज्ञान र वैज्ञानिकहरू तथा विभिन्न मानिसहरूमा पनि कुनै पनि निरन्तरता पाउँदैनौं । यदि आइन्सटीनसँग कुनै आध्यात्मिक प्रयोग हुन्थ्यो जस्तो कि उसँग भौतिक प्रयोग थियो, जस्तो कि उसले प्रकाशको नियम र अर्को नियमको अध्ययन गरेको थियो, भने उसले हामीलाई त्यसको विषयमा भन्न सक्ने थियो । जब मैले उसको त्यस महान अज्ञात केन्द्रमा उसको सन्देश सुनेको थिएँ जुन कहीं आकाशमा छन, यदि कुनै बेला कसैले त्यस केन्द्रसँग सम्बन्ध स्थापित गर्नेछ, भने ऊ जे पनि गर्न सक्दछ, तब तपाईं पृथ्वीको सृष्टि गर्न सक्नु हुन्छ र शक्ति असीमित हुनेछ । देख्यौं ? उसले उसलाई देखेको थियो ।

६८. तपाईं यी साना-साना पिण्डहरूलाई हावामा उड्दै गरेको देख्नु हुन्छ, उनीहरू त्यसलाई उड्न तस्करी भन्दछन् । त्यसैले मानिसहरूको लागि राम्रो यही हो कि हामी उनीहरूलाई छोडी दिउँ । "सुन्दछौ कि यी मानिस आएर कसरी हराई जान्छन् (विलाउँछन्) ?" तपाईं भन्नु हुन्छ, के तपाईंले उनीबाट सुनेनौं, कि उनीहरू त्यहाँ उभिएका छन् र त्यहाँ उभिएका छैनन् । यही कारण हो कि रेपचर हुनेवाला छ । ती मध्ये एउटा तल झरनेछ र यो स्वभाविक देह स्वर्गीय देहलाई धारण गरी लिनेछ । र तिनीहरू लुक्ने छन् कपाल या हाडहरू बाँकी रहने छन् । यिनीहरू क्षणभरमा बद्लिने छन् र अन्तरिक्ष हुँदै घर जाने छन् ........ अब हामी सबैलाई भईरहेको देखि रहेका छौं, र पेन्टागाने यी प्रकाशहरू वा दिव्य आलौकिक प्रकाशहरूको विषयमा चिन्तित भई रहेको छ । र उनीहरू सबैथोक आका ामा देखिरहेका छन् । तपाईंले यहाँका जैफरसविलेको यस सप्ताहाको अखवारमा देखेको होला कि उनीहरूले दिव्य आलौंकिक प्रकाशमाथि (विषयमा) एउटा लेख छापेका छन् । सोच्नुस्, "ओहो, उनीहरूलाई थाहा छैन कि यो के हो ?" तर साना केटाकेटीहरू सुन, यिनीहरू ती हुन् जुन आजकल साना केटाकेटीहरू सुन, यिनीहरू ती हुन् जुन आजकल (यी दिनहरूमध्य भित्रबाट) कुनै एक दिन तपाईंलाई माथि बोकेर (उठाएर) लैजाने छन् (देख्यौं, बुझ्यौ) तपाईं चिन्ता न गर्नुस् ।

६९. सम्झनुस् येशूले भन्नु भएको थियो, जस्तो सादोमका दिनहरूमा भएको थियो ............" सादोमको ......... ठीक पहिले के आयको थियो र

उनीहरूले जाँच पडताललाई न्याय गरेको थिए उसले भनेको थियो, "मैले पापले भरिएको चिच्याहट सुनेको छु। र यो यति तेज छ कि यो पता लगाउनको लागि कि यो सत्य हो या होइन म तल ओर्लिएको छु।" यो ठीक छ हैन ? त्यस विशेषमाथि गौर गर्नुस् जो अब्राहामसँग रोकियो (बसेको) थियो र साराको मनको कुरा थाहा पाउन सक्दथियो , जब कि ऊ उसको पछाडी थिई। अब, तपाईं अलिकता आफ्नो चारैतिर हेर्नुस् र गौर गर्नुस् (बुझ्नु भयो ?) हेर्नुस् कि ऊ के गरिरहेको छ- आज ऊ ठीक त्यही कामलाई गरिरहेको छ। योजाँच पढतालको न्याय हो। जब केही समयछि कलिसिया त्यस ठाउँमा रहन (बस्न) सक्छिन्, र हरेक विज (जुनसुकै विज) आफ्नो ठाउँमा पुगिसक्ने छ भने उनीहरू जाने छन्। उनीहरूलाई थाहा हुने छैन कि उनीहरूलाई के भएको छ। एक-एकतिर जाने छ। बुझ्यौ ? एउटा पास्टरको घर गइरहेको होला, एउटा यहाँ या त्यहाँ गईरहेको होला। र, पहिलो कुरो त तपाईं जुन थाहा पाउनु हुन्छ, उनीहरू त्यहाँ छैनन् किन कि हनोक जो कि उदाहरण थियो, परमेश्वरले उसलाई बोकेका थिए (लगेका थिए र ऊ पाइएन (पाइएको थिएन)

७०. यस निरन्तरतामा हनोक कसरी बद्लिएको थियो जोकि ती इज्रायिलहरूको प्रति छाँया थियो जो डुँगामा पार भएका (तरेका) थिए। कति सिद्ध छ परमेश्वरको वचन परमेश्वरकोवचन अत्याधिक सिद्ध छ यहाँसम्म कि नयाँ नियम र पुराना नियम दुवै समान भाग हुन् र मिलेर एक हुन्छन्। यो सही कुरो हो। पुरानो नियम यसको आधा भाग हो, र नयाँ नियम यसको आधा भाग हो। तपाईं यी दुवैलाई एकै ठाउँ समायोजित गर्नुस् र तपाईंलाई येशू मसिहको पूर्ण प्रकाशन प्राप्त हुने छ। त्यहाँनिर भविष्यवक्ता बोली रहेका छन् र यहाँ ऊ एउटा व्यक्ति छ। बुझ्यौं ? यसका समान दुई भाग छन् र मिलेर एक हुन्छन्।

७१. अब हामी सारै धेरै समय लिन चाहानौं। स्मरण रहोस् कि पुराना नियम नयाँ नियमको विना पूर्ण हुँदैन।यही कारण हो कि मैले यो भने कि यी दुवै समान भाग हुन र मिलेर एउटा या पूर्ण हुन्छन्। यसैले भविष्यवक्ताले भने, यहाँ होला, ऊ यहाँ होला, ऊ यहाँ होला। अनिहरू उससँग यो गर्ने छन्। र ऊ यहाँ थियो ऊ यहाँ निर थियो, ऊ उहाँनिर थियो। ऊ उनीहरूले यससँग यो गरेका थिए र उनीहरूले उससँग यो गरेका थिए।" केही राम्ररी पहिले नै मैले यस विषयमा प्रचार गरेको थिएँ।

७२. अब वचनलाई अध्ययन गर्दै पौलुस तिमोथीलाई बताउँदछ, "यसको अध्ययन गर, परमेश्वरको वचनलाई सही बाटो जो कि सत्य छ" अत: तब वचनमा तीन अनिवार्यताहरू छन्। परमेश्वरको वचनलाई उपयोग गर्दै गरेको बेला तिन यस्ता कुराहरू छन् जुन तपाईंले नगर्नु पर्ने हो। आउनुस, अब हामी उनीहरूको अघिको १० मिनेटको लागि अध्ययन गर्ने

छौं, भने तीन कुरा या तिन काम तपाईंले न गर्नुपर्ने । र तपाईं सबै जो यस धरातलमाथि यस प्रान्तको बाहिर जहाँसुकै पनि यसलाई सुनिरहनु भएको छ, यदि तपाईंसँग पेपर पेन्सील छैन भने तपाईं यसलाई आफ्नो मस्तिष्कमा राखी लिनुस् । तपाईंले यी तिन कुरा गर्न नहुने (नगर्नु होला) । हामीले सबै बेलामा यो भनेका छौं कि तपाईंले के गर्नु पर्ने, परन्तु अब म तपाईंलाई त्यो भन्न गइरहेको छु कि तपाईंले के गर्नु नपर्ने हो ?

७३. अब हेर्नुस्, तपाईंलाई वचनको गलत अर्थ बताउन नपर्ने । तपाई भन्नु हुन्छ-"म एक्किन गर्दछु कि यसको अर्थ यो हो ।" यसको त त्यही नै हुन्छ जुन यसले भन्दछ । यसलाई कुनै अनुवादकको कुनै आवश्यकता छैन । र तपाईंलाई वचनको गलत स्थान माथि लगाउन नपर्ने । र तपाईंले वचनलाई तोड्न न हुने । र यदि हामी यसमध्यबाट जेसुकै पनि गर्नेछौं भने यो पवित्रशास्त्रमा असमजस्य र गडबडी उत्पन्न गरिदिनेछ ।

७४. ध्यान दिनुस्, येशूलाई यस प्रकारको गलत अर्थ लगाउनुकि ऊ परमेश्वरको रूपमा मुनष्यमा छन् भने तपाईं उसलाई बनाइ दिनु हुनेछ-तपाईं उसलाई तीन परमेश्वरहरूबाट एउटा (एक) बनाई दिनु हुनेछ । येशू मसिहको वचनमा हुनुको कारण गलत अर्थ लगाई दिनाले तपाईं उसलाई तीन परमेश्वरहरू मध्यबाट एक बनाई दिनुहुनेछ । या तपाईं उसलाई परमेश्वरत्वलाई द्बितीय व्यक्ति बनाई दिने छौं । र यस्तो गर्नाले, तपाईं सम्पूर्ण वचनमा गडबडी उत्पन्न गरिदिनु हुनेछ । तपाईं यस्तो गरेर कुनै पनि निष्कर्षमाथि पुग्न सक्नु हुनेछैन, यसैले वचनलाई गलत अर्थ लगाउन हुँदैन ।

७५. र यदि तपाईं वचन भित्रबाट कुनै कुरो भन्नु हुनछ र त्यसमाथि तपाईं आफ्नो कुनै अर्थ अध्यारोपत गरिदिनु हुन्छ, र तपाईं त्यसलाई कुनै अर्को समयको लागि लागू गर्नु हुन्छ जब कि ऊ पहिले कुनै अर्को समयको लागि लागू गरी सकिएको छ भने तापनि तपाईं त्यसको गलत अर्थ नै भन्नु हुनेछ ।

७६. यदि कुनै पनि पवित्र शास्त्रमा येशू मासिहलाई गलत अर्थ लगाउँछ कि उनी स्वयं परमेश्वर हुन् भने उसलाई द्बितीय व्यक्ति बनाउदछ या तीन परमेश्वरहरू एउटा बनाउँदछ, यो सम्पूर्ण पवित्रशास्त्रको प्रत्येक वचनमा गडबडी उत्पन्न गरिदिने छ । यो पहिलो आज्ञालाई नै उल्लंघन गरिदिन्छ । "मलाई बाहेक तेरो अरू कुनै परमेश्वर नहोस् ।" यो साचो हो यसले त सम्पूर्ण मसिही जातिलाई पागन मूर्ति पूजकहरूको एउटा झूण्ड बनाइदिने छ, जो तीन विभिन्न ईश्वरहरूको उपासना गर्दछन् । हेर्नु होला, तब तपाईंसँग कस्तो बाइबल भइजानेछ ? तब यसले हामीलाई त्यही बनाई दिनेछ । जुन यहुदी हामीलाई भन्दा छन् । उनीहरू भन्दछ- "ती परमेश्वरहरू भित्रबाट (मध्यबाट) तिम्रो कुन चाहिँ परमेश्वर

हुन् ?" देख्यौं ? अतः तपाईं हेर्नुस्, तपाईं गलत अर्थ लगाउन सक्नु हुन्न- तपाईले बाइबललाई गलत अर्थ लगाउनु नपर्ने हो, किन कि येशू स्वयं बाइबलको अनुवाद हुनु। जब उनी त्यस युगमा प्रकट भए भने त्यो उनको शरीरमा प्रकट हुनेवाला भाग हो जसमा उनी प्रकट भइरहेका छन्। हुँदैछ यदि यो हस्त युग हो भने यो हात नै हुनुपर्छ यो शीर्ष (सिर) युग हुन नै सक्दैन। यदि यो स्वर युग हो, ठीक छ तब यो पाद (पाँव) युग हुन् सक्दैन बुझ्यौ ? र अब हामी आँखाको युगमा छौं। र यसपछि उनी स्वयं हुन, र उनी स्वयं आउनेमा छन्। (हेरौला भविष्यवक्ता हो)

७७. हेर्नुस, पूर्वकालिन समयमा हामीले पहिलो कलिसियायी कालको निव (टुप्पो)बाट आरम्भ गरेका थियौं, जब पूर्ण बीज तल जमीनमा भासियोको थियो। यसपछि यो खुट्टाबाट, लुथरबाट हुँदै बाहिर आयो, यसपछि बैसलीबाट हुँदै बाहिर आयो, यसपछि पेन्टिकास्टलहरूमा आयो, जसमा जवान, ओंठ आयो बुझ्यौ ? अब यो आँखाको समयमा छ- भविष्यवक्ता कालमा छ, मलाकी ४ को समयमा छ। र अब अरू बाँकी केही आउन बाँकी छैन। सिवाय यसको कि ऊ स्वयं उसमाथि आएर लागोस किन कि यही अन्तिम कार्य हुनेछ। जुन अलग काम हुनुछ त्यो ज्ञानलाई आउनु हो, र हाम्रो आफ्नो कुनै बुद्धि छैन यो त उसको बुद्धि हो। बुझ्यौ ? हाम्रो कुनै दृष्टि छैन। एउटा मनुष्य भविष्यमा घटित हुनेवाला कुराहरूलाई कसरी देख्न सक्दछ ? ऊ त्यसो गर्न नै सक्दैन, उत स्वयं परमेश्वर हो जसले यसो गर्दछ। हेर्नुस, त्यो एउटा ठाउँ बनिसकेको छ, र ऊ सम्पूर्ण देहलाईनिर्देशन गर्दछ। तब मसिहको सम्पूर्ण देह (शरीर) एउटी दुलही (दुलहन)को रूपमा प्रकट हुन्छ जो उसको बाट निकालिएकी थिई- जस्तो आदि (सुरू)मा आदमले गरेको थियो वरू जस्तो सुरूमा आदमको थियो।

७८. हो हजुर, परमेश्वरको ............. वचनलाई गलत व्याख्यानले सम्पूर्ण बाइबलमा गडबडी उत्पन्न गरिदिनेछ, परमेश्वरको पहिलो आज्ञालाई उल्लंघन गरी दिने छ, र एउटा ईश्वरलाई उल्लघन गरी दिनेछ, र एउटा ईश्वर पागन समाजको जस्तो तीन ईश्वरहरू बनाइ दिनेछ। यो बाइबलको सम्पूर्ण तस्वीरलाई नास गरेर छाडी दिनेछ अतः तपाईंले बाइबललाई गलत व्याख्यान नगर्नु पर्ने अब यो पहिलो कुरो हो जुन हामीले गर्नु न हुने (नपर्ने)।

७९. जब कि पवित्रशास्त्रका प्रत्येक लेखको लागि एउटै कुरो लागु हुन्छ कि तपाईंले ऊ सँग उसको स्थानमा सुव्यस्थित गर्नु पर्छ र यदि तपाईं उसलाई गलत ठाउँमा व्यवस्थित गरी दिनु हुन्छ, भने हुन सक्दछ कि एउटा युगमा तपाईं परमेश्वर बनाई दिनुस् र उससँग आउने युगमा तपाईं उसलाई इतिहास बनाइदिनुहुन्छ। अतः तपाईंले बचनलाई गलत ठाउँमा व्यवस्थित नगर्नु पर्ने हो। (गर्नु हुँदैन) ऊ त सबै बेला परमेश्वर

हो। यदि तपाईं आज उसलाई इतिहासको परमेश्वर बनाउनु हुन्छ भने ऊ पूर्वकालमा के थियो, र के ऊ आज एक जस्तो छैन; भने फेरि तपाईं हिब्रु १३:८ सँग के गर्न गई रहनु भएको छ ? बुझ्यौं ? ऊ हिजो, र आज र युगानु युग एकैजस्तो छ।

८०. अब, अत: हेर्नुस् कि वचनलाई गलत स्थानातरण के गर्ने छ, । र यसले के गरेको छ। यो पहिलो नै भैसकेको छ कि उसको वचनलाई गलत स्थानमा लगाउनले ऊ आफ्नो नै वचनलाई इन्कार गरिदिन्छ।

८१. वचनहरूलाई बिगार्ने या अलग गर्नाले तपाईं उसको शरीर (देह) लाई पूरा किसिमले विगारी दिनुहुनेछ र यसो गर्नाले जहाँ सिर हुनुपर्ने हो त्यहाँ खुट्टा या अन्य केही हुनेछ। यो ठीक यस्तै हुनेछ ........... अर्को शब्दहरूमा यो ठीक यस्तै हुनेछ तपाईंले यो पाउन सक्नुहुन्छ कि बेसेली लूथरको युगलाई प्रचार गरिरहेको छ। अब तपाईं भेटाउन सक्नु हुन्छ कि हाम्रो युगमा पेन्टिकास्टल सन्देशलाई वरदानको प्रचार भइरहेको छ। तपाईं हेर्नुस कि यसो गर्नाले यसमा के गडबडी पैदा हुनेछ ? पिन्ते कुस्तलले त पहिले नै आफ्नो रंग देखाइसकेको छ। लुथरले पनि पहिले नै आफ्नो रग देखाइसकेको छ ऊ त फेरि पनि फर्किएर नामधारी गिरजाहरूमा गइसकेको छ। ऊ त ठीक त्यहीनिर मरिसकेको थियो। युगआरम्भ भयो र यसपछि त्यो समाप्त भयो।

८२. गौर गर्नुस् (विचार गर्नुस्, ध्यान दिनुस्) जतिखेर नै त्यो संस्थागत भयो त्यतिकै ऊ मृत भयो। अब केवल यो हेर्नुस्, के यो ठीक छैन। तपाई इतिहासको पानाहरूलाई पछाडि फर्किएर हेर्नुस्। जब यो संस्थागत भयो ऊ त्यतिबेलै मरेको थियो, यसमा केही बाँकी रहेको थिएन। यो बनिसक्यो संसारको ईश्वरको उपासक र यो संगठनहरू र संस्थाहरू र नामधारी गिरजाहरू अरू विघटनतिर अभिमुख भए। बेकारका (काम नलाग्ने) मानिसहरूको एउटा हुल यसमा पसे (घुसे), र उनीहरूले आफ्नो आपतिहरू यसमा घुसारी दिएका थिए या बल्की उनीहरूले आफ्नो विचारहरूलाई यसमा घुसारी दिएका थिए र यो के बनेको थियो ? यो गडबडीहरूको जमघट बनेको छ। यो यस संसारको ईश्वरकोतर्फ बढ्दै गइरहेका छन् जहाँ उनीहरू स्वयं शैतानलाई सिहासन आफनो ठाउँमा आसिन गरिदिने छन् सोचिरहेका छौं कि उनीहरूसँग संसारको महान नेता छ जो उनीहरूमा शान्तिको स्थापना गरिरहेको छ।

८३. मैले तपाईंलाई कुनै अर्को दिन बताएको थिएँ- अब म यसलाई फेरि पनि भन्दछु यहाँसम्म कि आज सभ्यता पनि पूरा किसिमले परमेश्वरको विरूद्ध छ। सभ्यता परमेश्वरको विरूद्धात्मक छ। शिक्षा परमेश्वरबाट लाखौं कोश (मिल) टाढा छ। विज्ञान परमेश्वरबाट लाखौं मिल टाढा छ। विज्ञान र शिक्षा परमेश्वरलाई धार्मिक मठहरू, र विद्यालयहरू र विज्ञान कक्षाहरू, आदिको द्वारा गलत सावित गर्ने चेष्टा गरी रहेको छ (बुझ्यौ

?) उनीहरूले आफ्नो आन्दोलन गरी सकेका छन्। कुनै अन्य रात्रीको त्यस दर्शनको विषय के छ जसमा एउटा व्यक्ति ती वैज्ञानिकहरूको विरोधमा कराई रहेको थियो जुन आफ्नो सडेगलेका विचार प्रस्तुत गरिरहेका थिए। एउटा दौड अरू छ।

८४. ओ हो , यी तीन अनिवार्यहरूलाई ध्यान दिनुस् यी तीन अनिवार्यहरू हुनुपर्छ। अब, तपाईं गर्न सक्नु हुन्न ....... येशू नूहको सन्देशलाई प्रचार गर्न आएको थिएन। ऊ मोसाको सन्देशलाई प्रचार गर्न आएको थिएंन या मोसा प्रचार गर्न आएको थिएन........ हेर्नुस्, वचनको अर्थ कुनै गलत ठाउँमा न लगाउनुस्। यसलाई त आफ्नो नै समयमा हुनुपर्छ। अब तपाईं यसलाई लागू गर्न सक्नु हुन्न जब त्यो महान व्यक्ति वैसली बाहिर आएको थियो जब महान व्यक्ति लूथर आए तब उनले गिरजालाई अन्ध्यारोबाट बाहिर निकाले र उनले विश्वासकोद्वारा न्यायोचित स्थापित गरे। र जब उनले यो गरे, भने मानिसहरूले यसमाथि एउटा संस्थालाई निर्माण गरी छाडे र यो त्यही मरी गयो। जीवन जसरी गहुँको बाट गति गर्दै बैसलीको युगको मा प्रवेश गरेको थियो त्यस्तै लुथरबाट अरू अर्को पाटहरू निकाल्न थालेको थियो। जुन कि जीवलगिदल र कैलवीन र अन्य सबै थिए जुन त्यस महान सुधार कार्यबाट (भित्रबाट) निस्किएर आएका थिए परन्तु यो यिनीहरूसँग मृत भएको थियो।

८५. यसपछि वैसली आयो- एउटा अर्को युगको रूपमा फूल्न थाल्यो। बैसली र एटरवरी, र ती सबै र जान र भाइ र ती सबै परमेश्वरका महान जन आफ्नो सन्देशसँग पूरा देशभरी। यसपछि उनीहरूले यसलाई संगठीत गरे र यो मृत भयो। यसपछि यस्तो प्रतित भैरहेको थियो कि अब यसमा दाना लाग्न थालेका छन्, परन्तु जब यसलाई हेरियो त यो बोक्रो भूस थियो- यो पेन्टीकास्टल थियो। परन्तु यी सबैको पछाडि एउटी सानी निकलिई। र तपाईं ध्यान दिनुस्......... म सोच्दछु कि लुथरको बेला (समय) जब ऊ कार्यक्षेत्रमा थियो तब यसको लगभग तीन या चार वर्ष उप्रान्त नै लुथरन गिरजा संगठीत भएको थियो। वैसलीको कार्यक्षेत्रमा बसेको केही बेर पछि नै यो संस्थागत भएको थियो।

८६. ट्यूसानमा एउटा कार्यक्रम भएको थियो जसमा यो देखाइएको थियो कि वैसलीको गिरजा वा मैथोडिस्ट गिरजा कस्तो प्रकारले अस्थितत्वमा आएको थियो। र तिनीहरू जब अमेरिकामा आए, तब धेरै मानिसहरूले फर्किएर आएर भने कि उनीहरूले इग्लेण्डको एउटा चरित्र तयार गरेका छन् जसलाई उनीहरू यहाँ लिएर आएका छन्, र यसलाई यस्तै प्रकारले दर्शाइएको थियो। यसको ठीक पछि मैले के देखेको थिएँ- कि ऊ मरिसकेको थियो (मरेको थियो)।

८७. ठीक यसपछि पेन्टकाँस्टल आउँद छन्, यि ती पुराना चिच्याहट पुकार गर्नेवाला मानिस हुन जो धेरै समय पहिले हुने गर्दथिए। यिनीहरूलाई

अन्य अन्य भाषाहरूमा बोल्ने बरदान पाए र यिनीहरू अन्य अन्य भाषामा बोल्न थाले। यसपछि यिनीहरूले यसलाई "पवित्र आत्माको प्रमाण" नाम दिए। यसपछि तिनीहरू संस्थागत भए। एउटाले भन्यो, ऊ यो गर्न गइरहेको छ, भने अर्कोले भन्यो कि ऊ त्यो गर्न गइरहेको छ। यसपछि उनीहरूमा विवादमाथि विवाद हुँदै गए। यसबाट के भयो ? यिनीहरूले पनि ठीक त्यसो नै गरे जस प्रकारले गरेका थिए तिनीहरूमा प्रत्येक अपूर्ण रहे। उनीहरूमा एकवाद, द्विवाद, त्रिवाद र चर्च आफ गोड र अन्य सबथोक बने र उनीहरू अपूरो अपुरो नै रहे। परन्तु प्राकृतिको अनुसार, जुन कि एउटा सिद्ध उदाहरण हो यसको बाहिर (योभन्दा बाहिर) तपाईं कहिले पनि सिखाउन पाउनु हुने छैन।

८८. मेरो मित्रहरूको एउटा परिवारमा जो कि कन्टेकीमा छन्, कुनै अन्य दिन एउटा बालक उत्पन्न भएको थियो, र जब उनी हाम्रो भोजन पकाईरहेका थिए त आमा माथि थिइन। अर्को बहिनीलाई, जो कि हामीहरूको लागि जो शिकारको लागि आएका थिए, खाना पकाउनमा सहयता गरी रहेको थिइ। तब बालक रुन थाल्यो र कुरा गरिरहेको थिएँ। म विचार गर्दछु कि आमालाई अलिकता दु:ख (झण्झट) अनुभव भयो, अत: उनी दौडिन र उनले आफ्नो बच्चोलाई बोकिन र उसलाई पोषित गर्न थालिन अर्थात् उसलाई दूध पिलाउन थालिन। मैले भने- "तपाईंलाई थाहा छ, त्यो त प्राकृति हो।" बुझ्यौ ? अब तपाईं गर्न सक्नु हुन्न ......... उनीहरू बालकको लागि कुनै अरू राम्रो बाटो पाउन सक्दैनन कि उनीहरू उसलाई त्यही दिउन जसको लागि ऊ रोइरहेको छ। अब हुन सकछ कि तपाईं उसलाई पौराणिक कथाहरूको पुस्तक दिनुस र बस्नुस र भन्नुस् "पुत्र, म तलाईं धर्मशास्त्रीय ज्ञान पढाउन चाहान्छु। अब तिमी अरू केटाकेटीहरूको जस्तो चारैतिर चिच्याउन कराउन बन्द गर, तिमी अरूभन्दा भिन्दै छौं। अब, जब तिमी यो चाहान्छौं कि तिमीलाई भोजन ख्वाइयोस् , या तिमीलाई दूध पिलायियोस भन्ने तिमी यहाँनिर भएको यस सानो घण्टीलाई बजाउनु" परन्तु यसले काम चल्दैन। हजुर होइन, यसले काम चल्दैन। यसैले जब तपाईं प्रकृतिलाई अवलोकन गर्नु हुन्छ .............

८९. अब हामी हेर्दछौ कि प्रत्येक युग यसप्रकारले बनाएको थियो कि अब हामी अन्तिम युगमा छौं। भूसको बोक्रा अलग भैसकेको छ। र अब हामीलाई प्रन्ध या लगभग विस वर्ष भै सकेको छ र सन्देश एउटा देशबाट अर्को देशसम्म फैलिसकेको छ र यस विहान यो सन्देश टेलिफोन पद्धतिकोद्वारा यस प्रान्तको (भन्दा) बाहिर पुगिरहेको छ, र त्यसको कुनै संस्था छैन। यो संस्थागत हुन सक्दैन। यसमा यस्तो जस्तो केही पनि भएको छैन र नत यस्तो हुने नै छ। बुझ्यौ ? त्यो कुरो जुन आज सन्देशमा महत्व राखेको छ, यो हो कि जो यसलाई आफ्नो हृदयमा ग्रहण गर्दछन, उनलाई पुत्रको उपस्थितिमा रहिरहनु पर्छ ताकि

यो पाक्न सकोस् तपाईं सन्देशलाई ग्रहण गर्न सक्नु हुन्छ र तब पुत्रलाई तपाईंभित्रबाट तपाईंको सबै हरियालीलाई पकाउन दिनुसकि तपाईं परिपक्व मसिही बन्नुस्। के तपाईंले बुझ्नुभयो। मेरो भन्नु को के तात्पर्य हो ? परमेश्वर छिट्टै नै आफ्नो कलिसियालाई लिन आइरहेका छन् र हामीलाई यस्तै प्रकारका मसिह हुनुपर्छ कि हामी उसलाई स्वागत गर्न सकौं। गहुँलाई त पकाउनु नै छ। यो सही कुरा हो।

९०. यी तीन अनिवार्यताहरू अवस्य हुनुपर्छ। वचनलाई गलत व्याख्यान या गलत उपयोग नगर्नुस (नगर्नु होला) यसलाई गलत व्याख्यान या गलत स्थान्तरण नगर्नु होला। यसलाई ठीक त्यस्तै राख्नुस् जसरी परमेश्वरले यसलाई (यससँग) गरेका थिए। संसारको लागि यो भेदको पुस्तक हो। मानिस केवल यो विश्वास गर्दछन कि यो रहस्यमयी पुस्तक हो।

एक पटक म यहाँ यस शहरमा एउटा सारै नै विख्यात व्यक्तिसँग जसलाई मसिह माथि राम्रो असल दवाव छ कुराहरू गरिरहेको थिएँ, र उसले भनेको थियो, "एक राती मैले प्रकाशित वाक्यको पुस्तक पढ्ने प्रयत्न गरेको थिएँ। हुन सक्दछ यूहन्नाले असाध्य धेरै कालो खोर्सानी खाएको होला, र उसले यो भयंकर सपना देखेको होला।" देख्यौ उनीहरूको लागि यो भेद पूरा पुस्तक हो- परन्तु- जब कि साच्चा विश्वासीको लागि यो परमेश्वरको प्रकाशन हो जुन यो युगमा जसमा कि हामी रहिरहेका छौ प्रकट भएको छ।

९१. उसले भन्यो- "मेरो कुरा नै आत्मा र जीवन हो।" येशूले यो भनेका थिए। फेरि यी येशूले यो पनि भन्नुभएको थियो, "वचन वीज हो जसलाई विउ रोप्नेले रोपी दिन्छ।" हामीलाई थाहा छ कि यो सत्य हो। यो परमेश्वर हो जो वचनको रूपमा छ, र यसको अनुवाद केवल परमेश्वरको द्वारा नै गर्न सकिन्छ। कस्तो प्रकार एउटा समिति विभाग अनन्त विचारलाई व्याख्या गर्न सक्दछ, जब कि हामीसँग एक अर्काका विचारको व्याख्या नै हुन पाउँदैन ?

९२. र तपाईं ध्यान राख्नुस्, केवल त्यो नै एउटा यस्तो छ जो यसलाई व्याख्या गर्न सक्दछ, र ऊ यसको अनुवाद या व्याख्या त्यसैमाथि गर्दछ जसमाथि उसको इच्छा हुन्छ के यस्तो भनिएको छैन कि पुराना मरेकाहरू माथि जुन एउटा कुना (किनारा)बाट अर्को किनारा गएका थिए। परमेश्वरले उनीहरूसँग बितेको समयहरूमा भिन्न-भिन्न तरिकाहरूबाट उनीहरूसँग कुराहरू गरे। परमेश्वरले पुर्वकालीन समयमा भाँती-भाँतीले आफूले आफैलाई भविष्य वक्ताहरू माथि प्रकट गरे। बुझ्यौ ?

९३. र ध्यान दिनुस्, कि ऊ यसलाई कोमाथि प्रकट गर्ने छ ..... र उसले आफूले आफैलाई यस्तो बनाएको छ कि ऊ स्वयंलाई वचनहरूमा लुकाएर वुद्धिमानि धर्म शास्त्रीहरूको दृष्टिबाट लुकाई रहोस् ओहो ! ऊ

आफूले आफैलाई लुकाउन सक्छ वचनमा लुकेरै बसी रहन सक्छ, र तपाईं सारा दिनभरी हेर्दै रहनुस तपाईं उसलाई कहीले देख्नु हुन्न, तपाईं सारा जीवनभरी हेरी रहनुस् र तपाईं उसलाई कहिले देख्न सक्नु हुन्न। ऊ त्यहीनिर हुँदा हुँदै पनि आफूले आफैलाई लुकाउन सक्छ।

९४. अब कृपया, तपाईं यसलाई आफूभित्र प्रत्येक ठाउँमा अवशोषित हुन दिनुस कि परमेश्वर वचनमा छन् र आफूले मान्नुस् कि परमेश्वर वचनमा छन। आफूले आफैलाई वचनमा लुकाउन सक्छ, ताकि संसारका विद्वान र धर्मशास्त्रका ज्ञाता उसलाई कहिले पनि खोज्न सक्दैनन्। जब कि ऊ त्यही हुन्छ जब कि ऊ वचनमा नै हुन्छ। तपाईं भन्नुहुन्छ,- "भाइ ब्रान्हाम, के यो सत्य हो ?" ती सद्दिकीहरू र फरीसीहरूको विषयमा के छ ? अर्को युगको विषयमा के छ ? निश्चय नै। उसले यसो गरेको थियो। यसले यस्तो प्रत्येक युगमा गरेको छ। अब हामी यसलाई जाँच गर्न सक्छौ। आउनुस अब हामी नूहको दिन यसलाई विचार गरौं जुन कि तीव्र बुद्धि वाला ज्ञानवाला युग थियो। उसले आफूले आफूलाई आफूले प्रतिज्ञा गरेको वचनमा कसरी लुकाएको थियो। मुसाको दिनहरूमा उसले आफूले आफैलाई कसरी लुकाएको थियो। एलियूयाहको दिनहरूमा उसले आफूले आफैलाई कसरी लुकाएको थियो। येशूका दिनहरूमा उसले आफूले आफैलाई कसरी लुकाएको थियो। "उ जगत्मा थियो, र जगत्ले उसलाई चिनेन। ऊ आफ्नो घर आयो र उसका आफ्नाले उसलाई ग्रहण गरेनन्।" देख्यौं ? ऊ आफूले आफैलाई संसारको प्रविण बुद्धिवाला मासिनहरूसँग र ज्ञानवान मानिसहरूसँग (बाट) लुकाउँदछ।

९५. तपाईं भन्नुहुन्छ, "ठीक छ, यो व्यक्ति डाक्टरको उपाधि प्राप्त पवित्र पिता र यो ऊ हो।" म यसको प्रवाह गर्दिन कि ऊ कोहो, परमेश्वर आफूले आफैलाई उससँग लुकाउछन् र जस्तो कि हामीले सिकेका छौ ऊ आफूले आफैलाई बालकहरू माथि परमेश्वरका बालकहरू माथि पहिलेदेखि छानियाका वीजन माथि प्रकट गर्दछन्।

९६. विचार गर्नुस; सर्वशक्तिमान परमेश्वर आफ्नो वचनमा छन् र उनले यस वर्तमानको प्रविण बुद्धि वाला, शिक्षित मानिसहरूलाई अन्धो गरेका छन् उनीहरू उनलाई देख्न सक्दैनन् (पाउदैनन) र उनीहरू सोच्दछन् कि यो धार्मिक कट्टरवादीहरूको समूह हो। उसलाई यहाँ उभिरहेको हेर्नुस्, उसले आफूले आफैलाई पेन्टीकास्टलहरू मैथोडिष्टहरू र प्रेस विटेरियनहरूसँग लुकाई राखेको छ र आफूले आफैलाई सार्वजनिक रूपबाट प्रकट गरिरहेको छ, र सबै प्रकारका चीजहरूलाई देखाई रहेको छ, यहाँसम्म कि समाचार पत्रहरूमा पनि यी कुराहरूलाई छापिन गइरहेको छ, र यसै प्रकारका कुराहरू भइरहेका छन्, तर पनि उनीहरू यसलाई देख्न सक्दैनन्। ओहो, हाम्रो परमेश्वर कति महान छन् उनी

आफूले आफैलाई केवल उनीहरू माथि प्रकट गरिरहेका छन्। जसमाथि आफूलाई प्रकट गर्ने उनी इच्छा राख्द छन्।

९७. तपाईं भन्नु हुन्छ, "ओहो; भाइ जोन्स या अमुक-अमुक भाइ ऊ धेरै नै (सारै नै) महान व्यक्ति हुनुहुन्छ। ऊ यसलाई देख्ने छ।" होइन, होइन ! ऊ त आफूले आफैलाई उनीहरू माथि प्रकट गर्दछ जसमाथि आफूलाई प्रकट गर्ने ऊ इच्छा राख्द छ। तपाईं भन्नु हुन्छ, मेरी पत्नी यसलाई देख्दिनन। उनी एउटी मसिही स्त्री हो।" ऊ आफूलाई उनीहरू माथि प्रकट गर्दछ जसमाथि ऊ आफूलाई प्रकट गर्ने इच्छा राख्द छ। बुझ्यौ ? तपाईं भन्नुहुन्छ- ठीक छ, मेरो पास्टर एउटा महान व्यक्ति हुन् त्यो ठीक छ, परन्तु ऊ आफूले आफूलाई प्रकट गर्नको लागि इच्छा राख्दछ। अब तपाईं माथि जुनप्रकट भइसकेको छ, तपाईं घटित भइरहेको छ, त्यसबाट जाँच्नोस्। तब तपाईं भलिभाँती (राम्रोसँग) यसलाई बुझ्न सक्नुहुन्छ।

९८. अब हामी यसमाथि ध्यान दिन्छौं कि, यसबाट यो पुस्तक, परमेश्वरको पुस्तक बन्दछ, नकि मनुष्यको पुस्तक। यदि यो पुस्तक मनुष्यको भएको भए ..... आउनुस् अब हामी हेरौं कि यो स्वयं आफूले आफैलाई कसरी प्रकट गर्दछ। हेर्नुस् यो कसरी त्यस व्यक्तिको पापलाइ खुलासा गर्दछ। जसले यसलाई लेखेको थियो। त्यस व्यक्तिमाथि गौर गर्नुस् जो यसको बेला दिनहरूमा रहन्थ्यो (बस्थ्यो)- उदाहरणको लागि अब्राहिम माथि गौर गर्नुस्। ऊ विश्वासीहरूको पिता भनिन्छ। गौर गर्नुस् कसरी ......... के तपाईं सोच्नु हुनछ कि स्वयं आब्राहीमले यसलाई आफू माथि आफ्नो माथि लेखेको छ ? तपाईं कसरी विचार गर्नुहुन्छ कि उसले त्यो लेखेको होला कि त्यस विहान उसले राजासँग झुठो बोलेको थियो, र भनेको थियो कि ऊ उस्की बहिनी हो जब कि ऊ उस्की पत्नी थिई ? निश्चय नै उसले यस्तो कहिले नगरेको भए।

९९. याकुवको आफ्नो बेइमानीको विषयमा के छ ? एउटा सानो जस्तो धोखेवाज जोथियो; ऊ याकुव थियो। के एउटा मानिस हिब्रु व्यक्ति जो कि आफ्नो त्यस भाइको विषयमा लेखिरहेको छ, जसमा हुँदै सारा इस्रायल बोलाइएको थियो; के ऊ यो लेखनलाई दुस्साहस गर्न सक्दथियो कि उसको राष्ट्रको पिता धोखेबाज थियो ? याकुवसँग पूर्वक आए र पूर्वजहरूबाट गोत्र आए। र यी सबैका पत्थर (ढुङ्गा) लाई पवित्रशास्त्रलाई धोखेबाज गरेर दर्शाएका छन् उसलाई धोखेवाज गरेर देखाएका छन्। यो ठीक छ हैन ? के तपाईं विचार गर्नुहुन्छ कि मनुष्य यस्तो लेख्न सक्दछ हजुर होइन, श्रीमान।

१००. एउटा मनुष्य यस्तो कसरी लेख्न सक्द थियो कि उनीहरूको राजा यस पृथ्वीको महान्‌तम राजा थियो- उसले व्यविचार गरेको थियो र ओहो, हामीसँग जार्ज वाशिगटन जस्तो व्यक्तिको इतिहास छ जसले कहिले झुठो बोलेको थिएन- हामीसँग यसै प्रकारका चीजहरू छन्। हामी

यसलाई इतिहास भन्दछौं। परन्तु यहाँ बाइबलमा एउटा व्यक्ति दाउद छ जसलाई बाइबल व्यविचारी भन्दछ र ऊ व्यवचारी थियो र ऊ इस्रायलको राजा थियो। ऊ एउटा व्यवचारी थियो, जो जुन पुत्र हुनको लागि जन्मिएको थियो........... येशू दाउदको पुत्र हुनकोलागि जन्मिएको थियो र येशू नै त्यस कुनाको पत्थर (ढुगो) हुन, र शरीरक रितिको अनुसार उसको पिता व्यविचारी थियो। यहुदीले कदापी यस प्रकारको पुस्तक लेख्न सक्दैन थियो। के मनुष्य स्वयंम नै आफ्नो खरावी (बुराई) लाई यसरी लेख्न सक्दथियो ? निश्चय नै होइन।

१०१. कसरी त्यो अभिमानी इस्रायल राष्ट्र के तपाईंलाई थाहा छ कि अनि कति अभिमानी थिए अभिमानी इस्राइल आफ्नो मूर्तिपूजाको विषयमा स्वयं कसरी लेख्न सक्द थियो, उसले परमेश्वरको विद्रोह गरे त्यसको विषयमा ऊ स्वयं कसरी लेख्न सक्दथियो; ती फोहोरी भ्रष्ट कार्यहरूको विषयमा ऊ कसरी स्वयं लेख्न सक्दथियो, जुन उनीहरूले गरेका थिए- जो कि यस पुस्तकमा लेखिएका छन् ? निश्चय नै उनीहरू यसलाई गुप्त राख्द थिए। उनीहरू खाली राम्रा कुराहरू लाइ नै वर्णन गर्द थिए परन्तु यो बाइबलले भन्छ- कि के गलत हो र के सही हो। जो सुकैलाई पनि यो थाहा छ कि यहूदी कदापी यस्तो पुस्तक लेख्न सक्दैन थिए जसमा स्वयं उनीहरूको भ्रष्टचार मुर्तिपूजा र असफलताको र ती सबै कामहरूको वर्णन होस जुन उनीहरूले गरेका थिए उनीहरू कदापी त्यसलाई लेख्न सक्दैन थिए। ओ हो, होइन। उनीहरू यसो गर्न सक्दैन थिए। त्यसो भए यसलाई कसले लेखेको हो ? बाइबल हिब्रु १:१ मा भन्दछ- "पूर्वकालमा परमेश्वरले बाउ बाजेहरूबाट अलिअलि गरेर थरी थरीसँग कुराकानी गरे।" त्यसबेला यो भविष्यवक्ता थिएन। यो कुनै मरनहार थिएन। पूर्व युगमा भविष्यवक्ताहरूले होइन बरू परमेश्वरले नै पूर्व युगमा बाउ बाजेहरूसँग भविष्यवक्ताहरूको कुराहरू गरे।" मैले यस माथि यहाँ निर वचनलाई एउटा लेखेको थिएँ। मलाई थाहा छ कि त्यो के हो, म त्यसको बयान दिन सक्दिन। आमतौरबाट जब म यस कुरालाई वयान दिन्छु भने म वचनलाई हेर्दछु यदि तपाईं मलाई क्षमा गर्नु हुन्छ भने म यसलाई एक मिनेटको लागि हेरूँ। यो २ तिमोथी ३:१६ पढौ र हेरौ कि यो के भन्दछ।

हर एक वचन (पवित्रशास्त्र) ........ (हजुर अँ) परमेश्वरको प्रेरणाबाट रचियो (के यसलाई भविष्यवक्ताले रचे ? प्रेरणा के हो) ........ र उपदेश, र समझाउने र सुधार्ने र धर्मको शिक्षाको लागि लाभदायक छन्। ताकि परमेश्वरकोजन (मान्छे) (आफन्त) सिद्ध बनुन्, र रहेक असल कामको लागि तत्पर हउन।

१०३. ठीक छ, सबै वचन (पवित्र शास्त्र) परमेश्वरको प्रेरणाबाट रचियो। जब येशू यस पृथ्वीमाथि थिए तब उनले भनेका थिए कि पृथ्वी र आकाश

हराउन सक्छन् परन्तु उनको वचन हराउँदैन। उनले भने कि हरेक वचन पूरा हुन पर्छ। अतः त्यसो भए वाइबल मानिसले लेखिएको पुस्तक होइन, यो त परमेश्वरको लेखेको पुस्तक हो।

१०४. अब हेर्नुस, हामीलाई थाहा छ कि परमेश्वर पहिले देखि नै गरिएको चुनावको द्वारा आफ्नो मण्डली, आफ्नो ठाउँ, आफ्ना भविष्यवक्ताहरूलाई जे जति जे सुकै) पनि छ चुन्दछ (छान्दछ) आफ्नो पूर्व ज्ञानको द्वारा नै ऊ आफ्ना भविष्यवक्ताहरूलाई पहिलेदेखि नै चुन्दछ (छान्द छ)। जब समय या काल आउँछ तब परमेश्वरको एउटा भविष्यवक्ता हुन्छ (हुने गर्छ) र परमेश्वर उसलाई प्रेरित गर्दछन् कि ऊ उसको द्वारा (त्यसको मार्फत्) बाइबल लेखोस्। परमेश्वरले वाइबललाई केवल भविष्यवक्ताहरूलाई उपयोग गरेर लेखेका हुन् किन कि यसलाई गर्ने र यसलाई लेख्न परमेश्वरको यही एउटा मात्र तरिका हो। अतः हेर्नुस कि यो कुनै मामुली वचन होइन यो परमेश्वरको वचन हो, यो मानिसको वचन होइन।

१०५. परमेश्वर व्यक्ति हुन्। परमेश्वर बोल्न सक्छन्। परमेश्वर कुराकानी गर्न सक्छन्। परमेश्वर लेख्न सक्दछन्। उसले यसलाई यस किसिमबाट गर्नु हुँदैन थियो, परन्तु यही हो उसको तरिका जसलाई उसले गर्नको लागि चुनेको (छानेको) छ। अब तपाईं भन्नुहुन्छ, परमेश्वरले आफ्नो औंलाले लेखेका थिए। अतः यदि प्रभु चाहानु हुन्छ भने उनी स्वयं लेख्न सक्नु हुन्छ।" देख्यौं ? अतः परन्तु उसले यो चुने कि यसलाई भविष्यवक्ताहरूको द्वारा लेखौं किन कि उनको गुण थियो- उनले आफ्नो वचनलाई उनीहरूको मार्फत् प्रकट गरे र उसलाई एक भाग बनाईदिए या त्यो उनको भाग हो। बुझ्यौ ? उनी आफ्नो औंलाले लेख्न सक्दथिए। उनले एक पटक आफ्नो औंलोले बाबुलको पर्खालमा यो पनि लेखका थिए- "तराजुमा तौलिइयो र तौलमा हलकार (हलौं) पाइस।" उनले यो आफ्नै औंलाले लेखेका थिए।

१०६. परमेश्वर कुराहरू गर्न सक्छन्। के तपाईं विश्वास गर्नुहुन्छ कि परमेश्वर कुराहरू गर्न सक्दछन् ? उनले मुसासँग बल्दै गरेको पहाडको झाडी (झोर)मा कुराहरू गरेका थिए। के तपाईं यसलाई विश्वास गर्नुहुन्छ ? हजुर अँ श्रीमान ! उनले युहन्नासँग पिडुक्कको कुराहरू गरेका थिए, र भनेका थिए, यो मेरो पृय पुत्रले जसमा म वास गर्नको निम्ति अन्यन्त प्रसन्न छु।" के तपाईं यसलाई विश्वास गर्नु हुन्छ ? परमेश्वरले येशूसँग कुरा गरेका थिए। परमेश्वरले रूपान्तरको पर्वतमाथि येशूसँगपतरस, याकुव र युहन्नाको अगाडि (सम्मुख) कुराहरू गरेका थिए। उनी कुरा गर्न सक्छन्। उनले येशूसँग रूपान्तरको पर्वतमा कुरा गरेका थिए। उनले येशूसँग सारै ठूलो हुनुको अगाडि कुरा गरेका थिए जब मानिसहरूले भनेका थिए, बादल गर्ज्यो, परन्तु यी परमेश्वर थिए जो

येशूसँग कुराहरू गरिरहेका थिए। लगभग सबै नै अर्थात् मती, मरकुस, लुका र युहन्नामा येशू नै कुराहरू गरिरहेका थिए। उनी परमेश्वर हुन। अतः परमेश्वर कुरा गर्न सक्दछन्।

१०७. एक दिन उसले आफ्नै औंलाहरूले रेट (भेला)मा लेखेका थिए। उनले प्रचार गरेका थिए, उनले आफ्नै नै ओठहरूबाट भविष्यवाणी गरेका थिए। परमेश्वरले यस्तो गरेका थिए र उनले हामीहरू माझमा डेरा गरेका थिए। परमेश्वर देहमा प्रकट भएका थिए। यदि उनी लेख्न सक्दछन् बोल्न सक्दछन् भने के उनी अरूलाई भन्न सक्दैन कि के गर्नु छ ? निश्चय नै, उनी यसो गर्न सक्दछन्। उनी उनीहरूबाट मानवीय आवाज (बोली) मा कुराहरू गर्न सक्दछन् कि के गर्नुपर्छ। उनले यसो गरिसकेका छन्। अतः पूर्व युगमा परमेश्वरले बाबु बाजेहरूसँग अनेक तरहले भविष्यवक्ताहरूको द्वारा कुराहरू गरेका छन्। उनले यस लेखको लागि भनेका छन् कि यसको एउटा सुक्ष्म शब्द या एउटा सानो खाले चिनो सम्म पूरा नभैकन यो टल्न सक्दैन। (टर्न सक्दैन) जबसम्म यो पूरा हुँदैन, र त्यसपछि यो प्रकट हुनेछ। तब यो पूरा भैजान्छ, किन कि ऊ प्रकट भै जान्छ। पूरा नभैकन टर्न सक्दैन। Jot शब्दको अर्थ हुन्छ "सुक्ष्म शब्द" Tittle को अर्थ हुन्छ "सानो जस्तो (खाले) चिनो (चिन्ह) यहाँसम्म कि एउटा थोप्लो, एउटा भावमा जे सुकै पनि परमेश्वरको वचनमा छ त्यो विफल हुन सक्दैन। यो विफल हुन नै सक्दैन, किन कि यो परमेश्वर हो, वचन स्वयं देहधारी भयो, परमेश्वर मानवीय देहमा प्रकट भए। किन कि यो स्वयं परमेश्वर हो जो अक्षरहरूको रूपमा जो भविष्यवक्ताहरूको रूपमा प्रकट भए, देहमा प्रकट भए। अब, यही कारण थियो कि येशू भन्न सक्दथिए, जसले तिमीसँग कुराहरू गरे जसले तिमीसँग परमेश्वरको वचनको द्वारा कुराहरू गरे तिमीले तिनीलाई इश्वर भन्यौं। "र उनी ईश्वर थिए" ती भविष्यवक्ता जब परमेश्वरको आत्मासँग अभिषिक्त हुने गर्दथे र एकदमै ठीक-ठीक परमेश्वरकोवचन ल्याउदथे, तब उनीहरू ईश्वर हुन्थे र यो त परमेश्वरको वचन थियो जुन उनीहरूको द्वारा (हुँदै) बोली रहेको थियो।

१०८. उनीहरू केवल त्यही व्याख्या गर्दछन्। जुन व्याख्या गर्नको लागि लेखक उनीहरूलाई अनुमति दिने छ। अब यदि तपाई यो थाहा पाउन चाहनु हुनछ भने, यो अर्को पतरस १ र २० र २१ छ। ठीक छ। किनकि यो कहाँ परमेश्वर परमेश्वरको निजी अनुवादक होइन। ऊ अनुवाद स्वयं गर्दछन्। परमेश्वर बोल्दछन् र स्वयं त्यसको (उस्को) अनुवाद गर्दछन्, यसपछि जसमाथि ऊ चाहान्छ, उसमाथि यसलाई प्रकट गर्दछन् र अरूबाट यसलाई लुकाउँछन्। उनी यसलाई अरूमाथि त्यति बेलासम्म प्रकट गर्दैनन जबसम्म उनी यसलाई प्रकट गर्न चाहँदैनन। उनी आफ्नो समस्त कुराहरूलाई वचनमा प्रकट गरिसकेका छन्। यसैले सबै

कुरा पहिलेदेखि नै विदित गरीदिएको छ- उनी त वस बसेर यो घटित हुँदै (विग्रदै)गरेको हेरी रहेका छन्। उनी त वस देह (शरीर)लाई बन्दै गरेको र यसलाई पुन: उसको दुल्हन (वेहुली) को स्वरूपमा बद्लिदै (ढल्दै) गरेको हेरी रहेको छ। यो साँचो हो।

१०९. विश्वासी यसलाई विश्वास गर्दछन्, जसरी, इब्राहिमले यद्यपि ती वस्तुहरू न भइकन पनि तिनको आशा गरेका थियो।

११०. यो पनि हो कि यो वचन हृदयको गुप्त विचारहरूलाई जाँच्दछ। हिब्रु ४:१२। यो हृदयको गुप्त विचारहरूलाई जाँच्दछ।

१११. भविष्यवक्ता कहिलेपनि यो बुझ्दैन थिए कि उनीहरू के लेखिरहेका थिए उनीहरू के भनिरहेका थिए या यदि उनीहरू यो बुझ्न सक्थे भने उनीहरूलाई यसलाई। बुझ्यौ र परन्तु पवित्र शास्त्र भन्दछ कि उनीहरू पवित्र आत्मा थिए। जब पवित्र आत्मालाई हिडाउछन् भने तपाईं हिड्नु हुन्छ। मनुष्य परमेश्वरले पूर्व युगमा र थरी-थरीबाट ती भविष्यवक्ताहरूको द्वारा कुरा गरे कि जुनपवित्र आत्माले हिडाउदा हिड्द थिए। यही कारण हो कि सबै बेलाहरूमा तीमानिसहरूले जो आत्मिक थिए, समयहरूको विषयमा र भविष्यमा के हुने वाला छ, को विषयमा भविष्यवक्ताहरूसँग सल्लाह (समति) लिए। भविष्यवक्ता लेखकलाई नियत रूपबाट रचियताको संगतिमा रहिरहनुपर्छ बुझ्यौं ? यो थाहा पाउनको लागि कि पुस्तकमा अब के हुन गइरहेको छ, भविष्यवक्ताबाट रचियताको उपस्थितिमा वस्नु पर्ने हो बुझ्यौ र भविष्यवक्ता लेखकसँग कलम हुन्थ्यो, र ऊ लेख्नको लागि कुनै पनि बेला तत्पर रहन्थ्यो, र ऊ रचियताबाट जो कि परमेश्वर हो, नियत रूपबाट संगति बनाइरहन्थ्यो, कि परमेश्वर जे सुकै लेख्नलाई भन्दछन् त्यसलाई कलमबद्ध गरी देओस। देख्यौ ? यसले यो दर्शाउछ कि उसको जीवन कस्तो प्रकारको हुनुपर्छ। आफ्ना सबै भाइहरूसँग उसको एउटा पृथक जीवन हुन्छ।

११२. अब यही कारण थियो कि भविष्यवक्ताको दिमाग निरन्तर त्यसैमाथि लागिरहन्थ्यो जो परमेश्वर भन्दथे, न कि मानिसके सोच्दछ, न कि जुन युग सोच्दछ, न कि जो गिरजा सोच्दछ, साम्राज्य के सोच्दछ, तर उसको दिमाग त्यसै माथि लागि रहनथ्यो जो परमेश्वर सोच्दथे। ऊ त केवल परमेश्वरको विचारहरूलाई वचनमा प्रकट गर्दछ, किन कि जब विचारलाई जाहेर या प्रकट गरिन्छ भने त्यो शब्द हुन्छ के, अब तपाईंले यसलाई बुझिसक्नु भएको छ। वचन त विचारको प्रकटीकरण हो, अत: भविष्यवक्ता परमेश्वरको विचारहरूलाई प्रतिक्षा गर्दछ र जब परमेश्वर आफ्नो विचारलाई प्रकट गर्दछन्, तब ऊ त्यसलाई वचनको रूपमा जाहेर गर्दछ, कि यहोवा यु (त्यसै) फर्माउँछ (भन्दछ) बुझ्यौ ? ऊ यो भन्दैन म भविष्यवक्ता भन्छु कि यहोवा यूँ (त्यसै फर्माउछ (गफलगाउँछ) देख्यौं ? यो सही कुरो हो।

११३. यही कारण थियो कि उनीहरूले राज्यहरूलाई र कलिसियायी काललाई। जब कि उनीहरूको दिनहरूमा यस्तो गर्दा मृत्यु दण्ड पाउदथे। को, राजाको अगाडि हिडेर जान्थ्यो, र उससँग भन्द थियो, कि यो यहोवा यू ( त्यसै) फरमाउ छ, नजानिदा नजानिदा घटना घटन गईरहेका छन्' यसो गर्नुको लागि आफ्नो टाउको कटवाई लिनु हुन्थ्यो। यसो गर्नको लागि गिरजा तिमीलाई ठीक अहिले मार्न लगाई दिने छ। परन्तु यी भविष्यवक्ता निर्भिक हुने गर्द थिए। किन ? किन कि उनीहरू आत्माले हिंडाए अनुसार हिड्द थिए- र यही कारण थियो कि उनीहरू निर्भिक हुने गर्दथे। उनीहरूले परमेश्वरको अचुक वचन लेखे।

११४. धेरै नै यस्ता भए जसले ती भविष्यवक्ताहरूको नक्कल गर्ने चेष्टा गरे; जस्तो पुरेत इत्यादीहरूले। र उनीहरूले के गरेका थिए ? उनीहरूले केवल गडबडी मात्र मच्चाएका थिए। उनीहरू यसलाई गर्न नै सक्दैन थिए, किन कि परमेश्वरले त त्यसलाई कालको निम्ति एउटा व्यक्तिलाई चुनेको थियो र त्यस कालको लागि एउटा सन्देश चुनिएको थियो, र यहाँसम्म कि त्यस व्यक्तिको प्रकृति, र त्यसकालमा के-के हुने छ ऊ के-के कुराहरू अगाडि लिएर आउनु सक्दछ ... परमेश्वरद्वारा नै बताइएको हुने गर्द थियो। परमेश्वर त्यस निदृष्टि व्यक्तिको स्वाभावको द्वारा अर्को मानिसहरूको आँखालाई अन्धो पार्न सक्दथियो। त्यो व्यक्ति जुन कुराहरूलाई भन्दछ र जो त्यो कार्य गर्दछ, उनीहरूको द्वारा केही मानिसहरू को आँखा अन्धो भई जान्छ र केहीको आँखा उग्रिन्छ। बुझ्यौ ? परमेश्वर त्यस व्यक्तिलाई त्यस्तै नै वेशभुषा लगाई दिन्छन् जसमा उनले हुनु थियो र उसको स्वभाव, अभिलाषा र सब थोक ठीक त्यस्तै नै हुन्छ जस्तो उसलाई हुनु थियो र परमेश्वर नै उसलाई पूरा सिद्धान्तको साथ ती निश्चित मानिसहरूको लागि तयार गर्दछ, जसलाई उसले निश्चित युगको लागि बोलाएको हुन्छ। जब कि अरू उभिन्छन र उसलाई हेर्दछन्, र भन्दछन् "ठीक छ, म होइन ....... सक्दछु ........ म होइन ......... सक्दछु।" तपाईले देख्नुभयो उनीहरूलाई अन्धो गरिदिएको थियो।

११५. र येशू पनि ठीक यस्तै भेषभुषामा आए अविनाशी परमेश्वर मानविय देहलाई लगाएर आए। उनी चरनी (चरण) (वस्तु चरने ठाउँ) (चौरी) मा जन्मीएका थिए, त्यस तवेला मा जन्मीएका थिए जसमा गोवर भरीएर रहेको थियो, त्यहाँ उसको टाउको राख्नको लागि कुनै ठाउँ थिएन। र उसलाई जन्मने वित्तिकै यो कुरो (अवजस) लागेको थियो कि यो नाजायज सन्तान हो। देख्यौ ? र यो सबै कुराहरू कि काठको काम गर्नेको छोरो जसले कुनै स्कूली शिक्षा पाएको छैन, जुन ऊ थियो कसरी हुन सक्छ- यी सबै कुरा उस सँग लागेको थिए। उसलाई यस संसारको उनयावी ज्ञानवाट केही पनि लिनु दिनु थिएन। उसलाई यस संसारको, सभ्यता, शिक्षा या अन्य कसैसँग केही पनि लिनु दिनु थिएन किन कि

उनी परमेश्वर थिए। यसले त वस उसको विरोध नै गर्ने छन्। के हुन्थ्यो, यदि ऊ कहीनिर कुनै धार्मिक मठमा जादो हो र ती कुराहरूलाई जान्ने (सिखने) मनमा जादो हो जो यी यी सांसारिक गिरजाहरूमा भई रहेका छन्, त्यसो भए ती उसको बुझाइसँग एकदमै मेल खांदैन थियो किन कि ऊ त परमेश्वर थियो। त्यसैले शिक्षा, विद्यालय, धार्मिक शिक्षण संस्थान इत्यादि पूर्णत: परमेश्वरको इच्छाको विरोधात्मक छ। यिनीहरू सबैले सबै वेलाहरूमा परमेश्वर भन्दा बाहीर नै शिक्षा दिएका छन्। जब म कुनै व्यक्तिलाई यो भन्दै गरेको सुन्दछु ऊ डाक्टर, पी.एच.डी. एल.डि. हो भने मलाई यस्तो लाग्छ, कि यी उपाधिहरूले नै उसलाई परमेश्वरसँग बाट यति नै टाढा गरी दिएको छ। बुझ्यौ ? उसले आफुले आफैंलाई यति शिक्षित गरेको छ कि ऊ त्यस कार्यबाट जसलाई गर्नको लागि ऊ वास्तवमा बोलाइएको थियो टाढा भएको छ। यो सही कुरो हो।

११६. अब यस माथि गौर गर्नुस कि, उनिहरू कसरी पवित्र आत्माद्वारा हिडाउँदथे। अब यसको यो अर्थ होइन कि शिक्षित व्यक्ति भित्र आउन सक्दैन। पावललाई हेर्नुस। म बुझ्दिन कि ती दिनहरूमा पावलभन्दा बढ्ता प्रविन बुद्धिवाला कुनै अर्को व्यक्ति होस्, जो कि तारसुसको शाउल थियो। उसले गैमेलियनबाट शिक्षा पाएको थियो, ऊ उसको दिनहरूको महानतम शिक्षक थियो, जो एउटा कट्टर यहूदी र नामधारी गिरजाको फरीसी थियो, र पावलले उसबाट शिक्षा-दिक्षा पाएको थियो। पावल सबै यहूदी धर्मको वारेमा जान्द थियो (थाहा पाउँथ्यो), तर जब ऊ कलीसियामा आयो तब उसले भन्यो, 'म तिमीसँग मनुष्यको ज्ञानको साथ आएको होइन, यदि म आएको भए तिमी उसैको विश्वास गर्नेथियौ। परन्तु म तिमी सँग पवित्र आत्माको समर्थन र प्रमाणको साथ आएको छु, ताकि तिम्रो विश्वास परमेश्वरमा होस्।' तपाईं यहाँ हुनु हुन्छ बुझ्नु भयो। यो सही कुरा हो। अनेकौंहरूले यी मानिसहरूको नक्कल गर्ने चेष्टा गरे, परन्तु उनिहरूले सबै गडवडी नै गरी सकेका (भताभुंग गरी सकेका) थिए जस्तो कि आज गर्दछन्।

११७. येशूको समय भन्दा पहिले एउटा देखापरेको अर्थात उभिएको थियो र उसले चार सय मानिसहरूलाई गुमराह ( ) गरिदिएको थियो। र तपाईंलाई थाहा छ कि पवित्र शास्त्र भन्दछ कि उनीहरूले समय भन्दा पहिले नै कार्य गर्ने यत्न गरेको थियो। र केहीले येशूको नक्कल गर्ने चेष्टा गरेका थिए र ती सबै यो, त्यो या अरू थिए। र उसले अन्तको दिनहरूको लागि भनेको थियो कि अन्तको दिनहरूमा कस्तो प्रकार झुठा मसिह र झुठा भविस्यवक्तामाथि आउने छन् र चिन्ह र आश्चर्य कर्म देखाउने छन् (देखाउलान) हामी सँग यहाँ त्यो सबै छ। बुझ्यौ ? परन्तु उनीहरू साँच्चोको अगाडी हिड्न पाउँदैन। यो उसलाई धेरै चम्किलो बनाउँछ, किन कि हामीसँग साँचो मसिह छन न कि झुठा।

११८. अब, हामी अनुभव गर्द छौं, त्यस पछि परमेश्वरले आफ्ना भविष्यवक्ता पठाएका थिए। परमेश्वरसँग मानिसहरू भए ठाउँमा (मानिसलाई) आफ्नो वचन पठाउनको लागि यही एउटा मात्र तरिका थियो उनी आफ्ना भविष्यवक्ताहरूको ओठहरूको द्वारा मानिसहरूलाई आफ्नो वचन पठाउँथ्यो। र तपाई ध्यान दिनुस्, मुसाले भनेको थियो .............. यदि तपाँइ यसलाई पढ्न चाहानु हुन्छ भने यो निर्गमनको चौथो अध्याय र १० वाँ र १२ वाँ पद छ। मूसाले भनेको थियो कि परमेश्वरले ऊ सँग कुरा गरेको छ। परमेश्वर मानिसबाट ओठहरूले कानमा कुरा गर्दछन्। मुसाले भनेका थिए, "म बोल्नमा निपूर्ण छुइन। म योग्य छुइन। म जान सक्दिन।"

११९. परमेश्रले भन्नु भयो, "कसले मानिसलाई बोलनेवाला या लाटो बनाएको छ ? कसले उसलाई देखन सक्ने या कसले उसलाई सुन्न सक्ने बनाएको हो ? के म परमेश्वर होइन ? म तेरो मुख सँगै हुने छु।" देख्यौ ?

१२०. र यर्मिया भन्दछन् ......... यदि तपाई यसलाई पढ्न चाहनुहुन्छ भने यो यर्मिया १:६ हो। यर्मियाले भन्यो, "परमेश्वरले मेरो मुख मा वचन हाली दिए। " देख्यौ ? उनले ओठबाट एउटा भविष्यवक्ताको कानमा कुराहरू गरे र त्यो अर्को भविष्यवक्तामार्फत बोल्यो। र भविष्यवक्ताको माथि आफ्नो कुनै नियन्त्रण थिएन, र परमेश्वर उसको ओठहरूको द्वारा बोल्द थियो। हो अँ, श्रीमान, तपाईलाई था छ परमेश्वर आफ्नो वचनलाई बोल्न लगाउन जान्दछन्

१२१. अतः तपाई देख्नुहुन्छ कि वाइवल परमेश्वरको वचन हो, न कि मानिसको वचन। मोसाले भनेको थियो, "परमेश्वर मसँग आवाजमा कुराहरू गरे, र मैले उनको कुरा सुने। जुन उनले भनेका थिए त्यो मैले लेखे। "

१२२. यर्मियाले भन्यो, "म एकदमै बोल्न सक्दिन र पहिलो कुरो तपाई जान्नुहुन्छ यो हो कि मेरो ओठहरू वोली रहेको थिए र म लेखिरहेको थिएँ।" परमेश्वरले उसको ओठहरूको द्वारा कुरा गरे र त्यो घटित भयो। दानियल, यशौया र अर्को ती सबै भविष्यवक्ताका ठीक एउटै जस्तै थिए।

१२३. तपाईलाई थाहा छ कि केवल पुराना नियममा नै ती भविष्यवक्ताहरूले दुई हजार भन्दा पनि धेरै पटक "यहोवा त्यतिकै कमाउँछ" अर्थात "यो यहोवाको वाणी हो" भन्यो। अब, यदि कुनै व्यक्ति "यहोवा त्यतिकै फर्माउँछ" वाला ( ) वचन भन्द छ भने यो त्यो व्यक्ति हुँदैन जो वोली रहेको हुन्छ। यदि ऊ आफै सँग नै भन्द छ भने ऊ भविष्यवक्ता हुने छैन, ऊ एउटा पाखण्डी हुनेछ। किन कि ऊ कदापी घटित हुने छैन। एक लाख पटक मध्येबाट एक पटक नै यस्तो हुन सक्दछ कि उसले

अनुमान लगाउन सकोस्। परन्तु यदि यो "यहोवा त्यसै फर्माउछ" वाला (खाले) वचन हो, भने यो प्रभु परमेश्वरले भनेका छन्। यदि म भन्द छु, "ओरमन नेविल त्यतिकै फर्माउदछ ......." मेरो भाई भन्द छन्, "श्रीमान, त्यतिकै फर्माउँछ, ......." यदि म भन्द छु "भाई वियले, त्यतिकै फर्माउँछ भने म उनीहरूमा (मध्यबाट) या उनीहरूमध्ये कुनै भाइको कुराहरू बोली रहेको छु जुन तपाइले भन्नु भएको छ। यदि म साँचो छु भने त्यही भनि रहेको छु, जुन उनिहरूले भनेका छन् र यी मानिस भविष्यवक्ता भएको हुनाले (नाताले) भन्दथे यो म होइन।" मेरो यससँग कुनै मतलब छैन, "यो यहोवा त्यतिकै फर्माउँछ, वाला वचन हो।" अतः वाइवल भविष्यवक्ताद्वारा बोलिएको "यहोवा त्यतिकै फर्माउछ" वाला वचन हो।

१२४. ध्यान दिनुस्। उनीहरूले मसीहको आत्मा आफु माथि लिएका थिए र ती घटनाहरूको भविष्यवाणी गरे जुन भविष्यमा घटित हुनु थियो। उनीहरूले भविष्यमा घटित हुनेवाला कुराहरू गरे। किनकि उनीहरू मसिहको आत्मामा हिंड्थे, बस्थे, उभिन्थे र मसीहको आत्मा उनीहरूमा हुन्थ्यो; अतः उनीहरू सबै धैरै मसिहको जस्तो व्यवहार गर्दथे, उनीहरूले भने कि आउनेवाला कालमा के के होला (हुनेछ) र जब पाठक यसलाई पढ्छन् भने उनीहरू सोच्दछन् कि यी भविष्यवक्ता आफ्नै बारेमा भनिरहेका छन्। तपाईंलाई थाहा होला त्यो बेला यशैया ५३ : १ पढिरहेको थियो, "उसलाई हाम्रो अपराधहरूको कारण घाइते गरियो; ऊ हाम्रो अधर्मको कामहरूको हेतु कुल्चियो, हाम्रो नै शान्तिको लागि ऊ माथि पऱ्यो र उनको कोराह खानाले हामी चंगा भएका थियौं।" त्यस कुजोले फिलीप्पुससँग सोधेको थियो, "भविष्यवक्ता यो कसको विषयमा भन्दछ, आफ्नो या कुनै अरूको विषयमा देख्यौ ? भविष्यवक्ता यस किसिमबाट बोल्द थियो कि मानौं यो उसैको लागि हो।

१२५. दाउदलाई हेर्नुस्, आत्मामा रोही रहेको छ, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तिमीले मलाई किन छाडिदिएका छौ ? मेरा हड्डीहरू.... उनीहरू मलाई आँखा तर्दछन्, (दाउद भन्दछ, उनीहरू मलाई) उनीहरू मेरा हात र मेरा खुट्टाहरू छेडिदिन्छन्। परन्तु तिमी मेरा प्राणलाई अधोलोकमा छोड्ने छैनौं; न त तिमी आफ्ना पवित्रजनलाई कुहिन दिनेछौं।" यो यस्तो छ मानौं जस्तो कि दाउद आफ्नो नै विषयमा पवित्र भएको नाताले बोलिरहेको होस्। यो त दाउदको पुत्र (son) थियो जसले आत्मिक विजलाई अंकुरित गऱ्यो जो आउनेवाला थियो। यद्यपि दाउद आफैमा (आफु नै) जंगली वीज थियो, परन्तु उसको भित्र गेहुँको वीज थियो। के तपाई यसलाई बुझ्नु भएको छ ? यसैले सम्पूर्ण बाइबल मनुष्यको वचन होइन, न यो मनुष्यको द्वारा लेखियो, न त मनुष्यद्वारा ल्याइयो, न त मनुष्यको द्वारा यसको खुलाशा हुन सक्दछ। यो

त परमेश्वरको वचन हो। जुन परमेश्वरको द्वारा नै प्रकट हुन्छ- स्वयं परमेश्वर नै आफ्नो अनुवादक हुन्। मसिह स्वयं आफ्नो नै वचनमा प्रकट भइरहेका छन्।

१२६. मसिहलाई हेर्नुस् जो पछाडि दाउदमा उभिएका छन्। दाउद अब सोच्न पनि सक्दैन। जस्तो कि थियो, उसको दिमाग आफूमा थिएन। र ऊ क्रुसमा माथि झुण्डिएको थियो, जस्तो तपाई यहाँ मूर्तिमा देख्नुहुन्छ। ऊ क्रुसमा झुण्डिएर कराइरहेको थियो, "हे मेरा खुदा: हे मेरा खुदा तिमीले मलाई किन छोडिदिएका छौ ? ओहो, मेरा हाडहरू, उनीहरू मलाई हेर्दछन् र निहाल्दछ्। उनीहरु मेरा हात र मेरा खुट्टा छेडदछन्। उनीहरूले मेरा करङ्ग।" देख्यौ ? "तँ म सँग किन टाढा भएका छौ ? वाशनका सारा साढेहरूले मलाई छेकेका (घेरेका) छन्, उनीहरू टाउको हल्लाउँदै भन्दछन्, अब हामी हेरौं कि ऊ यसलाई छोडाओस् (फुकाओस्)।" विल्कुल ठीक यही शब्द ऊ बोलिरहेको थियो। तपाई देख्नुहुन्छ कि जब परमेश्वर यस पृथ्वीमाथि प्रकट भए तब उनले ठीक यी नै शब्दहरूलाई बोल्यो जुन दाउदले बोलेको थियो। के तपाईले यसलाई बुझ्नु भयो ? अत: तपाई हेर्नुस्, यो मनुष्यको वचन होइन, यो परमेश्वरको वचन हो। यो दाउदमा परमेश्वर थिए। यो दाउद थिएन, उसलाई थाहा थिएन कि ऊ के भनिरहेको थियो, ऊ त केवल आत्मामा थियो। ठीक यस्तो नै मोसासँग थियो। ऊ यति धेरै आत्मामा थियो, कि ऊ त्यस आयम (      ) बाट बाहिर निस्किएको थियो। जसमा ऊ रहिरहेको थियो; र ऊ त्यहाँ बल्दै गरेको झाडिको आमु-सामु उभिएको थियो, र परमेश्वर स्वयं उसँग कुराहरू गरिरहेका थिए। परमेश्वरले उससँग भने, "आफ्ना जुत्ता फुकाल। जुन ठाउँमा तँ उभिएको छस् त्यो पवित्र हुन्छ।"

म कल्पना गर्दछु कि मोसा त्यहाँबाट गयो, तब उसले सोच्यो, "यो के भयो ? यो के घटित भयो ? यो के थियो ?"

परमेश्वरले उसँग भनेका थिए, "त मिश्रजा, म तँसँग हुनेछु।"

उसले भन्यो, "यो त मेरो लागि अत्यधिक वास्तविक हो, मैले जानुपर्दछ।" उसले आफ्नी पत्नी र केटाकेटी लियो जबकि आफ्ना बच्चाहरू लियो र आफ्नो हातमा आफ्नो लौरो लियो र ऊ मानिसहरूलाई छुटाउनको लागि मिश्र गयो। देख्यौ ? स्वयं परमेश्वर भविष्यवक्ताहरूको द्वारा कुराहरू गर्दछन्।

१२७. हेर्नुस्, उनीहरू वास्तवमा यिनीहरू भविष्यका थिएनन्, यो त परमेश्वर थिए; किन कि, भविष्यवक्ता आफूले आफैसँग ती कुराहरूलाई भन्न सक्दैन थिए। "हाम्रा कुराहरूलाई कसले विश्वास गरे ?" तपाई हेर्नुस् यो यैया भन्दछ, "हाम्रा कुराहरूलाई कसले विश्वास गरे ? को माथि यहोवाको भूजाबाट प्रकट भयो ? ऊ हाम्रो अगाडि बाच्छाको जस्तो

घुडसाल र (तबेलामा उभिने छ....” र कसरी ऊ....” परन्तु ऊ हाम्रै अपराधहरूको कारण घाइते बनाइयो, ऊ हाम्रो अधर्मको कामहरूको हेतु। हाम्रो नै शान्तिको लागि उसमाथि सजायँ (ताडना) पऱ्यो र उसले कोररा खाएकाले हामी निको भएका थियौं।” हामी त पहिले नै यस युगमा चंगा भएका थियौं र यशैया मसिह भन्दा आठ सय वर्ष पहिले दृष्टि गोचर भएको थियो बुझ्यौ ? उसले कोडा खानाले हामी चंगा भएका थियौं। यहाँनिर यो भूतकालमा छ। अहो, परमेश्वरको वचन कति सिद्ध छ। मानिसहरू यसमाथि विश्वास गर, केवल यही एउटा हो जसले तिमीलाई बचाउन सक्छ।

१२८. म यसको प्रवाह गर्दिन कि अन्य सबै वचन कतिको राम्रो ढंगबाट क्रमबद्ध छन्, उनीहरू कसरी आउँछन्, उनीहरू कुन नामधारी गिरजाबाट आउँदछन् या कतिको प्रविण-बुद्धिवाला मनुष्यबाट आउँछन्, त्यसलाई पूरा किसिमबाट नजरअन्दाज गर्नुपर्दछ यदि तपाई यस वचनको लेखलाई लेख्न चहानुहुन्छ, भने यो १:८ हो। पावल भन्दछ, “यद्यपि हामी या स्वर्गको कुनै स्वर्गदूत ( ) त्यस सुमाचारलाई जसलाई तिमीले सुनिसकेका छौ, कुनै अर्को सुसमाचार सुनाउँछ, भने त्यो स्रापित हो।” देख्यौ ? अर्को शब्दहरूमा, यदि कुनै दूत स्वर्गबाट तिमीसँग (तिमी भएको ठाउँ) आओस्-तेजोमयी, ज्योतिमयी दूत स्वर्गबाट आएर तिम्रो अगाडि उभियोस र ती कुराहरूलाई भनोस् जुन वचनका विरूद्ध छन् (भनोस्, बालकहरू त्यो यस दिनका लागि माछाका काँडाको समान हुनेछ, के यस्तो हुने छैन), तब तपाई उससँग भन्नुस्, “शैतान मबाट टाढा भै जा।” यो सही कुरो हो। यदि ऊ विशप होस्, यदि उ... ऊ जो सुकै पनि होस्, यदि ऊ बाइबलबाट शब्द-दर शब्द बोल्दैन भने, तपाई उसलाई कदाचित विश्वास नगर्नुस्। उसलाई ख्याल गर्नुस्, अहिले त ऊ तपाईलाई बादलसँग लैजाने छ, तर पछाडि ऊ तपाईलाई कुनै एक ठाउँमा फसाएर छाडिदिने छ। (राखिदिने छ) जब तपाई देख्नुहुन्छ कि बाइबल एउटा कुरो भन्छ, र ऊ त्यसलाई छाडिदिन्छ, भने तपाई उसलाई तुरून्त त्यहीनिर रोक्नुस्। देख्यौ, ठीक यस्तो नै उसले हवासँग पनि गरेको थियो। ऊ उससँग आयो (उ भएठाउँ आयो) र उसले सबथोक ठीक-ठीक भन्यो।” ऊ परमेश्वरले यो भनेका थिए। ठीक छ हव्वा। आमिनः ! हामी मिलेर त्यसको विश्वास गर्दछौं।”

“ए परमेश्वरले यो भनेका थिए, ”

“आमीन ! हामी मिलेर त्यसलाई विश्वास गर्दछौं।”

“परमेश्वरले यो भनेका थिए।”

“निश्चय नै, हामी उसलाई विश्वास गर्दछौं।”

ठीक छ, परन्तु परमेश्वरले भनेका थिए, “हामी मर्ने छौं।”

१२९. "अच्छा अब, तिमीलाई थाहा छ, ऊ असल परमेश्वर हुन् ।" उनले यो भनेका थिएनन् कि उसलाई पत्ता लाग्ने छैन (भेट्टाउने छैन) ।" परन्तु निश्यच नै...." ओहो ! ऊ त्यहाँ छ र यदि यस्तो धूर्त थियो, र बाइबल बताउँछन् कि यी अन्तका दिनहरूमा यदि हुन सक्छ भने ती चुनिएकाहरूलाई । साथीहरू आज हामीलाई कहाँ हुनु पर्ने । अब सन्डे स्कुलका यिन साना-साना पाठ हाम्रो हृदयमा रहिरहनुपर्दछ (बसिरहनुपर्छ) ताकि हामी हेर्न सकौं.... हामीले यिनलाई सारै नै ध्यानपूर्वक सुन्नुपर्छ र हेर्नुपर्छ कि त्यो कति कपटपूर्ण कुरो हो ।

१३०. ध्यान रहोस् कि हामीले कुनै अर्को व्यक्तिको कुराहरू सुन्नु हुँदैन । हामीलाई यसको प्रवाह छैन कि त्यो कति तेज (धारीलो) कति शिक्षित छ । पवित्रशास्त्र नीति वचनमा भन्दछ कि हामीले तर्क गर्नु हुँदैन । बुझ्यौ ? अब यहाँ यस अर्को आयाम या भागमा तपाईको शरीरको अघिल्लो भागमा तपाईको देख्ने, चाख्ने, स्पर्श गर्ने र सुन्ने चेतनाहरू हुन्छन्, यी तपाईका शरीरको बाहिरी क्षेत्रमा हुन्छन् । भित्री देहमा या शरीरको भित्री भागमा आत्मा हुन्छ, जसमा तर्क-वितर्क र विचार इत्यादि, "अब पर्ख, के परमेश्वर भला (भलाद्मी) छन्..." र आज हामीलाई सारै धेरै भनिन्छ कि उनी भलाद्मी छन्" यदि उनी भलादमी छन् भने, के म निष्कपट छु या म साँच्चो छु । यद्यपि म पवित्रशास्त्रमा हेर्न (देख्न) सक्दिन कि यो ठीक छ, जब कि त्यही हो, यदि म साँच्चो छु, भने म बच्ने छु । तपाई नाश हुनुहुनेछ ।

१३१. आज हाम्रो राष्ट्रसँग यही मामला छ । यसको कारण यो हो कि आज हाम्रो तल यस पृथ्वी माथि धेरै नै कमीहरू पाइन्छन् । जसको कारण दंड सारै कठोर छ । यदि कुनै पुरूष कुनै अर्काकी पत्नीसँग भाग्दै गरेको बेला पक्डिएको थियो भने ती दुवैलाई जनताको अगाडि ल्याएर जनताकै अगाडि बंध्याकरण गरेर छोडिदिनुपर्छ । यो सही कुरो हो । यदि कुनै व्यक्ति सडकमा केही गल्ती गर्दै गरेको बेला पक्डी थियो भने यदि उसले तीब्र गतिले बाहन हाँकिरहेको छ भने उसलाई दश वर्षभन्दा कम सजायँ पाउनु हुँदैन... । ऊ पूर्व संकल्पित हत्यारा हो । देख्यौ ? तपाई उनीहरूलाई यस्तै प्रकारको सजायँ (दण्ड) दिनुस् तब मात्रै तपाई उनीहरूलाई दवाउन सक्नुहुनेछ । परन्तु कुनै भ्रष्ट राजनीतिज्ञ यसलाई सुनेर धम्क्याउँदै भन्दछ, "उसले अलिकता पिएको थियो, ऊ थियो-उसले यो जानिबुझिकन गरेको होइन..." र उनीहरूले चाहे कुनै

इन्सानलाई; कसैको पत्नीलाई मारिदिउन् र र आफ्नो लागि फेरि पनि ती सबै निर्दोष हुलको माझमा नै रहन्छन् (बस्छन्) र यी आवारा किसिमका मानिसहरूलाई यस्तो नै गर्न छोडिदिइयोस्। ओहो यो राजनीति हो। यो दुनियाँ हो, यो शैतान हो।

१३४. परमेश्वरले भनेका थिए, यदि कुनै स्त्री या पुरूष व्यभिचार गर्दै गरेको बेला पक्रिए भने उनीहरूलाई बाहिर निकालियोस् र ढुंगा प्रहार गरेर मारियोस् र बस मामला यहीं खत्तम भई जान्छ बुझ्यौ ? यदि कुनैको दिन केटीलाई उठाउँदै गरेको बेला पक्डिइन्थ्यो भने उसको लागि पनि यही थियो कि उसमाथि गरियोस्। उनीहरू यसप्रकारले बाँच्दथे। र यसबेला हेर्नुस्; आज हामीसँग यसप्रकारको कानुन छैन। परन्तु यो कलिसिया हो। जसबाट म यस बिहान बोलिरहेको छु। मसिहीहरू, परमेश्वरको व्यवस्थातर्फको हृदयमा छन्। बुझ्यौ ? यो तपाईका हृदयमा छ। यसको विरूद्धमा केही गर्नलाई तपाइमा अभिलाषा हुँदैन। तपाई पूरा सिद्धताको साथ परमेश्वरको व्यवस्थालाई पालन गर्न चाहनुहुन्छ। यसबाट कुनै मतलव छैन कि यो के हो, तपाई त केवल त्यो हुन चाहनुहुन्छ जो... यदि परमेश्वर घरमा एउटा खुट्टो दिन चाहन्छ। यदि परमेश्वर चाहन्छ कि तपाई ढोका (आँगन घर) को पाउदान बनोस् भने तपाई त्यही नै बन्नको लागि अत्याधिक प्रसन्न हुनुहुन्छ। बुझ्यौ ? जेसुकै (जे जति) परमेश्वर तपाईसँग गराउन चाहनुहुन्छ, तपाई त्यसैलाई गर्न चाहनुहुन्छ, किन कि उनी परमेश्वर हुन्। यही नै हो त्यो जहाँनिर तपाई वास्तवमा, परमेश्वरको लागि आफ्नो वास्तविक, विसुद्ध साँच्चो प्रेम पाउनुहुन्छ।

१३५. अब हामी हेर्दछौं कि यदि कुनै दूत ती कुराहरूलाई छाडेर जुन बाइबलमा पहिले नै भनिएको छ; कुनै अरू नै कुराहरूलाई प्रचार गर्दछ भने ऊ स्रापित छ। कसैले यसो गर्न सक्दैन, यिनीहरू त बिलकुल ठीक यसै रितीबाट नै पर्छ जस्तो कि भनिएको थियो।

१३६. र फेरि हामी प्रकाशित वाक्य २२:१८ र १९ मा पढ्दछौं, "यदि कुनै मनुष्य यसमा एउटा शब्द पनि जोडोस या यसभित्रबाट एउटा शब्द पनि निकाल्यौ भने परमेश्वरको भाग जीवनको पुस्तकभित्रबाट निकाली दिनेछ।" यो साँचो हो। परमेश्वर उसको भाग निकालिदिने छन्, चाहे ऊ सेवक नै किन नहोस्, या चाहे ऊ जोसुकै पनि होस् र उसको वचन उसको नाम जीवनको पुस्तकमा लेखेको छ। परमेश्वर भन्दछन्, "यदि

ऊ यसमा एक शब्द पनि जोडोस् या यसबाट एक शब्द पनि निकाल्यो भने म उसको नाम यसबाट मेटाई दिनेछु। यो सही कुरो हो।" यसप्रकारले अचुक परमेश्वरले आफ्नो वचन बनाएका छन्। बुझ्यौ ? तपाई गिरजामा मिलाइसक्नुहुन्छ या चर्चबाट निकाल्न सक्नुहुन्छ परन्तु तपाई यसमा (वचनमा) न केही जोड्नुस् या न केही निकाल्नुस्; किन कि परमेश्वर तपाईको नाम जीवनको पुस्तकबाट निकाली दिनेछ र तब यो तव तपाई समाप्त हुनुहुन्छ बुझ्यौ ? तपाई यसबाट केही झिक्न सक्नुहुन्छ र न केही यसबाट निकाल्न सक्नुहुन्छ। यो त्यस्तै नै रहनेछ जस्तो छ.....

१३७. यसलाई कुनै अनुवादकको आवश्यकता छैन, किन कि बाइबल भन्दछ कि परमेश्वर स्वयं बाइबलको व्याख्या गरिरहेका छन्। पतरसले भनेको थियो; "यसको कुनै व्यक्तिगत व्याख्यान छैन। यो सही कुरो हो।

१३८. र सारा पवित्रशास्त्र दिव्यरूपबाट दिइयो, दिव्यस्वरूपबाट क्रमबद्ध गरियो र यसका सबै कुराहरू मसिहको प्रकाशन हो। नयाँ र पुराना नियम जहाँ उनको आगमनको विषयमा भविष्यवाणी गर्दछन्, जब ऊ त्यहाँ हुने छ, भने उसले के गर्ने छ, र ऊ यस युगमा आउनेवाला छ को (भन्ने) विषयमा बताउँदछन्..... भने यसले उसलाई (येशूमसिहलाई) हिजो, आज र युगानुयुग एउटै जस्तो बनाउँछन्। बुझ्यौ ? जस्तो हिब्रुहरूमा पावलले यसलाई त्यतिबेला लेखेको थियो। येशूमसिह नै त्यो परमेश्वर हो जुन पुरानो नियममा छन्। ऊ आज येशूमसिह हो जो देहमा प्रकट भएर युगानुयुगको लागि आत्मामा येशूमसिह छन् (देख्यौ, बुझ्यौ)। ऊ हिजो, आज र युगानुयुग एक जस्तो (उस्तै) छन्। ऊ आफ्नो वचनलाई जीवन्त बनाउनको लागि युगानुयुग जीवित रहन्छ न कि जुन उनले भनेका थिए ऊ त्यस युगको लागि होइन। उनी जीवित छन्। उनी पुरानो नियममा जीवित थिए र प्रकट भएका थिए।

१३९. जब पुराना नियममा येशू Theophany मा एउटा व्यक्ति मिलकिसिदेकमा प्रकट भएको थियो भने याजक पदमा होइन वरण एउटा व्यक्ति अर्थात् एउटा पुरूषमा प्रकट भएको थियो। बुझयौ ? किन कि यस व्यक्तिले अहिलेसम्म जन्म लिएको थिएन, परन्तु त्यो Theophany मा थियो; यसैले न उसको पिता थियो, न उसको आमा थिइन्। उनी स्वयं परमेश्वर थियो। उनी एउटा मानिसको रूपमा प्रकट भएका थिए, शालोमको राजा भनिएको थियो जो कि शान्तिको राजा हो

र धार्मिकताको राजा हो। देख्यौ ? ऊ मिलकिसिदेक थियो। उसको न त पिता थियो न त आमा नै, न येशू थिए जुन Theopany मा एउटा मनुष्यको रूपमा थियो। के तपाई यसलाई बुझ्नुहुन्छ ? ठीक छ।

१४०. यसपछि ऊ वास्तवमा मानविय जीउ (देह) मा आए, र स्वयं येशूमसिह एक व्यक्तिको रूपमा हामी माझ (बीच) डेरा गरे उनले कुमारी मरियमबाट जन्म लिए। उनी यस्तो स्वरूपमा आए कि मर्न सके र फर्किएर स्वर्गमा गए। अब यी अन्तका दिनहरूको लागि उनले प्रतिज्ञा गरेका छन् कि उनी स्वयंलाई पुनः परिपूर्णतामा प्रकट गर्ने छ- उनी स्वयं आफ्नो आत्मा देहको द्वारा पुनः प्रकट गर्ने छ।

१४१. जस्तो सदोमका दिनमा भएको थियो, त्यस्तै नै मानिसको पुत्र आउने दिनहरूमा पनि हुनेछ। अब सदोमलाई हेर्नुस, ऊ कस्तो थियो, उसमा के भएको थियो। र आज मसिह आफ्नो कलिसियाको दैहिक (देहरूपी) रूपमा प्रकट भएको छ (बुझ्यौ ?) र ठीक यीनै कामहरूलाई गरिरहेको छ जुन सबै समय (बेला) मा उसले गरेको थियो। र आज पृथ्वीमाथि उसले आफूलाई मानवीय देहहरूमा प्रकट गरेको छ- ऊ हाम्रो देह (जिउ) हरूमा जसलाई उसले बोलाएको छ प्रकट भएको छ र उसले ठीक यीनै कामहरूलाई गरेको छ जुन पूर्व युगमा र त्यस बेलामा उसले गरेका थिए जब ऊ स्वयं यस पृथ्वीमा देहमा थियो। र ऊ आज ठीक तिनै कामहरूलाई गरिरहेको छ, किन कि परमेश्वरले पूर्व युगमा बाउ-बाजेहरूले भविष्यवक्ताहरूद्वारा कुराहरू गरे, परन्तु अन्तका दिनहरूमा आफ्ना पुत्र येशूमसिहको द्वारा कुराहरू गरे। पुत्र अन्तका दिनहरूमा प्रकट भएको छ , परमेश्वर मानविय देह (जिउ) मा प्रकट भएको छ- सादोमको नाश भन्दा पहिले : अन्य जातिका संसारको नाश हुनुभन्दा पहिले तयारी गरिरहेको छ। के तपाई यो देख्नुहुन्छ ? तीन प्रकटिकरण छन्।

१४२. अब जुन अगाडिको कुरो हुन्छ, त्यो येशूमसिहको शारिरीक रूपमा आगमन माथि हुन्छ, जब सबै केही दुलहन र देहलाई एउटा व्यक्ति येशूमसिहमा समेटिन्छ। यसप्रकार येशूमसिहको तीन आगमन हुन्छन्- ऊ पृथ्वीमाथि ल्याइयो, मारियो, क्रुसमा चढाइयो, बाँचे, स्वयमलाई आफ्नो देहको रूपमा प्रकट गरे जो कि उसकी दुलहन एउटी स्त्री हो। के तपाईले यसलाई बुझी सक्नुभयो ? त्यो उसको देहको भाग हो। र स्त्री र पुरूष मिलेर एक अर्काका यति समानतामा हुन्छन् कि उनीहरू

*लगभग* एउटै जस्तै हुन्छन्- उनीहरूले यस्तो कुनै तरहबाट हुनु नै छ। ठीक यस्तै नै हो। बुझ्यौ ? उनीहरू एकदमै एक जस्तो नै प्रकट भएका हुन्। उनी उसको भाग हुन, किन कि उनी उसबाट निकालिएकी थिइन् र आज दुलहन मसिहको देहभित्रबाट निकालिएकी छिन्, जो एकदमै त्यस्तै कार्य गरिरहेकी छिन् जस्तो उसले भनेको थियो कि दुलहन गर्ने छिन् दुलहन रानी हुन र ऊ राजा हो।

ठीक छ, अब हामीलाई अवेर भइरहेको छ। अत: हामीले छिटो गर्नुपर्ने छ र छिट्टै यसलाई पूरा गर्नु पर्ने छ। ठीक छ हैन।

१४३. सम्पूर्ण पवित्रशास्त्र येशूमसिहको पूर्ण प्रकाशन हो र उसले स्वयं आफूलाई रहेक युगमा प्रकट गरेको छ। उसले लूथरको दिनहरूमा आफूले आफैलाई को जस्तै कलीसियाका खुट्टाको रूपमा प्रकट गरे जसरी उसले राजा नबूकदनेस्सरको बेलामा गरेको थियो। के तपाइलाई थाहा छ कसरी उसले ती सपनाहरूलाई देखेको थियो। त्यो सपना टाउको देखि लिएर खुट्टासम्म तल देखिएको थियो देख्यौ ? अब ऊ खुट्टाबाट माथि आउँछ देख्यौ ? उसले बाबुलको राज्यमा उसले पुराना नियमहरूका पवित्र शास्त्रहरूलाई देखाएको थियो। ऊ शिरदेखि लिएर तलसम्म आयो जबसम्म कि स्वयं परमेश्वर त्यस सिडीको खुट्टासम्म आएर देह बनेन (न बनुन्ज्याल) अब यस नयाँ नियममा फेरि पनि आफूलाई फिर्ता ल्याइरहेको छ- ऊ फेरि पनि आफूलाई शिरतिर, सुनको शिरतिर ल्याइरहेको छ, जसलाई ताज (श्रीपेच) लगाई दिनुछ। बुझ्यौ ? हेर्नुस, के तपाई यसलाई बुझी सक्नु भएको छ ? हेर्नुस् परमेश्वर आदि (सुरू) मा थिए, र उसले भविष्यवक्ताहरूको द्वारा आउन जारी राखे, जबसम्म कि त्यो खुदा स्वयं हामी जस्तै मनुष्य बनेनन् ऊ सढी अर्थात भर्‍याङको फेदसम्म आइपुग्यो। एउटा बालकको रूपमा चरनी (चौरमा) जन्मियो। उसलाई घृणा गरियो, उसलाई ठुकरायियो, उसलाई तिरस्कार गरियो र बदनाम गरियो र उससँग सबथोक भयो। यसपछि उसले बढ्न सुरू गर्‍यो (बुझ्यौ ?) र फेरि पनि उसले खुट्टाबाट कलीसिया बनाउन आरम्भ गर्‍यो, त्यो दुलहन फर्किएर आउँदै गरिरहेकी छिन् र जब उनी टाकुरोको पत्थर (ढुंगो) भएतिर आइरहेकी छिन जहाँ उनी उससँग जोडिन्छन् (गाँसिन्छिन्) र येशूमसिहको एउटा महान रूपान्तरित देह (शरीर) बन्दछिन् (बनिन्छिन्)।

१४४. परमेश्वर प्रत्येक युगमा त्यो प्रतिज्ञा गरिएको वचनको द्वारा जुन त्यस युगको लागि थियो, प्रकट भएको छ। अब जब कि हामी यी अन्तिम शब्दहरूलाई समापन गरिरहेका छौं। आउनुहोस् हामी आजको लागि गरिएका उसका केही वादाहरूलाई हेरौं।

१४५. अब परमेश्वर आफूले आफैलाई साँझको बेलाको उज्यालो (प्रकाश) मा प्रकट गरिरहेका छन्।

१४६. आउनुहोस्, अब हामी हेर्दछौं। तपाई हेर्नुहुन्छ..... मसँग यहाँनिर वचनहरूलाई एउटा धेरै लेखिएको राखेको छ- जस्तो कि तपाई हेर्न सक्नुहुन्छ यहाँ यस पृष्ठमा (माथि) कति सारा वचन लेखिएका छन्, परन्तु बाह्र बज्नमा मात्र पन्ध्र मिनट बाँकी छ। म बाहिर निस्कन चाहन्छु, र यस बिहान बोल्नलाई मेरो स्वर धोधो भएको छैन। कहिले कही यी वाता अनुकूलहरूले मेरो स्वर (गला) नराम्रो गरी धोधो हुने गर्दछ। अतः यसैले भाइ नेविल.... के तपाई आज राति केही गर्न गइरहनु भएको छैन ? (भाइ बहिनी भाइ नेविलसँग कुरा गर्दछन्- सम्पा) ठीक छ, कुनै अर्को दिन मलाई चुरोटको एक प्याकेट जंगलमा फ्याँकिएको भेटाएको थिए र परमेश्वरको रक्षाले मलाई आज रातिको लागि चुरोटको प्याकेट (बट्टा) को द्वारा एउटा सन्देश पाएको थिएँ (बुझ्यौ) यसैले यहाँनिर मसँग यी वचनका लेख छन् र म सारै ढिलो गर्न चाहन्न ताकि तपाई फिर्ता आउन सक्नुस्। चुरोटको बट्टा बोलिरहेको थियो। यो सही कुरो हो।

१४७. मैले जंगल हुँदै तल आउन आरम्भ गरेको थिएँ र त्यहाँनिर चुरोटको एउटा बट्टा फ्याँकिएको थियो। र मैले अलिकति अगाडि बढें, मैले सोचें, "अच्छा (ए), म भन्दा अगाडि आएको छ।"

र कसैले मसँग भन्यो, "पछाडि फर्किएर त्यसलाई उठा (टिप)।"

मैले विचार गरें, "म चुरोटको बट्टा टिपु, यो मेरो लागि होइन।"

कसैले भन्यो, पछाडि फर्की र चुरोटको बट्टा टिप (उठा)। म तल गएँ, त्यहाँ एउटा पुरानो खाली बट्टा (प्याकेट) थियो, र मैले केही देखेको थिएँ। यदि परमेश्वरको इच्छा भयो भने आज राति म यसको विषयमा भन्ने छु। ठीक छ।

१४८. अब हामी केही छिनको लागि साँझको प्रकाशको विषयमा बोल्न गइरहेका छु। पवित्रशास्त्र भविष्यवाणी गर्दछ कि अन्तको बेलामा एउटा यस्तो समय आउनेछ जब सूर्य बाहिर निस्केर आउनेछ र साँझको उज्यालो हुनेछ। हामी सबै यो थाहा पाउँछौं, के हामीलाई थाहा छैन ? हामी-हामी जुन आजको आफ्नो-आफ्नो सन्देशबाट जो प्रभु येशूको तर्फबाट आइरहेका छौं, परिचित छौं, हामी विश्वास गर्दछौं कि साँझको उज्यालो हुनेछ। र यो साँझको उज्यालो.... एउटा महान उज्यालो हुनेछ। जब स्वयं येशू यस पृथ्वीमाथि प्रकट हुनेछन् या आकाशमा जब ऊ आफ्नी दुलहीलाई लैजाने छ र तब मिलेनियम आरम्भ हुनेछ।

१४९. तर हाम्रो अगाडि एउटा सारै नै भयानक समय छ जुन पहिले कहिलै मनुष्य जातिको अगाडि आएको छैन। म त्यस घडीको प्रतिक्षा गरिरहेको छु, जुनसुकै बेला जब हामीबाट हुन सक्नेछ..... जब हर एकलाई यो अवसर मिल्दछ कि तपाई आफ्नो कामहरूबाट मुक्त हुनुस् र केही दिन कतै बिताउनुस् र तब हामी कतै व्यवस्था गर्न सक्दछौं, जहाँ म ती विपत्तिहरूको विषयमा र ती कुराहरूको माथि बोलूँ जुन अन्तको दिनहरूमा हुनेवाला छ। यदि प्रभु मलाई यसो गर्नको लागि जीवित राख्दछन् र मलाई प्रेरणा दिन्छन् भने म यी कुराहरू माथि दुई या ती सप्ताहाहरूको लागि बोलूँला र उनीहरूलाई एक साथ (सँगै) क्रमबद्ध गरूँला तब तपाई देख्नु हुनेछ कि कसरी ती कुराहरू र गर्जन हुने छन्, तब तपाई थाहा पाउनु हुनेछ कि मनुष्य र ती मानिसहरू कसको विषयमा सपना देखिरहेका छन् र ती सबै कुराहरू थाहा पाउने छन् जो घटित हुने छ। बुझ्यौ ? तपाई गौर गर्नुस् कि ती महान गर्जन- जो आसमान (आकाश) मा भयो त्यसले के प्रकट गरेको थियो। अब वास्तवमा तपाईको पूरा झुण्ड (हुल) मलाई थाहा छ कि तपाईलाई थाहा छ त्यो क्या हो- त्यसको के मतलव हो। बुझ्यौ ? ..... परन्तु हामी समय (बेला) आउँदासम्म प्रतिक्षा गरौं (के तपाईले बुझ्नु भयो.... त्यसको लागि ..... ? र यो समयमा नै हुनेछ।

१५०. अब... हामी यहाँनिर वचनका यी लेखहरू भित्रबाट केहीलाई पढ्न गइरहेका छौं। अब साँझको उज्यालोलाई आउनेमा.... अब हामी देख्दछौं कि यो ठीक त्यही उज्यालो हुनुपर्छ किन कि यस्तो हुँदैन कि एउटा सूर्य बिहान हुनछ र अर्को सूर्य दिउँसोलाई हुन्छ। एउटै सूर्य हुन्छ जुन सूर्य दिउँसोलाई हुन्छ ठीक त्यही सूर्य बिहान हुन्छ, जुन दिउँसो हुन्छ त्यही नै

बिहान हुन्छ । अब यो भनिएको छ कि यो दिन आफूमा आफै यस्तो दिन हो- यो दिनको बीचको दिन समयको जस्तो हुनेछ जब न त अँध्यारो हुन्छ, त्यसलाई न त दिन न त रात भन्न सकिने छ, त्यो दिन र रातको बीचको समय हुनेछ । देख्यौ, यो देहको स्वरूपको बन्नु छ । जुन खुट्टा भन्दा माथितिर निर्मित भइरहेको छ ।

१५१. जब ऊ यस पृथ्वीमा थियो भने त्यो उज्यालोको समानतामा थियो । यसपछि उसलाई मारिदियो । र जब मसिहको नाममा साँचा मानिसहरूलाई शहीद गरिंदै थियो । तब कलिसियाले त्यसको स्थान लियो र कलिसिया अँध्यारो काल (समय) हुँदै गई उसको अरु अवस्थाले निर्मित भएर अगाडि बढ्न आरम्भ गऱ्यो । अब दृष्टि कहाँबट आयो ? सिरको टुप्पी (चोटी) बाट । नकुवकदनेस्सरको त्यस दर्शन माथि ध्यान दिनुस् ? उसले अन्य जातिका युगको आरम्भदेखि तल जाँदै गरेको हेर्नुस, यो भन्दा पहिलो कि उनीहरूको लागि रगत बगाइन्थ्यो, र प्रायश्चित गरिन्थ्यो । उनीहरू त त्यसको लागि धर्म परिवर्तक थिए । परन्तु ध्यान दिनोस् ऊ प्रतिरूपमा तल अझ तल अझै तल गयो (बुझ्यौ ?) र एकदमै तल आइपुग्यो, यस पछाडि उसले माथि आउन आरम्भ गऱ्यो । कलीसिया खुट्टाले फर्किएर आई; तथा अझै माथि आइरहेकी छे । अब यो सिरको समयमा छ ।

१५२. अब उज्यालो माथि गौर गर्नुस्.... तपाई आफ्नो हातले हेर्न सक्नुहुन्न, यद्यपि यी तपाईका अंग हुन् । यद्यपि कानले सुन्दछ, तापनि तपाई कानले हेर्न सक्नुहुन्न (देख्न सक्नुहुन्न) यद्यपि तपाई नाकले सुँघन सक्नुहुन्छ, (सुग्नुहुन्छ), तापनि तपाई नाकबाट देख्न सक्नुहुन्न । तपाई ओठहरूले देख्न सक्नुहुन्न, यद्यपि यो बोल्दछ । बुझ्यौ ? यो पेन्टीकोस्टल युग थियो । परन्तु जब तपाई आँखाको समयमा हुनुहुन्छ र तपाई देखिरहनु भएको छ । बुझ्नु भयो ? अब हेर्नुस् कि आँखा भन्दा माथि कुनै संवेदनशील अंग छ । के ठीक होइन ? यस पछि बुद्धिमत्ता हो जो कि स्वयं मसिह हुन, जसले सम्पूर्ण शरीरलाई नियन्त्रण गर्दछन् । बुझ्यौ? यसपछि हल्लने र डुल्नेवाला कुनै अंग छैन । जब तपाई आफ्नो खुट्टा नियन्त्रणमा राख्नुहन्छ, भने तपाई आफ्नो खुट्टाहरूमा आफ्ना मांसपेशीहरूलाई चलाउनुहुन्छ, तपाई आँखासम्म सबथोक हल्लाउन सक्नुहुनछ, तपाई आफ्नो कानहरू हल्लाउनुहुन्छ, तपाई आफ्नो कान, नाकलाई आफ्नो ओठ इत्यादिलाई हत्लाउन सक्नुहुन्छ, तर तपाईको

केही पनि यस्तो छैन, जसले हरकत (बदमासी) गर्न सकोस्, यही कारण हो कि उनीहरू यस कुराको दावा गर्दछन् कि इन्सान छिट्टै खुइले भई जान्छ, किन कि कपालहरूमा या खोपडीमा मांसपेशीहरूको विकास गर्नको लागि कुनै हुँदैन, बुझ्‍यौ ? र कपालहरूमा कोशिकाहरूको समूह पाइदैन जसबाट रूधिन् तिनीहरूसम्म जान (पुग्न) सकोस्। यद्यपि कपाल (केश) का जराहरू रूधिर जीवित रहन्छन्, परन्तु रूधिर र त्यहाँ माथिसम्म सरंचित हुँदैन, त्यो तिनीहरूमा माथिसम्म जाँदैन। र अब तपाई त्यस अंगलाई हेर्नुहुन्छ (के तपाई देख्नुहुन्छ? )... आँखा कुनै गतिशिल अंग छैन।

१५३. आउनुस् अब हामी हेरौं, लगभग मध्य दिनको समय उज्यालो हुनेछ। प्रकाश या उज्यालो के को लागि पठाइन्छ ? ताकि तपाई देख्न (हेर्न) सक्नुस् कि तपाई कहाँ हुनुहुन्छ र चारै तिर कसरी हिंड्नुपर्छ। के यो ठीक हैन ? हेर्नुस कि तपाई कहाँनिर हुनुहुन्छ। साँझको बेला उज्यालो हुनेछ।

१५४. अब, आउनुस्, हामी यसलाई लिएर यसको तुलना मलाकि चारसँग गरौं। उसले प्रतिज्ञा गरेको छ कि साँझको बेला फेरि उज्यालो हुने छ, बुझ्‍यौ ? "देख्यौ, म तिमीसँग एलिथ्याह नबिलाई पठाउने छु, र उसले बालकहरूको मनहरूलाई पितापुर्खातर्फ पिताको मन बालकहरूको तिर बदली दिने छ कतै यस्तो नहोस् कि आएर रक्तपातले पृथ्वीलाई सत्यानाश गरूँ।"

१५५. अब आउनुहोस्, हामी युहन्ना- या सन्त लूका १७:३० लिउँ र हेर्दछौं कि येशूले त्यहाँनिर के भविष्यवाणी गरेका थिए, ऊ यहाँनिर यो भनिरहेको छ, "जस्तो सादोमको दिनहरूमा थियो त्यस्तै नै हुनेछ....." र स्मरण रहोस्...... गौर गर्नुहोस्। यो त्यसबेलाको लागि हो जब मनुष्यको पुत्र प्रकट हुनेछ- यस्तो मनुष्यको पुत्रलाई प्रकट हुनुपर्ने समय हुनुपर्छ। अब, सादोमलाई जलाउने भन्दा केही अघि नै मानिसको पुत्र त्यहाँनिर वास्तवमा भौतिक रूपमा प्रकट भएको थियो। अब, त्यो व्यक्ति एलोहीम (Elohim) थियो। उनी परमेश्वर थिए र येशू नै परमेश्वर हुन्। र परमेश्वर मात्र केही समयको लागि त्यस जाँच पडतालिय न्यायको दौरान अब्राहीमसँग कुरा गर्नको लागि भौतिक रूपमा प्रकट भएका थिए। मनुष्यको पुत्र प्रकट भएको थियो, ऊ मनुष्यको पुत्र ऐलोहीम थियो। के, कलिसिया, तँ यसलाई देख्दछस् ? मनुष्यको पुत्र; ऐलोह्मि:

मात्र केही मिनटको लागि प्रकट भएको थियो र त्यसको ठीक अघिल्लो दिन सादोम डढाइदिएको थियो। यस्तो कहिले हुने छ ? यो भन्दा पहिले कि सूर्य दोहऱ्याएर माथि आओस्। अतः कुनै पनि संख्या बच्न (रहन) सक्दैन। न त तिनमा अगाडि अरू कुनै विकास हुन सक्दछ, यसपछि के हुन गइरहेको छ। यो भदा पहिले कि नयाँ दिन निस्कोस यी संस्थाहरू डडाइने छन् (दिइने छन्)। देशभरिका बेद्दारी पूरा नै भइसकेको छ। यसपछि कुनै अरू बेदारी हुनेवाला छैन। त्यो छाइनेवाला ठूलो बेदारी मानिसहरूको एक साथ (सँगै) जमघटन हुन सक्छ, तर मेरो तात्पर्य आत्मिक वेदारी हो। हामीले यि सबैलाई देखिसकेका छौं। म आशा गर्दछु कि तपाईले यसलाई बुझिरहनु भएको छ, बुझ्यौ ? बेदारी समाप्त भइसकेको छ। केही समय पहिले एउटा भलो सेवकले मसँग भन्यो, "भाई ब्रान्हाम, काश मेरो मनमा परमेश्वरलाई आनन्द रहोस्।"

१५६. मैले भनें, "प्रभुको प्रकटीकरण पूरा भइसकेको छ।" बुझ्यौ ? अब डुँगा (नाव) लाई स्थिर गर्नेवाला सामाग्रीहरू राखी सकिएको छ। हाम्रो अगाडि भयंकर प्रचण्ड जलधाराहरू छन्, परन्तु हामीलाई थाहा छ कि यिन् लहरहरूको पारी हामी किनार (छेउ) को नजिक आइरहेका छौं। बुझ्यौ? हामी किनारको नजिक पुगिरहेका छौं। केवल स्थिति बनिरहोस्। वचनमा स्थिर बनिरहुँ। यसको कुनै मतलव छैन कि तपाई के अनुभव गर्नुहुन्छ, तथा क़स्ता कस्ता कुराहरू भइरहेका छन्, तपाई वचनमा स्थिर वा अडिग बनिरहनुस्। तपाई त्यसैमा स्थिर बनिरहनुस्। जब तपाई यी पुराना बाक्लो बादलहरूलाई हाम्रो चारैतिर देखिरहेका छौं, र हुरीहरूलाई आउँदै गरेको र परमाणु वमहरूलाई र सबै चिजहरूलाई, जसको विषयमा उनीहरू कुरा गरिरहेका छन् देख्नुहुन्छ, परन्तु........। जब प्रभु भन्नुहुन्छ कि यो यहाँ हुनेछ र हामी तिनीहरूमा हर एकलाई परास्त दिनेछौं। हजुर हो (अँ) हामी सबैको माथि निस्कने छौं। अँ हो निश्चय नै। उनीहरू हामीलाई डुवाउन सक्दैनन; उनीहरू हामीलाई जलमग्न गर्न सक्दैनन्। तपाई हामीलाई चिहानमा हालिदिनुस्, हामी फेरि बाहिर निस्केर आउने छौं। अब केवल यही हुनु छ। संसारमा कुनै पनि यस्तो विधि छैन कि यसलाई तल दवाएर (गाडेर) राख्न सकोस्। हामी यि सबैलाई कुल्ची दिनेछौं, किन कि हाम्रो मुख्य कप्तान हामीलाई अर्को छेउतिर बोलाइरहेको छ।

हामीले येशूमा आफ्नो लंगर अडाएका छौं,

जीवनको तुफान (आँधी) मा आक्रमण गर्नेछु

मैले येशूमा आफ्नो लंगर अडाएको छु,

म लहर (भेल)सँग, आँधिबेहरीहरूसँग भएभित हुने छुइन.....

१५७. चाहे यो जेसुकै होस्, आउन दिनुस्, जेसुकै पनि होस्, जे जेसुकै होला, हामीलाई त्यसले कुनै फरक पर्दैन, हामी त येशूमा स्थिर बनिसकेका छौ। यदि म बाँचे भने म परमेश्वरको महिमाको लागि बाँच्ने छु, यदि म मर्ने छु भने परमेश्वरको महिमाको लागि मर्ने छु। म म केवल यही चाहन्छु..... जुन म गर्न चाहन्छु, त्यो यो हो कि म केवल परमेश्वरको महिमा गरूँ। जब यो भइजान्छ, भने म यहाँ रहन (बस्न) चाहन्छु। म त त्यहाँ जान चाहन्छु- आफ्नो इनाम पाउनको लागि जसलाई उसले मेरो लागि किनेको छ, जसलाई मैले कमाएको होइन, बरन, जसलाई उसले मेरो लागि किनेको छ, जसलाई ऊ आफ्नो अनुग्रहको द्वारा मलाई दिन्छ।

१५८. अतः हामी यहाँनिर बेलुकाको उज्यालो देख्दछौ। यदि तपाईसँग यो हेर्नको लागि आँखाहरू छैनन् कि यसमा कसरी जानुछ भने त्यस उज्यालोको के लाभ हुनेछ (होला) ? बेलुकाको उज्यालो के हो ? उज्यालो कुनै चिजलाई प्रकट गर्नको लागि आउँदछ। के यो ठीक होइन ? यदि यहाँनिर केही छ भने तपाई त्यसलाई अनुभव गरिरहनु भएको छ, र तपाई योसम्म (बुझ्न) सक्नुहुन्न कि अन्धकारमा के छ, तब (त्यसो भए) तपाई लाइट बाल्नुस्। यो प्रकाशित गर्नको लागि हो। मलाकी ४ के गर्नको लागि हो ? बुझ्यौ ? ठीक त्यही काम गर्नको लागि। सात मोहरहरूलाई खुलाउनु के गर्नको लागि थियो ? किन यी सारा नामधारी गिरजाहरू यस विषयमा हिचकिच्याउँछन्..... ? यो प्रकट गर्नको लागि हो; उधृत गर्नको लागि हो। यदि तपाईसँग आँखै छैन भने प्रकट गर्नाले के लाभ छ। यसलाई हेर्नको लागि; सर्वप्रथम आँखा हुनुपर्छ। यो ठीक छ छैन ? मलाकी ४ लाई प्रकट गर्नको लागि सन्त लूका १७:३० लाई प्रकट गर्नको लागि, सन्त युहन्ना १४:१२ प्रकट गर्नको लागिः युहन्ना १५:२४ लाई पनि प्रकट गर्नको लागिः प्रकाशित वाक्य १०:१-७ लाई पनि प्रकट गर्नको लागि, सात मोहरलाई खुलासा गर्नको लागि र सातवटा दूतको सन्देशलाई खुलाशा गर्नको लागि साँझ (बेलुका) को उज्यालो आउँछ।

१५९. अब, यदि मनुष्य... लौदीकिया कालमा मानिस के हुन् ? नाङ्गा । उनीहरू, के हुन ? अन्धा । उज्यालोले एउटा अन्धो व्यक्तिलाई के असल (भलो) गर्न सक्दछ ? यदि एउटा अन्धाले अन्धालाई बाटो देखायो भने, के ती दुवै खाल्डोमा खस्दैनन ? उनीहरू नागो, अन्धो छन् र यो थाहा पनि पाउँदैनन् । यहाँसम्म कि उनीहरूको दिमागी संवेदना पनि गइसकेको छ, उनीहरूको मस्तिष्कको संवेदना आत्मिक समभ्फ खतम भइसकेको छ । देख्यौ ? ती अभिमानी, घमण्डी, परमेश्वरसँग धेरै सुख-विलाशलाई चाहने वाला, अंसमयी, भ्फूठो दोष लगाउनेवाला, असयमी र असलका वैरी हुन्, उनीहर भक्तिको भेष धारण गर्दछन्, परन्तु उसको शक्तिलाई इन्कार गर्दछन् (प्रकाशनको सामर्थ्यमा उनीहरू विश्वाससम्म गर्दैन देख्यौ ?) उनीहरू भविष्यवक्ता जस्तो चीजमा विश्वास गर्दैनन । उनीहरू विश्वास या कुनै संस्था हो, जब ऊ पहिलो पटक आएको थियो तब ऊ मनुष्य थियो । जब ऊ दोब्बर भएर आयो तब ऊ एउटा मनुष्य थियो । जब ऊ युहन्ना वपतिस्मा दिनेवालाको रूपमा आयो तब ऊ एउटा मनुष्य थियो । बुभ्फ्यौ ? अन्तका दिनहरूमा जब बेलुकाको उज्यालो चम्किन आरम्भ हुनेछ, तब आँखाहरू खुल्ने छन् र तपाई देख्नु हुनेछ कि तपाई कहाँ गइरहनु भएको छ । तब पहिले नै पूरा शरीर बनिसकेको छ, ऊ आफ्नै खुट्टामा उभिएकी छः ऊ हरकत (बदमासी) गरिरहेकी छ के ? ठीक त्यही पवित्र आत्मा शरीरमा गति गरिरहेको छ । यो देह पवित्र आत्माबाट परिपूर्ण छ, र पवित्र आत्मामा हिंडद्छ र हरेक नामधारी गिरजाहरूबाट हरेक सजातियबाट, भाषा र मानिसहरूबाट बाहिर छ ।

१६०. एउटी युवती यहाँ छ, ऊ यस संस्थाकी सदस्य होइन, (यो संस्था)- ऊ यस मण्डलीकी हो । ऊ त्यहाँनिर कहिंबाट आएकी हो र ऊ यस बिहान यहाँ आएकी हो, त्यसलाई (त्यसले) त्यहाँ एउटा तस्वीर भेट्टाएकी थिई । उसले त्यो तस्वीर मेरो छोरालाई दिएको थिई, म त्यसलाई हेरेर सारै आश्चर्यचकित थिएँ । मलाई थाहा थिएन कि उसले यसको विषयमा कहिले सुनेको छ । या छैन । मलाई थाहा छैन । उससँग परमेश्वरको त्यस दूतको तस्वीर थियो जुन सात कलीसिया कालहरू- सात मोहरहरूको खुलासाको समयमा त्यहाँ थियो । तब यस्तो भएको थियो तब, उससँग भनियो, “पछाडि फर्किएर हेर ।” र उसले हेऱ्यो कि ऊ सपनामा आकाशमा उभिएकी छ । र उसले त्यहाँ पछाडि फर्किएर हेऱ्यो र उसले देख्यो कि कुनै सफेद (सेतो) बस्त्रमा उसको अगाडि पछाडि हिंडिरहेको छ । उसले भन्यो कि, “भाई ब्रान्हाम, त्यो तपाई हुनुहुन्थ्यो ।

र भन्यो, "त्यहाँ एउटा भिड थियो, तपाईको पछाडि विभिन्न रंगहरूका बैनर लिएर, जोर्जिया, एलवामा, सबै विभिन्न ठाउँका मानिस थिए, जो अगाडि बढ्दै माथि त्यसतिर आइरहेका थिए, जहाँ दर्शनमा मसिह प्रकट भइरहेका थिए, ओहो; हालिलूय्याह। हामी अन्तका दिनहरूमा छौ, र दिनका अन्तिम घण्टाहरूमा छौं।

१६१. के : अब तपाई उसलाई उसको वचनमा देख्नुहुन्छ र उसको सम्पूर्ण वचन यहाँ हाम्रो सम्मुख प्रकट भएको छ। ओहो, जिवितै परमेश्वरको कलीसिया, तिमी आफ्नो खुट्टामाथि उभिऔं र तपाईभित्र जे जस्तो छ, त्यसको द्वारा उसलाई विश्वास गर। त्यस पाग्रालाई पकड त्यसलाई माझमा पडक र आफ्नो हर एक काम र आफ्नो हरकत जुन तिमी गर्दछौं, त्यसलाई स्थिर गर्न देउ। तपाई भित्र जति पनि विचारहरू छन्, हुन पाउन (सकुन्) कि उनीहरू त्यसको सामर्थ्यको द्वारा नियन्त्रित होस्, किन कि यसबेलाको आफ्नो वचनमा, साँझको समयको प्रकाशमा जो आफ्नो उज्यालो प्रकट गरिरहेको छ, परमेश्वर प्रज्ज्वल छन्।

१६२. चमेरोको अन्धोपना... तपाई उज्यालो गरिदिनुस् चमेरो यति अन्धो हुने छ कि उड्न सक्ने छैन। ठूलो, लाटोकोसेरो (उल्लु), रातिमा परिभ्रम गर्ने वाला सबै जन्तु र यसैप्रकारका साना माछाहरू र यि सबै जन्तुहरू दिनको समयमा हेर्न (देख्न) सक्दैनन्। उनीहरूलाई थाहा हुँदैन कि यी सबै के हुन्। उनीहरू देख्न सक्दैनन्। र बेलुकाको उज्यालो आइसकेको छ। हर दृष्टान्त जहाँ केही हामी बाइबलको प्रकृतिमा जान्छौं, त्यो मूर्ति जुन दानियलले देख्यो र त्यस बेलाका राजा, र त्यो सबैथोक जुन उनीहरूले देखेका थिए र ती सबै कुरा प्रत्येक हर एक प्रकारले, हर गति, शरीरको हरेक स्थान, निर्धारित अवस्था, हामीलाई यो दर्शाउँछ कि हामी कुन समयमा रहिरहेका छौं। यो भन्दा अगाडि अरू कुनै हरकत आउन सक्दैन। हातको हरकत प्रेम थियो जुन कि बैसलीको बेला थियो। बुनियादको एउटा वहाव थियो जुन लुथरको बेला थियो (समय) थियो। प्रेमको.... यसको यो भन्दा बढेर अरू कुनै वहाव थिएन, यो कहलायिएको थियो, वैसलीको वहाव उनीहरूले सारा विश्वमा मिशनरिहरूलाई पठाए। यो त्यो महानतम वहाव थियो जुन त्यस युग भन्दा पहिले नै गरिएको थियो। यसपछि पेन्टीकास्टल युग आयो, तब विभिन्न अंगुली (औंला) आएर र अरू अंग आए। यो पन्टीकास्टल युग मुख, नाक र आदि आदिको युग थियो। अब यो युग आँखाहरूको हो।

तपाईलाई आँखाको या प्रकाशको के आवश्यकता भयो। जब कि तपाईसँग हेर्नको लागि दृष्टि नै छैन भने। हेर्नको लागि सर्वप्रथम आँखा हुनुपर्छ। र जब ऊ आउँछ, भने उसले सात मोहरहरूलाई उघार्दछ र उसले साँझको उज्यालो प्रकट गऱ्यो, ती सबै भेदहरूलाई लियो जुन यी कलिसियाली कालमा गुप्त थिए र अब उनीहरूलाई उसले त्यसरी नै खोलेको छ, जसरी उसले प्रकाशित वाक्य १०:७ मा खोल्ने प्रतिज्ञा गरेको थियो। आज हामी यहाँनिर वचनको बाध्य, विद्यमान छौ र हामीमाथि येशूमसिहको द्वारा वचन प्रकट भएको छ। अतः यो परमेश्वरको वचन हो।

१६३. र उसका मान्छे भएका नाताले हामीले यसलाई सम्झाउनको लागि लेखक सँगसँगै हिंड्नुपर्छ, ताकि यो प्रकट होस। ओहो प्रभु तिमीसँग मैले गर्नको लागि के छ ? के मैले बाहिर आएर सुसमाचारको प्रचार गर्नुपर्छ या म घरमै बसुँ। यसबाट कुनै मतलव छैन कि यो के हो। के मेरो एउटी असल पत्नी हुनुपर्छ... के मेरो एउटी असल आमा हुनुपर्छ.... के मैले यो, त्यो या अन्य केही गर्नुपर्छ, यो जेसुकै पनि छ.... के मैले किसान हुनुपर्छ.... के मैले यो चाहे जेसुकै पनि छ: प्रभु तपाई मलाई के गराउनुहुन्छ ?"

के यो शाउल थिएन जुन यो कराएर उठेको थियो, "प्रभु, मैले गर्नको लागि के छ ?" ऊ आफ्नो बाटोमा गइरहेको थियो, ताकि सबै (पूरा) कलिसियालाई जेलमा (कैद) मा हालिदेओस्, परन्त तब ऊ यसरी चिच्याएको थियो, "प्रभु मैले गर्नको लागि के छ ? जब उज्यालो महान आगाको स्तम्भको रूपमा उसको अगाडि बस्यो, तब ऊ चिच्याएर उठेको थियो, "प्रभु मलाई गर्नको लागि के छ।

१६५. म विचार गर्दछु कि यसलाई समापन गर्दै यो वचन भन्नु राम्रो हुन्छ, "प्रभु मैले गर्नको लागि के छ ?" अब मैले यस वचनलाई यति सिद्धतासँग ठीक यसबेला प्रकट हुँदै गरेको देखेको छु, भने प्रभु मैले गर्नको लागि तपाईसँग के छ ?

१६६. आउनुहोस्, हामी हाम्रो टाउकोलाई निहुऱ्याउँ। यहाँनिर म हर एकसँग भन्दछु कि उसले यसबेला आफ्नो हृदयलाई जाँचोस् र यो प्रश्न सोधोस्, "प्रभु मलाई गर्नको लागि तपाईसँग के छ ?" र तपाईहरू जो अहिले पनि टेलिफोनहरूको तारहरूबाट यसलाई सुनिरहनु भएको छ, तपाई

आफ्नो टाउकोहरूलाई निहुऱ्याउनुस् र सोध्नुस्, "प्रभु तपाईसँग मैले गर्नको लागि के छर ? हामी देखिरहेका छौं कि हामी अन्तिम दिनहरूमा छौं र अन्तिम क्षणहरूमा हाम्रो अगाडि यसलाई अत्याधिक सिद्धताको साथ अत्याधिक साधारण ढंगले (बाट) प्रकट गरिएको छ। प्रभु तपाईसँग मसँग गर्नको लागि के छ ?"

१६७. र प्यारा प्रभु, जब कि यी मानिस तपाईसँग यो सवाल सोधिरहेका छन्, म स्वयं तपाईसँग यो सोध्दछु, "प्रभु तपाई मसँग के गराउन चाहनुहुन्छ, जस्तो कि म महसुस गर्दछु कि प्रत्येक दिन यसको लागि गरिनुपर्दछ। र म प्रर्थाना गर्दछु कि तपाई मेरो सहायता गर्नु हुने छ कि म प्रत्येक दिन यसप्रकार व्यतित गरूँ कि त्यो तपाईको सम्मान र महिमाको लागि गनियोस्। म तपाईसँग प्रार्थना गर्दछु जब हामी आफ्नो हृदयहरूलाई जाँचिरहेका छौं; प्रभु तपाई मसँग के गर्न चाहनुहुन्छ; तपाई ती सबैलाई सहायता गर्नुहोस् जो सारा देशभरि छन् जो यहाँ यस आराधनालयमा छन्। प्रभु, म तपाईको राज्य र तपाईको पक्षलाई अगाडि बढाउनको लागि के गर्न सक्दछु। प्रभु, यो प्रदान गर्नुहोस्। हामीलाई हाम्रो हृदयलाई जाँच्नुहोस् र तौल्नुहोस्। प्रभु, यदि हामीमा कुनै अधर्म स्वार्थ, गलत ध्येय या उद्देश्य पाइन्छ, भने हे प्रभु तपाई हामीलाई आफ्ना पुत्र, येशू मसिहको रगतले शुद्ध गर्नुहोस्... जसको मृत्युको प्रायश्चितलाई र उसको पुनरूत्थानलाई हामी नम्रतापूर्वक ग्रहण गर्दछौं र यो विश्वास गरेपछि कि उसले यसो गरेको थियो, न्यायोचित ठहरिएर, हामी प्रसन्नतापूर्वक उद्धारको त्यस योजनालाई, जसलाई तपाईले हामीलाई प्रदान गर्नु भएको छ, ग्रहन गर्दछौं। पिता, हामी तपाइलाई यस दिनको सन्देशको लागि, जसलाई हामी विश्वास गर्दछौं, जसमा हामी स्थिर छौं, ( रहन्छौं)। जसलाई हामी चिन्दछौं, र विश्वास गर्दछौं कि यो तपाईको वचन हो र तपाईको सन्देश हो, धन्यवाद गर्छौं। अरू मानसिहरूसँग छुट्टिनको लागि होइन बरू अझै धेरै येशूमसिहको समान बन्नको लागि, जो कि हाम्रा आदर्श छन्, हामी प्रयत्न गर्दछौं।

१६८. प्यारा प्रभु ! यहाँनिर रूमाल राखिएका छन् र सबै ठाउँ विमारी छन्। र प्रभु, म प्रार्थना गर्दछु कि तपाई हाम्रो सहायता गर्नु हुनेछ। सामर्थ्यको लागि हामी तपाईतिर निहाल्दछौं। प्यारा, प्रभु तपाईले हाम्रा सारै धेरै सहायता गर्नु भएको छ।

१६९. कुनै अर्को दिन, जब म भाई बैंकस बुडसँग जंगलमा घुमिरहेको थिएँ, र विचार गरिरहेको थिएँ, जब चिकित्सकहरूले.... उसको हृदयको हालत यति खराव (नाजुक) थियो कि ऊ सारै मुस्किलसँग नै हिंड्न सक्दथ्यो। तब यो सोच्नु (सोंचू) कि कसरी मैले.... त्यस दर्शनको कुरो गरें, "मलाई एउटा सिंह भेट्टाउनु पर्ने। मैले त्यस सिंहलाई मरिरहेको देख्नुपर्ने, "म ती पहाडहरूमा (माथि) हिंडन सारै कममात्र जान्द थिएँ। र यसपछि त्यहाँबाट तल आउँदै गर्दा र ट्यूसानमा फरस कैपेटरीयामा उभिएपछि र उसको लुगाहरू खकुला भएका तथा उसका निदाउरा आँखा देखेर मैले भनें, "प्रभु, यदि तपाई देखाउन सक्नुहुन्छ कि कहाँनिर सिंह छ तब (भने) तपाई भाइको विषयमा पनि देखाउन सक्नुहुन्छ।"

र यसपछि यो आयो, "आफ्नो हात उसमाथि राख।" र त्यो आज यहाँ छ, हाम्रो भाई बैंकस फेरि बलियो भएको छ, र तल माथि ती पहाडहरूमा दौडन्छ। प्यारा प्रभु, हामी तपाईमा कति धन्यवादित छौं। तपाई हामी सबैको लागि ठीक त्यही परमेश्वर हुनुहुन्छ। जुन तपाई भाई बढ्को लागि हुनुहुन्थ्यो। मलाई थाहा छ, तपाई उससँग प्रेम गर्नुहुन्छ, किन कि ऊ तपाईको साँचो र निस्कपट सेवक हो।

१७०. र प्यारा प्रभु, म प्रार्थना गर्दछु कि तपाई हामीहरूमध्ये सबैसँग कुराकानी गर्नुहोस् र हाम्रा अपराधहरूलाई क्षमा गर्नुहोस्, हाम्रो शरीरको विमारीहरूलाई निको पार्नुहोस् र दिन प्रतिदिन हामीलाई आफ्नो समानतामा बनाई राख्नुहोस् (बनाउँदै जानुहोस्)। प्रभु, यसलाई प्रदान गर्नुहोस्। म विश्वास गर्दछु कि तपाईले प्रत्येकको हृदयलाई जाँच्नु भएको छ र हामीलाई थाहा छ कि के गर्नुछ अब हामी तपाईसँग (येशू) को नाममा माग्दछौं कि हामीलाई आशीषित गर्नुहोस्। आमीन।

१७१. र जब कि हामीले टाउकोलाई निहुऱ्याएका छौं ? के यहाँनिर उपस्थित छ या टेलिफोनमा राष्ट्रमा कही पनि जो यो चाहन्छ, जब कि तपाई प्रार्थना गरिरहनु भएको छ र आफ्नो शिर निहुँऱ्याईरहनु भएको छ, यसबेला तपाई आफ्नो हात परमेश्वरतर्फ उठाउनुहोस्। तपाई केवल आफसे आफ हातलाई परमेश्वरकोतिर उठाउनुहोस् र भन्नुहोस्, "प्रभु, मलाई येशूको जस्तै (समान) बनाइ दिनुस्। म चाहन्छु कि म येशूको अभै समान बन्न सकुँ (बनु)।" परमेश्वर तपाईलाई आशिषित गरून्। यहाँबाट बाहिर पूरा राष्ट्रमा सबैतिर हात उठिरहेका छन् एउटा बलियो समूह छ। मेरो पनि हात माथि उठेको छ। "म उसको जस्तै समान

बन्न चाहन्छु। प्रभु, मलाई जाच्नुहोस् र हेर्नुहोस् कि के म मा कुनै खरावी (नराम्रोपना) छ, त्यसलाई बाहिर निकालिदिनुहोस्। म चाहन्छु के......" हामी यहाँनिर धेरै समय (पहिले)देखि छौं, तापनि हामीले यहाँबाट जानुछ- यसबाट कुनै मतलव छैन कि तपाई को हुनुहुन्छ, त्यति अमिर (धनी) कति गरिव, कति जवान, (तन्नेरी) कति बूढो हुनुहुन्छ।

१७२. हिजो राति गरिब मानिसहरूको एउटा समूहमा पहाडमाथि-पहाडको दरारमा उभिएको थियो। त्यहाँ एउटा सानो परिवार थियो। मैले त्यहाँ एउटा मानिससँग धेरै बेरसम्म परमेश्वरको बारेमा (विषयमा) कुराकानी गरेको थिएँ। उसकी पत्नी, ऊ र उसका सात या आठ साना-साना केटाकेटी पनि तल आएका थिए। ऊ स्वयं पातलो-दुब्लो व्यक्ति हो र दुई डलर प्रति दिनमा काम गर्ने कोशिश गर्दछ। र एउटा व्यक्तिले उसलाई आफ्नो झुप्रो वस्त्रको लागि दिएको थियो। उसकी पत्नी अब एउटा अर्को बालकलाई जन्म दिनेवाला थिई (गर्भवती) थिई, र उससँग चाक्लो धारको एउटा बन्चरो थियो, जसले ऊ काठ काटिरहेकी थिई, र त्यो काठ काटेर तल झारिरहेकी थिई। उसको एउटा काखमा बच्चा थियो र अर्कोतिरबाट ऊ हाँगो तानिरहेकी थिई ताकि उसबाट काँडाहरू; र त्यो गुसवरी (Blackberries) भाडोमा जम्मा गरिरहेकी थिई ताकि शरद ऋतुमा भोकबाट बाँच्न सकियोस। ओहो, हामीलाई त्यसको लागि कति दुःख लाग्यो, भाईबुड र मैले एउटा ट्रेक ल्यायौं र उसको लागि थुप्रै काठहरू काटेर ल्यायौं। त्यो आइमाई त्यहाँ उभिएर सारै, असजिलो मानिरहेकी थिई। मलाई त्यसको लागि दुःखको अनुभव भयो र हामी उनीहरूको लागि प्रार्थना गर्दैरह्यौं।

१७३. र उसका साना केटाकेटीलाई छारे रोग (भिर्गी) थियो। हामी उसकहाँ गयौं र उसका साना केटाकेटीहरूको लागि प्रार्थना गऱ्यौं र परमेश्वरले उनीहरूलाई निको (चंगा) पार्नुभयो। कुनै दिन उसको पतिलाई हर्निया भएको थियो र गए..... मैले उससँग कुरा गरें। उनीहरू दुवै धुम्रपान गर्द थिए। ऊ तमाखु (तम्बाखु) को सेवन गर्द थिई र उसको पति पनि तमाखुको सेवन गर्दथ्यो। उनीहरू साधारण पहाडे मानिस थिए। र तब मैले उनीहरूसँग यसको विषयमा कुराहरू गर्न जारी राखें र हिजो बिहान जब म दिउँसोको समय त्यहाँ गएँ त ती दुवै आफ्ना दुवै हातहरू जोड्दै हिंडेर आएँ, र भनें "भाई विली, म बदलिएको छु, उसले भन्यो, "म आफ्नो अन्तिम चुरोट ‌‌फ्याँकिसकेको छु र अब प्रभुको तिर छु।"

उसकी पत्नीले भनी, “मैले पनि आफ्नो अन्तिम चुरोट पिइसकेकी छु ।” ओहो विउ रोप । म प्रभु जसले सिंचेका छन्....., मैले यसलाई दिन र रात सिंचेको सिंचाई गरें) छु ताकि कसले यसलाई मेरो हातबाट खोस्न नसकोस् ।”

१७४. ओहो, प्रभु म प्रार्थना गर्दछु कि तपाई हामीमाथि करूणामय हुनुस् र हामीलाई हाम्रो दृश्यको अभिलाषा प्रदान गर्नुस् किन कि आफ्नो हृदयमा हामी यो चाहन्छौं कि हामी तपाईको सेवकाई गरूँ । अब, प्रभु र यिनीहरू जहाँ सुकै पनि छन्, यिनीहरू तपाईका हातमा छन् । यिनीहरू तपाईका केटाकेटी हुन्, प्रभु तपाई यिनीहरूबाट तपाई करूणाको अनुसार व्यवहार गर्नुहोस्, न कि न्यायमा परन्तु करूणामा व्यवहार गर्नुहोस्, हामी यसलाई येशूको नाममा माग्दछौं । आमीन !

१७५. के तपाई उससँग प्रेम गर्नुहुन्छ ? आफ्नो सम्पूर्ण हृदयबाट (ले) ... अब जसको यो रूमाल छ उनीहरू यसलाई लिन सक्दछन् । म सोच्दछु कि अब हाम्रो सभाहरू सात बजे भन्दा अलिकता पहिले या त्यति नै बेलामा आरम्भ हुन्छ । भाई नेविल केही बेरपछि यसको उद्घोषणा गर्ने छन् कि सभा कहिले आरम्भ हुनेछ र ? र मेरो अनुमान छ, के यस बिहान: कुनै वपतिस्मा हुनेछ ? पानी तयार छ- यदि यहाँनिर कुनै यस्तो छ र यसले अहिलेसम्म येशू मसिहको नाममा ववपतिस्मा लिएको छैन किन निश्चित रूपबाट छ वपतिस्माको कार्य पानी तयार छ ।

१७६. हामी सबै सेवक बन्धुहरूको प्रसंसा गर्दछौं । म हेर्दछु भाई.... कस्तो प्रकारले तपाईको सभा ठीक (राम्रो) चल्यो ? भाई परनैल, भाई मार्टिन, ओहो, उनीहरू कति यहाँ छन् भाई वियले... ओहो, सबै ठाउँ सेवकगण छन् । यहाँ उपस्थित हुनको लागि रं वचनको चारैतिर हामीबाट संगति गर्नको लागि, हामी निश्चयनै तपाईको सरहना गर्दछौं ।

१७७. हुन सक्दछ कि तपाई यसमाथि मसँग पूरा किसिमले सहमत नहुनु होला । म तपाईसँग भन्दिन कि तपाई मसँग सहमत हुनुस् । के तपाईले बुझ्नुभयो ? म तपाईसँग केवल एउटा कुरो भन्दछु कि तपाई यसमाथि विचार गर्नुहोस् । तपाई जुन मलाई भन्नुहुन्छ । म त्यसमाथि विश्वास गर्दछु । यदि कुनै सेवक टेप लैजान्छन् र भन्दछन्, म यसबाट असमत छु.... ।” ठीक छ मेरा भाई, हुन सक्छ कि तपाई भेडाहरूको ....... तपाई उनीहरूलाई जे मन लाग्छ खुआउनुहोस् । म यथासम्भव प्रयत्न

गर्दछु कि जुन मानिसहरूलाई परमेश्वरको लागि मेरो हातमा जिम्मा लगाएका छन्, म तिनीहरूको लागि वचनमा बनिरहूँ (अडिरहूँ) किन कि भेडाहरू, भेडाकै वचन चाहन्छन्) । निश्चय नै, मेरा भेडा मेरो शब्द सुन्दछ ।" र यही हो त्यो ..... हामी परमेश्वरको मुखबाट निस्कनेवाला हर एक वचनबाट जीवित रहन्छौं.... सबै होइन.... अहिले अनि पछि (तव) केवल एउटै वचन होइन, तर हर एक त्यस वचनबाट जुन परमेश्वरको वचनबाट निस्कन्छ । यही हो त्यो जसको द्वारा सन्तहरूले जीवित रहनुपर्छ ।

आउनुहोस्, अब हामी आफ्नो खुट्टामा उभिऔं । जब कि हामीले आफ्ना टाउकाहरू निहुराएका छौं... भाई नेविल, के तपाई केही भन्न चाहनुहुन्छ? हेर्नुहोस्, भाई मान ? ठीक छ ।

के सबै हाम्रो अनुभव गरिरहनु भएको छ, भने भन्नुहोस्, "आमीन" (मण्डली भन्दछ । "आमीन"-सम्पा) आउनुहोस्, अब हामी आफ्नो शिरलाई निहुऱ्याउँ म वियलेसँग भन्ने छु के उनीहरू यहाँ हुँदै माथि आउने छन्- या आउन सक्दछन् । यदि भाई ली वियले तपाई यहाँ आउन सक्नुहुन्छ, यदि तपाई आउन सक्नुहुन्छ...

भाई ली वियले यहाँनिर हाम्रो त्यो भाइ छ जो किताबहरूलाई लेख्दछन् । र अब उनी सात कलिसियायी कालका (समयका) पुस्तक तयार गरिरहेका छन् र सात छाप को लागि पुस्तकको कार्य गरिरहेका छन् । र हामी आशा गर्दछौं कि उनी छिट्टै आउने छन् । ठीक छ, भाई ली वियले परमेश्वर तपाइलाई आशिषित गरून् ।

समाप्त

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org